# त्रिवेणी गाउँपालिकाको १० वर्षे शिक्षा क्षेत्र योजना
## (२०८१ -२०९०)
## (प्रथम संशोधन २०८१)



त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा,
लुहाम, सल्यान
२०८१

**संरक्षक**

श्री खिम बहादुर रावत, अध्यक्ष
श्री सिता खड्का पुन, उपाध्यक्ष
श्री खुम बहादुर के.सी., प्रमुख प्रशासकीय अधिकृत

**योजना निर्माण कार्यदल**

संयोजकः श्री गणेश आचार्य, शिक्षा अधिकृत, शिक्षा, युवा तथा खेलकुद शाखा
सदस्यः श्री टोप बहादुर नेपाली, प्राविधिक सहायक, शिक्षा, युवा तथा खेलकुद शाखा
सदस्यः श्री गोबर्धन रेउले, प्रधानाध्यापक, श्री ने.रा.मा.वि. रेख
सदस्य : श्री कृष्णराज बुढाथोकी, शिक्षक, श्री जनता मा.वि. काभ्रा
सदस्यः श्री जुद्ध बहादुर खत्री, प्रधानाध्यापक, श्री सरस्वती आ.वि. ठुलाचौर
सदस्य : श्री जोशना श्रेष्ठ, शिक्षक, श्री पशुपति आ.वि. भुम्केज्यूला
सदस्य : श्री तारा खड्का, शिक्षक, श्री सरस्वती मा.वि., सिम्क

**प्राविधिक सहयोग**

यूनिसेफ नेपाल
समाज जागरण केन्द्र (स्याक) नेपाल, वीरेन्द्रनगर सुर्खेत
रुम टु रिड नेपाल
प्रकाशन मिति : २०८१

# संयुक्त मन्तव्य

हामी त्रिवेणी गाउँपालिकाका सबै सरोकारवाला एकजुट भई बनाएको यो दस्तावेज हाम्रो समुदायको उज्जवल भविष्यको निम्ति एक महत्वपूर्ण हुने छ, जसको उद्देश्य केवल शिक्षा सुधार मात्र होइन, सम्पूर्ण समाजको विकास हो । यो १० वर्षे शिक्षा क्षेत्र योजना, जसले हाम्रो भविष्यको लागि नयाँ अवसर र आशा जगाउँने छ । शिक्षा भनेको केवल पढाइ मात्र होइन, यो हाम्रो जीवन र समाजको आधार हो । हामीलाई विश्वास छ कि जब हरेक बालबालिका, किशोर र युवा अवस्थामा गुणस्तरीय शिक्षा प्राप्त गर्छ, तब समाजका सबै पक्षमा सकारात्मक परिवर्तन आउँछ । यही सोचलाई ध्यानमा राखेर त्रिवेणी गाउँपालिकाले यो १० वर्षे शिक्षा योजना तयार पारेको छ, जसले हरेक समुदाय र पिँढीलाई समेट्नेछ । हाम्रो लक्ष्य भनेको सबैलाई समता र समावेशी अवसर दिनु हो, खासगरी ती बालबालिकाहरूलाई, जो साधारणतया शिक्षाबाट बञ्चित रहेका छन । हामी चाहन्छौँ कि हाम्रो गाउँपालिकाका सबै बालबालिका विद्यालय जान सकुन्, हरेक किशोर-किशोरीहरू आफ्नो सपना पुरा गर्न योग्य  होउन् । यो योजना केवल स्कूलमा पुग्ने बालबालिकाका बारेमा मात्र होइन, यो योजना जीवनभरि शिक्षाका अवसरहरू सिर्जना गर्ने एउटा महत्वपूर्ण सधान बन्ने छ । त्रिवेणी गाउँपालिकाको यो १० वर्षे शिक्षा योजना केवल कागजमा लेखिएको दस्तावेज मात्र होइन, यो गाउँपालिकाको भविष्यप्रति गरिएको गम्भीर बाचा हो । यो बाचा हाम्रा बालबालिकाका उज्याला आँखाहरू, युवा पुस्ताको आत्मविश्वास र समुदायको समृद्ध भविष्यसँग गाँसिएको छ । हामी सबै मिलेर शिक्षाको यो उज्यालो यात्रा सफल पार्नेछौँ । यो योजना त्रिवेणी गाउँपालिकाको भविष्यप्रति राखिएको ठूलो आशा र सपना हो । हाम्रो दुरदृष्टि हो "हरेक बालबालिका, किशोर र वयस्कले जीवन उपयोगी, समावेशी र गुणस्तरीय शिक्षामा सहज पहुँच पुर्याउने " । हामीले तय गरेका लक्ष्यहरूमा विद्यालय भर्ना शतप्रतिशत पुऱ्याउने, विद्यालय छोड्ने दर घटाउने, सबै समुदायका बालबालिकालाई समान अवसर दिने र प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिमलाई पनि गाउँघरमै उपलब्ध गराउने, शिक्षाका मुख्य क्षेत्रहरूमा हामीले विशेष ध्यान दिएको छौँ । प्रारम्भिक बालविकास कार्यक्रममार्फत बालबालिकामा सानैदेखि सिकाइको संस्कृति विकास गर्ने, आधारभूत र माध्यमिक शिक्षामा गुणस्तर वृद्धि गर्दै विद्यार्थीहरूलाई सिर्जनशील र आत्मनिर्भर बनाउने हाम्रो लक्ष्य  रहेको छ ।

शिक्षाको गुणस्तर सुधार्न पाठ्यक्रम, पाठ्यपुस्तक र सिकाइ मूल्याङ्कन प्रणालीलाई विद्यार्थी केन्द्रित र व्यवहारिक बनाइनेछ । शिक्षकहरूलाई तालिम र विकासका अवसरहरू प्रदान गरी उनीहरूको क्षमतामा निरन्तर अभिवृद्धि गर्ने । शिक्षामा समानता र समावेशीकरणलाई मूल आधार मानी सबै बालबालिकालाई गुणस्तरीय सिकाइ अवसर उपलब्ध गराइनेछ । विद्यालयहरूमा स्वास्थ्य तथा पोषण कार्यक्रमहरू सञ्चालन गरी बालबालिकाको सर्वाङ्गिण विकासमा सहयोग पुग्ने छ । भौतिक पूर्वाधार सुदृढीकरण गर्दै सूचना र सञ्चार प्रविधिको पहुँच विद्यालयसम्म पुर्याइनेछ साथै, विद्यालयहरूलाई विपद् व्यवस्थापन र सुरक्षित स्थान बनाउने हाम्रो प्रतिवद्धता पनि रहेको छ । युवाहरू भविष्यका कर्णधार हुन्, उनीहरूलाई नेतृत्व र खेलकुद विकासका कार्यक्रमहरूमार्फत प्रेरित गरिनेछ। खेलमैदान निर्माण र सुधारमार्फत युवाहरूको सिर्जनशीलता र स्वास्थ्यमा लगानी गरिनेछ । सुशासन र पारदर्शितालाई शिक्षा व्यवस्थापनमा अनिवार्य बनाउँदै, विद्यालयहरूलाई समुदायको गर्विलो केन्द्र बनाउने लक्ष्य राखेका छौ ।

यो योजना र यसको कार्यान्वयनमा हाम्रो साझेदारी महत्त्वपूर्ण छ । यो योजना सरकारी निकायहरूको मात्र नभै, हामी सबैको जिम्मेवारी हो । शिक्षक, विद्यार्थी, अभिभावक र समुदायका प्रत्येक सदस्यको सक्रिय सहभागिता बिना यो योजना प्रभावकारी रूपले कार्यान्वयन गर्न सकिँदैन । हामी सबैको सामूहिक प्रयास र एकता नै यस योजनालाई सफल बनाउने मुख्य शक्ति हो । १० वर्षभित्र हामी त्रिवेणी गाउँपालिकामा शिक्षा र समाजको परिभाषा नै परिवर्तन गर्न सक्छौं । हाम्रो उद्देश्य केवल विद्यालयको भौतिक अवस्थाको सुधार गर्नु मात्र होइन, यसभन्दा धेरै, हामी विद्यालयको वातावरणलाई अझ समावेशी, सुरक्षित र प्रेरणादायक बनाउने लक्ष्यमा छौँ । यस योजनामार्फत हाम्रा बालबालिकाले भविष्यमा समृद्धि र अवसरको बाटो पाउने छन्, जसले गर्दा उनीहरूको जीवनमा ठूलो परिवर्तन ल्याउनेछ । त्रिवेणी गाउँपालिकाका हरेक बालबालिकालाई शिक्षा प्राप्त होस् र हरेक किशोर-किशोरी, युवा र वयस्कले जीवनभर शिक्षा र तालिम पाउने अवसर पाउँन्,  हरेक कदममा एक अर्कालाई साथ  र सहयोग गर्दै अगाडी बढ्ने  सपना पुरा गर्न प्रतिबद्ध छौँ । हामी सबै मिलेर यो १० वर्षे शिक्षा योजना सफल बनाउन हातेमालो गरौँ र हाम्रो समुदायको भविष्यहरुलाई उज्यालो बनाउन योगदान गरौँ । शिक्षामा लगानी बिना परिवर्तन सम्भव छैन, त्यसैले बजेट सुनिश्चित गर्दै सङ्घीय, प्रदेश र अन्य साझेदारहरूको सहयोगमा स्रोत परिचालन गर्ने र  शिक्षा क्षेत्रमा हरेक खर्च र लगानी पारदर्शी र प्रभावकारी बनाउने प्रतिवद्धता समेत जाहेर गर्दछौँ । योजना कार्यान्वयनको प्रगति नियमित अनुगमन र मूल्याङ्कनद्वारा मापन गर्ने छौ, ताकि आवश्यक सुधारहरू समयमै गर्न सकियोस् र योजना सही दिशामा अघि बढोस् । अन्त्यमा, शिक्षा योजना निर्माणका क्रममा हामीलाई प्राविधिक तथा व्यवस्थापकीय सहयोग गर्ने युनिसेफ नेपाल र समाज जागरण केन्द्र( स्याक ) नेपाल, वीरेन्द्रनगर सुर्खेत र अन्य सरोकारवाला निकाय प्रति पनि विशेष धन्यवाद दिन चहान्छौ । धन्यवाद

त्रिवेणी गाउँपालिकाको कार्यालय, सल्यान

# विषयसूची

**विषय प्रवेश** ........ **१**
क) भूमिका ........ १
ख)  शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य ........ १
ग) शिक्षा योजना निर्माणका आधारहरु ........ २
घ) शिक्षा योजना निर्माणको प्रक्रिया ........ २
**परिच्छेद १ : परिचय** ........ **३**
१.१ वर्तमान अवस्था ........ ३
क) परिचय तथा भौगोलिक अबस्थिति ........ ३
ख) जनसाङ्खीय संरचना ........ ३
ग) सामाजिक तथा सांस्कृतिक अवस्था ........ ५
घ) आर्थिक अवस्था ........ ५
ङ) शैक्षिक अवस्था ........ ५
च) सामुदायिक बिद्यालयमा शिक्षक सङ्ख्या ........ ५
छ) तहगत रूपमा बिद्यार्थी सङ्ख्या ........ ६
ज) तहगत रूपमा विद्यार्थी सङ्ख्या ........ ६
झ) जातिगत रूपमा बिद्यार्थी सङ्ख्या ........ ७
ञ) बिभिन्न  सूचक र अवस्था ........ ७
ट) कक्षा छाड्ने,  दोहोर्याउने  र उत्तीर्ण दर ........ ८
ठ) गाउँपालिकाका मुख्य शैक्षिक नीतिहरु ........ ८
१.२ मुख्य समस्या तथा चुनौतीहरु ........ ९
क) समस्याहरु तथा चुनौतीहरु ........ ९
ख) अवसरहरु ........ ११
**परिच्छेद २: दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य** ........ **१३**
२.१-गाउँ शिक्षाको आवश्कता, सन्दर्भ र औचित्य ........ १३
२.२ राष्ट्रिय सोच ........ १
२.३ प्रदेशको दीर्घकालीनसोच तथा गन्तव्य ........ १
२.४ त्रिवेणी गाउँपालिकाको दूरदृष्टि ........ १
२.५ लक्ष्य ........ १
२.६ उद्देश्य ........ १
२.७ रणनीतिहरु ........ 2
२.८ कार्यनीति ........ २
२.९ अपेक्षित उपलब्धिहरु ........ ९

२.१० शिक्षा योजनाका कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण ........ १०

**परिच्छेद ३: शिक्षाका मुख्य उपक्षेत्रहरु ........ १४**

३.१ प्रारम्भिक बालविकास र शिक्षा ........ १४

३.१.१ वर्तमान अवस्था ........ १४

३.१.२ उद्देश्य ........ १५

३.१.३ रणनीति ........ १५

३.१.४ प्रमुख उपलब्धि तथा नतिजा ........ १६

३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ ३०

३.२ आधारभूत शिक्षा ........ ३१

३.२.१ परिचय ........ ३१

३.२.२ उद्देश्य ........ ३२

३.२.३ रणनीति ........ ३३

३.२.४ प्रमुख उपलब्धि तथा नतिजा ........ ३३

३.२.५ नतिजा तथा परिमाणात्मक लक्ष्य ........ ३४

३.२.५ प्रमुख क्रियाकलाप  तथा परिमाणात्मक लक्ष्य ........ ३५

३.३ माध्यमिक शिक्षा ........ ३६

३.३.१ वर्तमान अवस्था ........ ३६

३.३.२ उद्देश्यहरु ........ ३७

३.३.३ रणनीति ........ ३७

३.३.४ प्रमुख उपलब्धि तथा नतिजा ........ ३८

३.३.४.  प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य ........ ३८

३.३.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ........ ३९

३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम ........ ४०

३.४.१ वर्तमान अवस्था ........ ४०

३.४.२ उद्देश्य ........ ४०

३.४.३ रणनीतिहरु ........ ४१

३.४.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ ४१

३.४.५ प्रमुख नतिजा र परिमाणात्मक  लक्ष्य ........ ४१

३.४.५ प्रमुख क्रियाकलाप तथा  परिमाणात्मक लक्ष्य ........ ४२

३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ ........ ४३

३.५.२ उद्देश्य ........ ४३

३.५.३ रणनीति ........ ४४

३.५.४ प्रमुख उपलब्धि तथा नतिजा ........ ४४

३.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ ४५

**परिच्छेद ४: अन्तरसम्बन्धित विषय तथा क्षेत्र ...... ४६**
४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन ...... 46
४.१.१ वर्तमान अवस्था ...... ४६
४.१.२ उद्देश्य ...... ४७
४.१.३ रणनीति ...... ४७
४.१.४ प्रमुख उपलब्धि तथा नतिजा ...... ४८
४.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ...... ४९
४.२ शिक्षक व्यवस्थापन र विकास ...... ५०
४.२.१ वर्तमान अवस्था ...... ५०
४.२.२ उद्देश्य ...... ५२
४.२.३ रणनीति ...... ५२
४.२.४ प्रमुख उपलब्धि तथा नतिजा ...... ५३
४.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ...... ५४
४.३ शिक्षामा समता र समावेशीकरण ...... ५५
४.३.१ वर्तमान अवस्था ...... ५५
४.३.२ उद्देश्य ...... ५६
४.३.३ रणनीतिहरू ...... ५६
४.३.४ उपलब्धि तथा नतिजा ...... ५७
४.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ...... ५८
४.४ बिद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम ...... ५९
४.४.१ वर्तमान अवस्था ...... ५९
४.४.२ उद्धेश्य ...... ६०
४.४.३ रणनीति ...... ६०
४.४.४ प्रमुख उपलब्धि तथा नतिजा ...... ६०
४.४.५ प्रमुख क्रियाकलापहरु र लक्ष्य ...... ६१
४.५ विद्यालय सुरक्षा, विपत् तथा उत्थानशीलता ...... ६२
४.५.१. वर्तमान अवस्था ...... ६२
४.५.२ उद्देश्य ...... ६२
४.५.३ रणनीति ...... ६३
४.५.४ प्रमुख उपलब्धि तथा नतिजा ...... ६३
४.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ...... ६४
४.६ विद्यालय भौतिक पूर्वाधार विकास ...... ६५
४.६.१ वर्तमान अवस्था ...... ६५
४.६.२ उद्देश्य ...... ६६

४.६.३ रणनीति ........ ६६
४.६.४ प्रमुख उपलब्धि तथा नतिजा ........ ६६
३.४.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ ६८
४.७ विद्यालय सूचना तथा सञ्चार प्रविधि ........ ६९
४.७.१ वर्तमान अवस्था ........ ६९
४.७.२ उद्देश्य ........ ७०
४.७.३ रणनीति ........ ७०
४.७.४ प्रमुख उपलब्धि तथा नतिजा ........ ७१
३.४.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ ७२
**परिच्छेद ५: अन्य उप-क्षेत्र ........ ७३**
५.१ युवा तथा खेलकुद विकास ........ ७३
५.१.१ वर्तमान अवस्था ........ ७३
५.१.२ उद्देश्य ........ ७३
५.१.३ रणनीतिहरु ........ ७३
५.१.४ प्रमुख उपलब्धि र नतिजा ........ ७४
५.१.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य: ........ ७५
**परिच्छेद ६ : सुशासन तथा व्यवस्थापन ........ ७६**
**६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास ........ ७६**
६.१.१ वर्तमान अवस्था ........ ७६
६.१.२ उद्देश्य ........ ७६
६.१.३ रणनीतिहरु ........ ७७
६.१.४ प्रमुख उपलब्धिर नतिजा ........ ७७
६.१.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ ७८
६.२.१ परिचय ........ ७९
६.२.२ उद्धेश्य ........ ७९
६.२.३ रणनीतिहरू ........ ७९
६.२.४ उपलब्धि, तथा नतिजा ........ ७९
६.२.५ प्रमुख क्रियाकलापहरु तथा लक्ष्य ........ ८०
**परिच्छेद ७: लगानी स्रोत व्यवस्थापन ........ ८१**
७.१ वर्तमान अवस्था ........ ८१
७.२ उद्देश्य ........ ८३
७.३ रणनीतिहरु ........ ८३
७.४ प्रमुख क्रियाकलापहरु र परिमाणत्मक लक्ष्य ........ ८४
७.५ योजनाको वार्षिक बजेट तर्जमा प्रक्रिया ........ ८६
७.६ योजना कार्यान्वयनको लागि वार्षिक रणनीति ........ ८६

**परिच्छेद ८: अनुगमन तथा मूल्याङ्कन ........ ८७**
८.१ वर्तमान अवस्था ........ ८७
८.२ उद्देश्य ........ ८८
८.३ रणनीतिहरु ........ ८८
८.४ उपलब्धि तथा नतिजा ........ ८८
८.५ प्रमुख क्रियाकलाप र लक्ष्यः ........ ८९

# विषय प्रवेश

## क) भूमिका

नेपालको संविधान, २०७२ को धारा ३१ मा शिक्षा सम्बन्धि मौलिक हकको व्यवस्था भएको छ । उक्त हक अनुसार शिक्षामा सबै नागरिकको समतामूलक पहुँचको सुनिश्चितता गर्न प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तह सम्मको शिक्षा निःशुल्क पाउने हकको सुनिश्चितता हनु गरि व्यवस्था भएको छ । यसका साथै नेपालको संविधानल २०७२ ले अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाई सम्बन्धी अपाङ्गता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हकको व्यवस्था गरेको छ ।यसका अतिरिक्त नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हकको व्यवस्था गरेको छ ।

संविधानले प्रदान गरेको अधिकार क्षेत्र भित्र रहेर स्थानीय तहलाई प्रदान गरेको अधिकार क्षेत्र भित्र रहेर शिक्षाको पहिलो जग प्रारम्भिक बालविकास शिक्षा देखि आधारभूत तथा माध्यामिक तहको शिक्षाको जिम्मेवारी र अधिकार समेतलाई ध्यानमा राखेर यस त्रिवेणी गाउँपालिकाको शिक्षालाई व्यावहारिक, जीवनोपयोगी, वैज्ञानिक तथा रोजगार उन्मुख गुणस्तरीयतथा समयानकुल एवम् स्थानीय तहको कला, संस्कृति, परम्परागत ज्ञान, सिप, स्थानीय प्रविधि लागायतलाई एकिकृत गरी शैक्षिक क्षेत्रको सुधार गर्न "सुखि र समृद्ध त्रिवेणीको आधार : सिपमूलक दक्ष र प्रतिष्पर्धी जनशक्ति निर्माणका लागि समतामूलक, प्रविधिमैत्री, र गुणस्तरीयशैक्षिक पूर्वाधार" भन्ने दिर्घकालीन लक्ष्य हासिल गरी गाउँपालिकाले संघीय सरकारले निर्माण गरेका ५बर्षे बिद्यालय शिक्षा क्षेत्र योजनामा तादम्यता मिलाउने गरी याउँपालिकाको आवश्यकता र अवस्थाका अनुसार त्रिवेणी गाउँपालिकाको गाउँ शिक्षा योजना २०८० लाई संशोधन गरी कार्यान्वयन गर्नुपर्ने आवश्यकता महशुस गरेको छ ।

## ख) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

नेपालको सविधान, २०७२ ले स्थानीय तहलाई माध्यमिक तह सम्मको शिक्षाको एकल अधिकार प्रदान गरी स्थानीय तहहरुले सविधानत प्राप्त गरेको अधिकार कार्यान्वयन गरिरहेको सन्दर्भमा स्थानीय तहको अधिकार क्षेत्र भित्र रहेर शैक्षिक योजना निर्माण, अधावधिक तथा संशोधन र यसको प्रभावकारी कार्यान्वयन गर्नु अति आवश्यक देखिन्छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद (३) ले स्थानीय तहलाई शिक्षाका २३ वटा अधिकार क्षेत्रहरु प्रदान गरेको र उक्त अधिकारहरु भित्र स्थानीय तहले शिक्षाको योजना तर्जुमा गरि कार्यान्वयन गर्न सक्ने उल्लेख भए बमोजिम यस गाउँपालिकाले गाउँ शिशक्षा योजना २०८० तयार गरेको र उक्त शिक्षा योजनालाई **सङ्घीय** सरकाले कार्यान्वयनमा ल्याएको विद्यालय शिक्षा क्षेत्र योजना बमोजिम स्थानीय अवस्था, श्रोत र आवश्यकताका आधारमा अधावधिक तथा संशोधन गरी कार्यान्वयन गर्ने जमर्को गरिएको छ । त्रिवेणी गाउँपालिकाको शैक्षिक सुधारको लागि नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, १६ औ आवधिक योजना तथा त्रिवेणी गाउँपालिकको वार्षिक नीति तथा कार्यक्रहरु, शैक्षिक योजना, गाउँ शिक्षा योजना २०८० निर्माण मार्गदर्शनका आधारमा संघीय सरकारले तथा प्रदेश सरकारले समेत परिकल्पना गरेको शैक्षिक लक्ष्य उद्धेश्य प्राप्तिमा मद्धत गर्न र गाउँपालिकाको शैक्षिक सुधारका लागि मार्गदर्शनको रूपमा यो शिक्षा योजना निर्माण आवश्यकता देखिएको हो ।नेपाल सरकार शिक्षा तथा मानव स्रोत विकास

केन्द्रले निर्माण गरी कार्यान्वयनमा ल्याएको ५ बर्षे शिक्षा क्षेत्र योजनालाई स्थानीयकरण गर्न तथा तादम्यता मिलाई कार्यान्वयन गर्न त्रिवेणी गाउँपालिकाको गाउँ शिक्षा योजना २०८० लाई संशोधन तथा अधावधि गरिएको छ ।

### ग) शिक्षा योजना निर्माणका आधारहरु

नेपालको संविधानले शिक्षालाई मौलिक हकको रूपमा उल्लेख गरी कार्यान्वयन गर्न कानून निर्माणको कार्य थालनी गरेको र सोही बमोजिम निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५, बालबालिका सम्बन्धी ऐन, २०७५, राष्ट्रिय शिक्षा नीति, २०७६ ले संवैधानिक मान्यतामा आधारित भई शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका लागि नीतिगत मार्गदर्शन गरेको छ । यसै मार्गदर्शनका आधारमा पनि त्रिवेणी गाउँपालिकाले शिक्षा योजना निर्माण र परिमार्जन गरेको छ । नेपालमा **सङ्घीय** स्वरुपको व्यवस्थामा सबै तहका सरकार बीचको आपसी समन्वय र सहकार्यबाट राज्यले परिलक्षित गरेका उद्धेश्यहरु प्राप्त गर्न सकिने भएकाले सबै तह संविधानले तोकेको अधिकार बमोजिमको जिम्मेवारी निर्वाह गर्नुपर्ने देखिन्छ । राज्यले तय गरेका शिक्षाका लक्ष्य, उद्देश्य प्राप्त गर्नका लागि विभिन्न योजनाहरु कार्यान्वयनमा आएका छन् । राष्ट्रिय दीर्घकालीन सोच, राष्ट्रिय शिक्षा नीति र राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति, सामुदायिक विद्यालय सबलीकरण दशक (२०७६–२०८५) का लागि सम्बोधन गर्नुपर्ने विषयहरु, १५बर्षे दिगो विकास लक्ष्य, सोह्रौ आवधिक योजना, विद्यालय शिक्षा क्षेत्र योजना(२०७८–२०८७) लगायत शिक्षा क्षेत्रका विभिन्न योजनाहरुका लक्ष्य, उद्देश्य तथा गन्तव्यलाई मध्यनजर गर्दै संविधानको अनुसुची ८ अनुसार स्थानीय सरकारलाई उपलब्ध भएका अधिकार क्षेत्र भित्र रहेर राष्ट्रिय ध्यय, लक्ष्य, उद्धेश्य , प्रतिवद्धतालाई आधार मानेर स्थानीय आबश्यक्ता र परिवेश अनुसार शिक्षा क्षेत्रको विकास गर्नु आवश्यक रहेको छ । नेपालको दिर्घकालीन ध्यय अनुसार सन् २०४३ सम्म समृद्ध नेपाल सुखी नेपालीकोको अभिप्राय, दीगो विकास लक्ष्य अनुसार सन २०३० सम्ममा नेपाललाई मध्यम आय भएको देशको रूपमा पुर्याउन सबैका लागि समावेशी तथा समतामूलक तवरले जीवन प्रयन्त सिकाइका अबसरहरु सिर्जना गरि गुणस्तरीयशिक्षा कायम गर्नु लगायतका दीर्घकालीन लक्ष्य हासिल गर्न पनि सबै तहका साथै त्रिवेणी गाउँपालिकाले आफ्नो भूमिका प्रभावकारी रूपमा निभाउन आवश्यक देखिन्छ ।

### घ) शिक्षा योजना निर्माणको प्रक्रिया

त्रिवेणी गाउँपलिकाले शिक्षा योजना निर्माणका लागि आबश्यक्ता महसुस गरी शिक्षा योजना निर्माणका लागि नीतिगत व्यवस्था मार्फत शिक्षा योजना निर्माणमा दिशानिर्देश गर्न शिक्षा योजना निर्माण कार्यदल गठन गरी शिक्षा योजना निर्माण तथा अधावधि र संसोधनको कार्य अगाडी बढाएको हो । यस कार्यमा प्राविधिक सहायता प्रदान गर्नका लागि विभिन्न विज्ञ शिक्षक र सरोकारवालाहरु रहने गरी लेखन उपसमिति पनि निर्माण गरेको र लेखन उपसमितिहरुले विभिन्न सरोकारवालाहरु सँगको समन्वय तथा सहयोगमा तथ्याङ्क **सङकलन**, सल्लाह तथा सुझाव **सङकलन**, छलफल गरी प्रारम्भिक मस्यौदा लेखन र दस्तावेजीकरण गर्ने कार्य गरेको हो । उक्त प्रारम्भिक मस्यौदालाई थप सल्लाह सुझाव प्राप्तिका लागि विभिन्न सरोकारबालहरुमा पठाउने र सुझाव र पृष्टपोषण प्राप्त गर्ने कार्य पनि सम्पन्न गर्यो । तत पश्चात महसुसमाथि सरोकारवालाहरुको सल्लाह सुझाव प्राप्त गरी अन्तिमीकरण गरियो । उक्त योजनामा बाह्य बिज्ञ मार्फत लेखाजोखा गरी थप सल्लाह सुझाव प्राप्त गरी योजनामा समेटेर त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिकाले स्वीकृत गरेको हो ।

# परिच्छेद १ : परिचय

## १.१ वर्तमान अवस्था

### क) परिचय तथा भौगोलिक अबस्थिति

त्रिवेणी गाउँपालिका ६ नं. प्रदेश अन्तर्गत सल्यान जिल्लाका साबिकका काभ्रा, काँरागिठी, फलावाङ र त्रिवेणी गरी ४ ओटा गा.वि.स.लाई समावेश गरी स्थापना भएको हो । शारदा खोला, लुहाम खोला र घुर खोलाको सँगम स्थल भएकालेनै यसको नाउँ त्रिवेणी गाउँपालिका रहन गएको हो । यस गाउँपालिकाको कुल क्षेत्रफल जम्मा ११९.११ वर्ग कि.मि रहेको छ । यस गाउँपालिकाको पूर्वमा कपुरकोट गाउँपालिका, पश्चिममा कालिमाटी गाउँपालिका, उत्तरमा शारदा नगरपालिका र छत्रेश्वरी गाउँपालिका र दक्षिणमा दाङ जिल्ला पर्दछ । त्रिवेणी गाउँपालिका विश्व मानचित्रमा २८ डिग्री १४ मिनेट देखि २८ डिग्री २० मिनेट उत्तरी आक्षांश र ८२ डिग्री ०८ मिनेट देखि ८२ डिग्री २० मिनेट पूर्वी देशान्तरसम्म फैलिएर रहेको छ । यो पालिका समुद्री सतहबाट ७८३ देखि २,१०७ मिटरसम्मको उचाइमा अवस्थित छ । सल्यान जिल्लामा नयाँ गठन भएका गाउँपालिकाहरु मध्ये त्रिवेणी गाउँपालिका विकासको राम्रो सम्भावना बोकेको गाउँपालिका हुनुका साथसाथै यहाँका सचेत राजनैतिक दल र उत्प्रेरित गाउँवासी यो गाउँपालिकाका दरिलो अनि दीगो विकासका श्रोत हुन् । गाउँपालिकामा भू–धरातलीय स्वरूपमा विविधता रहेकाले उचाइअनुसार हावापानीमा पनि विविधता पाइन्छ । नदी खोलाको किनारमा उष्ण हावापानी पाइन्छ भने अन्य भू–भागमासमशितोष्ण हावापानी पाइन्छ । यस गाउँपालिकामा न्यूनतम २ डिग्री सेल्सीयसदेखि अधिकतम ३४ डिग्री सेल्सियससम्म तापक्रम पाइन्छ ।असार, साउन र भदौमा धेरै वर्षा भएतापनि हिउँदमाकम बर्षा हुन्छ ।गाउँपालिकाको १२ महिनाको औषत तापक्रम तलको तालिकामा उल्लेख गरिएको छ ।

### ख) जनसाङ्खीय संरचना

नेपालको राष्ट्रिय जनगणना, २०७८ अनुसार त्रिवेणी गाउँपालिकाको जनसङ्ख्या १६,६६४ रहेको छ भने महिलाको जनसङ्ख्या ८,७४६ (५२.४८ प्रतिशत) र पुरुषको जनसङ्ख्या ७,९१८ (४७.५२ प्रतिशत) रहेको छ ।यस गाउँपालिकामा ४,११० घर परिवारहरु रहेका छन् । १४० जना प्रति बर्ग किलोमिटर जनघनत्व रहेको छ यहाँको कुलसाक्षरता दर-७६.९% रहेको छ जसमा महिला साक्षरता दर- ७०.७% र पुरुष साक्षरता दर-८३ .९% रहेको छ । यस गाउँपालिकामा अपाङ्गता विवरण- २०७८ अनुसार अपाङ्गता भएका जनसङ्ख्याको प्रतिशत- ३.९% रहेको छ । कुल अपाङ्गतामा, ३.५% महिलाहरु र ४.३ % पुरुषहरु अपाङ्गता रहेको छ । अपाङ्गताको प्रकृति अनुसार शारीरिक रूपमा अपाङ्गता भएका सबैभन्दा बढी अर्थात ३०.९%, न्यून दृष्टी भएका १५.३% अन्धोपना भएका ४.५%, बहिरा ६.३% र बाँकी विभिन्न किसिमका अपाङ्गता रहेका छन् ।

**राष्ट्रिय जनगणना, २०७८ अनुसार यस गाउँपालिकाको उमेर समुहगत जनसङ्ख्या निम्नानुसार रहेको छ ।**

| उमेर समूह | पुरुष प्रतिशत | पुरुष सङ्ख्या | महिला प्रतिशत | महिला सङ्ख्या | जम्मा सङ्ख्या |
|---|---|---|---|---|---|
| ००-०४ वर्ष | १०.८०% | ८५५ | ८.९६% | ७८४ | १,६३९ |
| ०५-०९ वर्ष | ९.७८% | ७७४ | ८.९८% | ७८५ | १,५५९ |
| १०-१४ वर्ष | १०.९०% | ८६३ | ८.९५% | ७८३ | १,६४६ |
| १५-१९ वर्ष | ११.५३% | ९१३ | १०.७०% | ९३६ | १,८४९ |
| २०-२४ वर्ष | ९.३२% | ७३८ | १०.९१% | ९५४ | १,६९२ |
| २५वर्ष माथि | ४७.६८% | ३,७७५ | ५१.५०% | ४,५०४ | ८,२७९ |
| जम्मा | | ७,९१८ | | ८,७४६ | १६,६६४ |

स्रोतः राष्ट्रिय जनगणना, २०७८

**वडागत जनसङ्ख्या विवरण**

| वडा | पूरुष | महिला | जम्मा |
|---|---|---|---|
| १ | १७९८ | १८७६ | ३५८४ |
| २ | १२३६ | १३०० | २५३६ |
| ३ | १६६१ | १८२९ | ३४९० |
| ४ | ९५६ | १०३४ | १९९० |
| ५ | १०६१ | १२०३ | २२६४ |
| ६ | १२९६ | १५०४ | २८०० |
| **जम्मा** | **७९१८** | **८७४६** | **१६६४** |

स्रोतः राष्ट्रिय जनगणना, २०७८

**उमेरगत रूपमा जनसङ्ख्या (राष्ट्रिय जनगणना, २०७८ र प्रक्षेपण)**

| उमेर | जम्मा | पुरुष | महिला |
|---|---|---|---|
| ० बर्ष | ३०६ | १६४ | १४२ |
| १ बर्ष | ३३१ | १५९ | १७२ |
| २ बर्ष | ३३० | १६८ | १६२ |
| ३ बर्ष | ३५६ | १८८ | १६८ |
| ४ बर्ष | ३१६ | १७६ | १४० |
| ५बर्ष | ३३९ | १५४ | १८५ |
| ६ बर्ष | ३०५ | १७४ | १३१ |
| ७ बर्ष | २८९ | १४२ | १४७ |
| ८ बर्ष | ३२० | १५५ | १६५ |
| ९ बर्ष | ३०६ | १४९ | १५७ |
| १० बर्ष | ३२४ | १५६ | १६८ |
| ११ बर्य | २५९ | १४३ | ११६ |
| १२ बर्ष | ३९४ | २११ | १८३ |
| १३ बर्ष | ३१२ | १७१ | १४१ |
| १४ बर्ष | ३५७ | १८२ | १७५ |
| १५बर्ष | ३८१ | २०४ | १७७ |
| १६ बर्ष | ३९४ | १९९ | १९५ |
| १७ बर्ष | ३३१ | १६३ | १६८ |
| १८ बर्ष | ३९५ | १७७ | २१८ |
| १९ बर्ष भन्दा माथि | १०३१९ | ४६८३ | ५६३६ |

स्रोतः राष्ट्रिय जनगणना, २०७८

### ग) सामाजिक तथा सांस्कृतिक अवस्था

यस गाउँपालिकामा विभिन्न जातजाति तथा धर्म मान्ने व्यक्तिहरुको बसोबास रहेको छ । यस गाउँपालिकामा सबैभन्दा बढी क्षेत्री जाति, दोस्रोमा मगर र तेस्रोमा कामी जातीहरुको बसोबास रहेको छ । विभिन्न समुदाय, जातजातिहरु क्रमश क्षेत्री, जनजाती र दलितको बाहुल्यता रहेको रहेको यस गाउँपालिकामा विभिन्न चाडपर्व मनाउने गरिन्छ । दशैँ, तिहार, माघि, होली, गौरा, कृष्णजन्माष्टमी, महाशिवरात्री, साउने र माघे संक्रान्ति, चैते दशै, बकरइद, बुद्धजयन्ती आदि यहाँका चाडपर्व आफ्नो धर्मअनुसार मनाउने गरेको पाईन्छ ।भाषागत रूपमा हेर्दा यस गाउँपालिकामा सबैभन्दा बढी नेपाली भाषा बोल्ने रहेका छन् भने क्रमश मगर र नेवारी भाषा बोल्ने मानिसहरु बसोबास गर्दछन् । यसका साथै धर्मका आधारमा सबैभन्दा बढी हिन्दु र केही मात्रामा क्रिश्चियन र बौद्ध धर्मालम्बीहरु रहेका छन् ।

### घ) आर्थिक अवस्था

यस गाउँपालिकाको पारिवारिक आम्दानीका श्रोतहरुमा कृषि व्यवसायका साथै उद्योग र वैदेशिक रोजगारी पनि हो । परम्परागत प्रणालीको कृषि ब्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा आधुनिक जीवनशैलीमा रमाउन थालेका छन् । स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम क्रमश बढिरहेको छ ।

### ङ) शैक्षिक अवस्था

यस गाउँपालिका सामुदायिक र संस्थागत गरेर २ किसिमका बिद्यालयहरु रहेका छन् । त्रिवेणी गाउँपालिकामा सामुदायिक विद्यालय **सङ्ख्या** जम्मा २८ वटा र संस्थागत विद्यालय **सङ्ख्या** जम्मा ६ वटा गरी ३४ वटा विद्यालयहरु रेहका छन् । यस गाउँपालिकामा एक वटा सामुदायिक विद्यालयमा प्राविधिक धारको शिक्षा पनि सञ्चालनमा रहेको छ । तहगत रूपमा सामुदायिक र संस्थागत विद्यालय को विवरण निम्नानुसार रहेको छ ।

| क्र.सं. | विवरण | सङ्ख्या | सामुदायिक | संस्थागत |
|---|---|---|---|---|
| १ | विद्यालय | ३४ | २८ | ६ |
| २ | प्रारम्भिक बालविकास र शिक्षा केन्द्र | ३४ | २८ | ६ |
| ३ | कक्षा १-३ सम्मका बिद्यालय | ४ | ३ | १ |
| ४ | कक्षा १-५सम्मा मात्रका बिद्यालय | १५ | १४ | १ |
| ५ | कक्षा १-८ सम्मका मात्र बिद्यालय | ८ | ५ | ३ |
| ६ | कक्षा १-१० सम्मका मात्र बिद्यालय | ३ | २ | १ |
| ७ | कक्षा १-१२ सम्मका बिद्यालय | ४ | ४ | ० |
| ९ | प्राविधिक धारका | १ | १ | ० |
| १० | सामुदायिक सिकाइ केन्द्र | ३ | ३ (२ वटा गापा अनुदान) | ० |

### च) सामुदायिक बिद्यालयमा शिक्षक सङ्ख्या

यस त्रिवेणी गाउँ पालिकामा बालविकास केन्द्रमा ३५जना , आधारभूत तह कक्षा ५सम्ममा जम्मा ९५जना, आधारभूत तह कक्षा ६ देखि ८ सम्ममा जम्मा ३६ जना, मावि तह कक्षा ९ र १० मा जम्मा २० जना तथा मावि तह कक्षा ११ र १२ मा जम्मा २ जना साथै प्राविधिक धारमा ६ जना प्रशिक्षक रहेका छन् जसमध्ये महिला शिक्षक ८८ जना रहेका छन्, दलित महिला शिक्षक २ जना, जनजाति महिला शिक्षक १४ जना र व्राहमण / क्षेत्री महिला शिक्षक ३५ रहेका छन् भने महिला प्रधानाध्यापक १जना रहेका छन् ।

सामुदायिक विद्यालयमा **रहेको शिक्षक दरबन्दि तथा व्यवस्थापनको विवरण** निम्नानुसार रहेको छ ।

| तह | जम्मा दरबन्दी | जम्मा शिक्षक | महिला | पुरुष | पालिका अनुदान | संघीय अनुदान | राहत | स्थायी | करार |
|---|---|---|---|---|---|---|---|---|---|
| प्रारम्भिक बालविकास र शिक्षा | ३५ | ३५ | ३५ | | १२ | | | | २३ |
| आधारभूत तहक कक्षा १- ५ आधारभूत | ९१ | ९५ | २८ | ६७ | ४ | | १८ | ६५ | ८ |
| तह कक्षा ६ देखि ८ | १६ | ३६ | १७ | १९ | १६ | ६ | ९ | ४ | १ |
| माध्यमिक तह कक्षा ९ र १० | १५ | २० | ६ | १४ | ४ | ८ | २ | ६ | |
| माध्यमिक तह कक्षा ११ र १२ | | २ | २ | ० | | | | | २ |
| **जम्मा** | **१५७** | **१८८** | **८८** | **१००** | **३६** | **१४** | **२९** | **७५** | **३४** |

| लेखा कर्मचारी | कार्यालय सहयोगी | कम्प्यूटर शिक्षक | | |
|---|---|---|---|---|
| ६ जना | २९ जना | २ जना | | |

छ) तहगत रूपमा बिद्यार्थी **सङ्ख्या**

त्रिवेणी गाउँपालिका भित्रका विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको **सङ्ख्या** निम्न बमोजिम रहेको छ।

| क्रसं | विद्यालयको प्रकार | विद्यालयमा अध्यनरत विद्यार्थी विवरण | | |
|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा |
| १ | सामुदायिक | १५१५ | १५८६ | ३१०१ |
| २ | संस्थागत | ९०१ | ६६५ | १५६६ |
| | जम्मा | २४१६ | २२५१ | ४६६७ |

**ज) तहगत रूपमा विद्यार्थी सङ्ख्या शैक्षिक सत्र २०८१( इमिस २०८१)**

| तह | सामुदायिक तर्फ | | | संस्थागत तर्फ | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | **छात्रा** | **छात्र** | **जम्मा** | **छात्रा** | **छात्र** | **जम्मा** | |
| प्रारम्भिक बालविकास र शिक्षा | २७८ | २५४ | ५३२ | २३८ | ३१२ | ५५० | १०८२ |
| आधारभूत तह कक्षा (१ -५) | ५१० | ४९७ | १००७ | ३४७ | ४६५ | ८१२ | १८१९ |
| आधारभूत तह कक्षा (६ - ८) | ४३७ | ३७७ | ८१४ | ६६ | ९२ | १५८ | ९७२ |
| माध्यामिक तह (९ - १०) | २५५ | २५४ | ५०९ | १४ | ३२ | ४६ | ५५५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| माध्यामिक तह (११ - १२) | १३० | १०९ | २३९ | ० | ० | ० | २३९ |
| जम्मा | १५८६ | १५१५ | ३१०१ | ६६५ | ९०१ | १५६६ | ४६६७ |
| प्राविधिक धार | १०८ | ११३ | २२१ | | | | |

समग्र रूपमा माथिको तथ्याङ्क बिश्लेषण गर्दा सामुदायिक विद्यालयमा प्रति विद्यालय विधार्थि **सङ्ख्या** १: ११०.७५रहेको छ। यसका साथै संस्थागत विद्यालयमा लैङ्गिक समता सूचक ०.७४ मात्र रहेको छ । यसको अर्थ प्रति १०० छात्रमा ७४ जना छात्रा मात्र संस्थागत विद्यालयमा छन् भने सामुदायिक विद्यालयमा लंङ्गिक समता सूचक १. ०५रहेको छ । समग्र रूपमा अध्ययन गर्दा आधारभूत तह पुरा गर्ने सबै बालबालिकाहरु माध्यमिक तहमा पूर्ण रूपमा गाउँपालिका भित्र रहेको देखिदैन । माध्यमिक तह कक्षा १० पुरा गर्ने विद्यार्थीमा करिब ५० प्रतिशतले मात्र गाउँपालिका भित्रको कक्षा १२ सम्मको शैक्षिक संस्थामा भर्ना भएको देखिन्छ । यस अर्थमा धैरै विद्यार्थीले बिद्यालय छोडेको पनि हुन सक्दछन् ।

**झ) जातिगत रूपमा बिद्यार्थी सङ्ख्या**

| तह | दलित | | | जनजाती | | |
|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| प्रारम्भिक बालविकास तह | ४४ | ५४ | ९८ | १०४ | १४१ | २४५ |
| आधारभूत तह कक्षा(१ - ५) | ९२ | १०१ | १९३ | २१० | २४६ | ४५६ |
| आधारभूत तह कक्षा (६ - ८) | ४७ | ५४ | १०१ | १४३ | १३६ | २७९ |
| माध्यामिक तह (९ - १०) | २२ | ३० | ५२ | ७८ | ८१ | १५९ |
| माध्यामिक तह (११ - १२) | १६ | १२ | २८ | ४७ | ४१ | ८८ |
| जम्मा | २२१ | २५१ | ४७२ | ५८२ | ६४५ | १३२७ |

**श्रोत**: EMIS प्रतिवेदन- **२०८१**

**ञ) बिभिन्न सूचक र अवस्था**

| तह | शिक्षक बिद्यार्थी अनुपात (सामुदायिक) | लैङ्गिक समता सूचक (सामुदायिक) | कुल भर्ना दर | खुद भर्ना दर |
|---|---|---|---|---|
| प्रारम्भिक बालविकास तह | १:१५.२ | १.०९ | ९६.२ | ६१.४ |
| आधारभूत तह कक्षा १ - ५) | १:११ | १.०३ | ११८.६ | ९५.३ |
| आधारभूत तह कक्षा (६ - ८) | १:२३ | १.१६ | ११५.८ | ९६.३ |
| कक्षा (१ - ८) | १:१४ | १.०८ | ११७.६ | ९५.६ |
| माध्यामिक तह (९- १०) | १:२५ | १.०० | ९७.८ | ८२ |
| माध्यामिक तह (११ - १२) | १:१२० | १.१९ | ५८.१ | ४१.९ |
| माध्यामिक तह (०९ - १२) | १:३४ | १.०६ | ७६.५ | ६०.५ |
| | | | इमिस २०८० ।८१ | |

स्रोत : गाउँपालिका EMIS प्रतिवेदन-२०८०/८१

**ट) कक्षा छाड्ने, दोहोर्याउने र उत्तीर्ण दर**

| तह | कक्षा उत्तीर्ण प्रतिशत | कक्षा दोहोर्याउने | कक्षा छाड्ने दर |
|---|---|---|---|
| आधारभूत तह कक्षा (१ -५) | ८७.१ | ५.४ | २.९ |
| आधारभूत तह कक्षा (६ -८) | ९३.२ | ०.६ | १.८ |
| माध्यामिक तह (९ - १०) | ९५.० | ०.२ | १.९ |
| माध्यामिक तह (११ - १२) | ९०.२ | ०.० | २.८ |

स्रोतः गाउँपालिका IMES -२०८१

यस पालिकामा कक्षा १ मा हुने कुल प्रवेश दर जम्मा ११५.९ र खुद प्रवेश दर ९५.९ प्रतिशत रहेको छ । समग्रमा त्रिवेणी गाउँपालिकाको शेक्षिक अवस्था हाल सुधारउन्मुख देखिएको छ । यस गाउँपालिकाको सिकाइ उपलब्धि हेर्ने हो भने तहगत रूपमा निम्नानुसारको रहेको छ भने एस इ इ परीक्षामा गत शैक्षिक सत्रमा करिव २० प्रतिशत मात्र उत्तीर्ण भएको अवस्था छ ।

| **कक्षा** | **प्राप्त ग्रेड (नतिजा)** |
|---|---|
| प्रारम्भिक बालविकास र शिक्षा | |
| १ | १.४० |
| २ | १.६२ |
| ३ | १.३६ |
| ४ | २.२९ |
| ५ | २.१६ |
| ६ | २.१० |
| ७ | १.९९ |
| ८ | २.७४ |
| ९ | १.४३ |

शिक्षामा लगानीको कमी, शिक्षक कर्मचारी प्रोत्साहनमा कमी तथा अभिभावकमा चेतनाको अभाव, शिक्षक क्षमता विकास तालिम तथा प्रोत्साहनको को कमी, गरिबी तथा शिक्षामा सरोकारवालाहरुको जिम्मेवारी तथा अपनत्वको कमी रहेको मूल कारण हो । त्रिवेणी गाउँपालिकाको साक्षरता दर ७६.९ रहेको छ जसमध्ये पुरुषको साक्षरता दर ८३.९ प्रतिशत रहेको छ भने महिलाको साक्षरता दर ७०.७ रहेको राष्ट्रिय राष्ट्रिय जनगणना, २०७८ को तथ्यांकमा उल्लेख छ ।

**ठ) गाउँपालिकाका मुख्य शैक्षिक नीतिहरु**

- कार्यसम्पादन सम्झौताको आधारमा शिक्षको मूल्याकन गर्ने परिपाटिको विकास गरी दण्ड र पुरस्कारको नीति अवलम्बन गर्ने कार्यको थालनी गरिनेछ ।
- बालबालिकाको विकासको लागि बालमैत्री कार्यक्रम सञ्चालन गरिनेछ । बाल क्लबहरुलाई परिचालन गरी विभिन्न तालिमको माध्यमबाट जीवन उपयोगी सिपहरु सिकाइ असल नागरिकको विकास गरिनेछ ।
- “ खेलकुदको विकास स्वस्थ जीवनको आधार ” भन्ने मूलमन्त्र तय गरी खेलकुदको विकासमा ध्यान दिइनेछ, विद्यालयमा नियमित खेलकुद कार्यक्रम सञ्चालन गरिने व्यवस्था मिलाईनेछ र त्यसको लागि वडा न. ३ को रीखे बजार क्षेत्रमा गाउँपालिका स्तरको

रंगशाला स्थापना गरिने कार्यलाई तदारुकताका साथ अगाडि बढाइएको छ, साथै गाउँपालिकाको मुख्य कार्यालय रहेको स्थानमा एक कवर्डहल पनि बनाउने नीति लिइनेछ ।

- अपाङ्गता भएका व्यक्तिहरुको "अपाङ्ग हाम्रा साथी" कार्यक्रममार्फत अपाङ्गता भएका व्यक्तिहरुको लागि विभिन्न सहयोग,सिपविकास तालिमहरु संलाचन गरिनेछ ।
- निषेधाज्ञाका कारण विद्यालय बन्द रहेका अवस्थामा नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम बैकल्पिक विधिको प्रयोग गरी पठनपाठन सुचारु गर्ने व्यवस्था मिलाईएको छ ।
- बालबालिका हाम्रा धरोहर हुन । यीनीहरुको सही विकासबाट मात्र समाजको विकासको ढोका खुल्ने भएकोले बालबालिकाको विकासको लागि बालक्लब मार्फत जीवन उपयोगी सिप,क्षमता विकास तथा अभिभावक सचेना कार्यक्रम सञ्चालन गरिनेछ ।
- बालबालिकाको विकासका लागि बालमैत्री कार्यक्रम सञ्चालन गरी बाल क्लबहरुलाई परिचालन गरिनेछ ।
- भाषा, कला र संस्कृति संरक्षणका लागि जोड दिइनेछ । त्यसका लागि "हाम्रो त्रिवेणी – हाम्रो संस्कृति" भन्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
- सँस्कृति सभ्यता हाम्रा जीवन पद्दती हुन् । सहज जीवन पद्दती सञ्चालनको लागि यस्ता सँस्कृतिहरुको संरक्षणको लागि "हाम्रो त्रिवेणी हाम्रो संस्कृति" मूलमन्त्र तय गरी विषेश जोड दिइएको छ । यसको लागि सांस्कृतिक मेलाको आयोजना, स्थानीय पाठ्यक्रम निर्माण जस्ता कार्यक्रमलाई निन्तरता दिईएको छ ।
- सबै सामुदायिक विद्यालयहरुमा आवश्यक उपकरणको व्यवस्था मिलाउदै लगिने छ ।
- सामुदायिक विद्यालयमा शिक्षाको गुणस्तर वृद्धि गर्न प्रथम चरणमा मा.वि.विद्यालयहरुमा विद्युतीय हाजिर मेसिन, सि.सि क्यामेरा जस्ता विद्युतीय उपकरणको जडान गरिएको र सो कार्यलाई क्रमशः सबै सामुदायिक विद्यालयमा पुर्याउने व्यवस्था गरिएको छ ।
- सामुदायिक शिक्षालाई गुणस्तरीय र सर्वसुलभ, जीवन उपयोगी बनाउन गाउँ शिक्षा नीति तथा योजना बनाई लागू गरिएको छ । १५ जना शिशु बराबर एक शिशु शिक्षक, ४० जना विद्यार्थी बराबर १ शिक्षकको नीति अनुरुप जहाँ विद्यार्थी त्यहाँ शिक्षकको व्यवस्था गरिएको छ ।
- सामुदायिक शिक्षालाई गुणस्तरीय बनाउन निर्माण गरिएको विद्यालय सुधार योजनालाई प्रभावकारी रुपले कार्यान्वयन गरिनेछ । साथै गाउँ शिक्षा नीतिमा समयानुकुलपरिमार्जन गर्दै लगिनेछ ।

## १.२ मुख्य समस्या तथा चुनौतीहरु

### क) समस्याहरु तथा चुनौतीहरु

मुख्य तय शिक्षा विकासको पहिलो आधार भएको र शिक्षामा गरिने लगानीले नै शैक्षिक उपलब्धिहरु हासिल गरी विकासको लहर प्राप्त गरिने भएता पनि गाउँपालिकाले शिक्षा क्षेत्रमा प्रयाप्त श्रोत सुनिश्चित गर्न नसक्नु प्रमुख चुनौतीको रूपमा देखिएको छ । विगतको समययमा पनि यस गाउँपालिकाले शिक्षा योजना निर्माण गरेको भएता पनि योजना अनुसार कार्यान्वियन प्रभावकारी रूपमा बढाउन नसक्नु र आगामी दिनमा यस शिक्षा योजनाको प्रभावकारी रूपमा कार्यान्वयन गरी लक्षित उपलब्धि हासिल गर्न पनि चुनौती रहन सक्दछ ।
यस त्रिवेणी गाउँपालिकामा अन्य क्षेत्रहरुमा रहेको विभिन्न समस्याहरु जस्तै शिक्षा क्षेत्रमा पनि निम्नानुसारका समस्या र चुनौतिहरुबाट रहेका छन् ।

- संस्थागत विद्यालयमा अभिभावकहरूको आकर्षण बढ्दो रहकोले सामुदायिक विद्यालयमा विद्यार्थी टिकाउन र अभिभावकहरुको सामुदायि विद्यालयमा आकर्षण बढाउन पर्ने चुनौति रहेको छ ।
- शिक्षक पेसागत सहयोग र क्षमता विकास साथै सिकाइ आदान प्रदानका कार्यक्रमहरु न्यून हुनु ।
- निरन्तर विद्यार्थी मूल्याङ्कन तथा व्यवहारिक कार्यान्वयन नहुनु र विद्यार्थी मूल्याङ्कन प्रणालीलाई प्रभावकारी रूपमा स्तरिकृत गर्न नसक्नु ।
- गाउँपालिकामा शैक्षिक सुधारको लागि आवश्यक आधारभूत तथ्याङ्क **सङकलन** तथा विश्लेषण प्रभावकारी नहुनु तथा बेसलाईन डाटामा ध्यान नपुर्याउनु ।
- विद्यालय प्रति समुदाय तथा अभिभावकको सक्रियता र सहभागिता न्यून हुनु साथै अभिभावक सचेतिकरणको अभाव हुनु ।
- प्र.अ., वि.व्य.स. र सि.अ.सं. लाई सिर्जनशील समय सापेक्ष जवाफदेही र उत्तरदायी बनाउन नसक्नु तथा प्रभावकारी रूपमा जिम्मेबार बनाउन नसकनु तथा नियन्त्रण गर्न नसक्नु ।
- सामुदायिक सिकाई केन्द्रहरूलाई क्रियाशिल रूपमा परिचालन गर्न नसक्नु तथा सामुदायिक सिकाइ केन्द्रको नियमन र पुन;र्गठन कार्य गरी परिचालन गर्न नसक्नु ।
- बिषयगत रुपम दक्ष शिक्षकहरुको कमी हुनु तथा गाउँपालिकामा सूचना प्रविधिमा तथा खेलकुदमा दक्षता भएका शिक्षकहरुको अभाव हुनु।
- माध्यमिक तह कक्षा ११-१२ मा शिक्षक विद्यार्थी अनुपात १:१२० अत्यन्त बढि भएकोमा सिकाइ सहजीकरण कठिन भएको ।
- सबै बिद्यालयहरुमा विज्ञान प्रयोगशाला तथा पुस्तकालयको व्यवस्थापन हुन नसक्नु।
- बालमैत्री तथा अपाङ्गमैत्री सुविधायुक्त कक्षाकोठा,शौचालयको सुविधा, व्यवस्थित स्वच्छ खानेपानी, सुरक्षित खेलमैदान र व्यवस्थित घेरवारको कमी हुनु।
- विद्युतीय हाजिरी र इन्टरनेट सुविधाको प्रभावकारी व्यवस्थापन र प्रयोग नहुनु ।
- खेलकुद सिकाइ सामग्री र शिक्षकहरु तथा बालविकास सहजकर्ताहरुको लागि तालिमको कमी हुनु।
- अभिभावक शिक्षा अभ्यासको कमी; स्थानीय समुदायको निजी विद्यालय प्रति मोह बढ्नु तथा सामुदायिक शिक्षामा आकर्षणको कमी हुनु।
- विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक समितिको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने बिषयमा ध्यान पुग्न नसक्नु
- वैकल्पिक सिकाइ प्रणालीको विस्तारमा कमी हुनु तथा सामुदायिक सिकाइ केन्द्रहरु उद्देश्य अनुरुप सञ्चालन हुन नसक्नु
- विद्यालयको शैक्षिक अभिलेख व्यवस्थापन पाटो कमजोर हुनु।
- माध्यमिक तथा उच्च शिक्षा उत्पादनमुखी, अनुसन्धानमूलक र व्यवहारिक हुन नसक्नु तथा व्यवस्थापकीय कौशलतामा कमी हुनु
- विद्यालयहरुमा मापदण्ड बमोजिमको न्यूनतम र सुरक्षित भौतिक संरचनाहरुको विकास समान तवरले हुन नसक्नु र यसको प्रभावकारी व्यवस्थापन गर्न नसक्नु पनि समस्याको रूपमा देखिन्छ ।
- गाउँपालिकाको गाउँ शिक्षा ऐन र नियमहरु, योजनाहरु, कार्यविधीहरुको निर्माण तथा कार्यान्वयन प्रभावकारी रूपमा हुन नसक्नु ।
- विद्यालयमा सुशासनका लागि आवश्यक आर्थिक पारदर्शिता, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, लेखा परीक्षण, बिद्यार्थी अभिभाबक भेला जस्ता कार्यहरुलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु ।

- विद्यालयले निर्माण गर्ने विद्यालय सुधार योजना सहभागितामूलक नहुनु र सोही अनुसार कार्यान्वयन गर्न नसक्नु,
- सूचना प्रविधिको प्रभावकारी उपयोग गर्नपर्ने अवस्थामा पनि समय सुहाउदो सूचना प्रविधिको व्यवस्थापन र प्रयोग गर्ने गराउने वातावरणको सिर्जना गर्न नसक्नु।
- गाउँपालिकामा शिक्षामा काम गर्ने आवश्यकता अनुसारको जनशक्ति अभाव हुनु ।
- विद्यालयमा अतिरिक्त क्रियाकलापहरु जस्तै खेलकुद मनोरञ्जन तथा सिर्जनात्मक क्रियाकलापका लागि न्यूनतम सामाग्रीहरु उपलब्ध नहुनु र विद्यालयले पनि यस्ता क्रियाकलापहरु प्रभावकारी रूपमा लागु गर्न नसक्नु।
- विद्यालयमा सुरक्षित घेरवार, शुद्ध पिउने पानी, सफा र बालमैत्री शौचालय, सरसफाइ तथा वातावरणीय अवस्थाहरुमा उल्लेख्य सुधार ल्याउन नसक्नु, व्यबहारीक र सिपमूलक तथा जीवनप्रयन्त शिक्षण सिकाइका अभ्यासहरुमा तीव्रता दिन नसक्नु ।
- कक्षाकोठा व्यवस्थापनको प्रभावकारीतामा कमी, विद्यालयमा प्राथमिक उपचार कक्ष र प्राथमिक उपचारको प्रबन्ध नहुनु, सबै बिद्यालयमा प्रारम्भिक बालविकास र शिक्षा केन्द्रहरु नहुनु जस्ता समस्याहरु रहेका छन् ।
- नियमित स्वास्थ्य परीक्षणको अभाव, अपाङ्गतामैत्री संरचना नहुनु, पोषण तथा दिवा खाजा व्यवस्थापन प्रभावकारी बनाउन नसकन्नु, अभिभावक शिक्षामा कमी , हरित विद्यालय अवधारणा लागु नहुनु जस्ता समस्याहरु रहेका छन् ।
- शिक्षाको गुणस्तर सुधारका लागि विषयगत दरबन्दी मिलान, विद्यालय समायोजन, पाठयोजना सहितको शिक्षणमा जोड, स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन र प्रविधिमैत्री शिक्षण सिकाइमा जोड दिन नसक्नु,
- शारीरिक, मानसिक तथा संम्वेगात्मक रूपमा समस्यामा परेका बालबालिकाहरूका लागि विद्यालय पहुँच सहज नहुनु, बालमैत्री वातावरणको अभावमा पठनपाठन सञ्चालन हुनु ।
- सार्वजनिक विद्यालयहरूलाई आत्मनिर्भर बनाउन आवश्यक योजना, बजेट, कार्यक्रम र सवल नेतृत्व क्षमताको अभाव हुन ।

**ख) अवसरहरु**

- स्थानीय तहले संविधानले प्रदान गरेका अकार अनुसार आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क हुनु तथा माध्यमिक तहको शिक्षा निःशुल्क हुनु साथै माध्यमिक तह सम्मको शिक्षा स्थानीय सरकारको एकल अधिकार क्षेत्रको रूपमा रहनु र कार्यान्वयनमा आउनु अवसरको रूपमा रहेको छ ।
- शिक्षामा पहुँच बढाउन दिवा खाजा, अपाङ्गता भएकाहरुको लागि अपाङ्गता अनुसारको छात्रवृत्तिको व्यवस्था हुनु, छात्रा छात्रावृत्ति, लैङ्गिकमैत्री तथा अपाङ्गतामैत्री शौचालयको व्यवस्था गर्ने जस्ता कार्यक्रमहरु सञ्चालन हुनु पनि अवसरको रूपमा रहेको छ ।
- सबै तहमा न्यूनतम शैक्षिक योग्यता पुरा भएका शिक्षकहरु रहनु पनि अवसरको रूपमा रहेको छ।
- गाउँपालिकाले पालिका अनुदान मार्फत शिक्षक व्यबवस्थापन तथा प्रारम्भिक बालविकास शिक्षकलाई थप प्रोत्साहन उपलब्ध गराएको ।
- स्थानीय पाठ्यक्रमको निर्माण भै कार्यान्वयनमा रहेको ।
- सबै विद्यालयहरुमा बाल क्लव, वि.व्य.स. र शि.अ.संघ गठन भएको।
- सबै विद्यालयहरुमा विद्यालय सुधार योजना निर्माण भैं अद्यावधिक भएको।

- बालबालिकाहरुलाई समयअनुसार जुकाको औषधि र किशोरीहरुलाई स्यानटरी प्याड तथा आइरन चक्की वितरण भैरहेको ।
- शिक्षक पेसागत  सहयोग अन्तर्गत नियमित अनुगमन प्रणालीको विकास भै कार्यान्वयनमा रहेको

# परिच्छेद २: दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य

## २.१-गाउँ शिक्षाको आवश्कता, सन्दर्भ र औचित्य

नेपालको संविधानको २०७२ ले शिक्षा सम्बन्धी संघ, प्रदेश र स्थानीय तहलाई संविधानले निर्दिष्ट गरेका एकल तथा साझा अधिकारको व्यवहारिक कार्यान्वयन गर्न सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई अवलम्वन गरी शिक्षाको राष्ट्रिय गन्तव्य तथा अन्तराष्ट्रिय प्रतिवद्धता पुरा गर्नमा स्थानीय तहको भूमिका पनि अहम हुने सन्दर्भमा तथा नेपाललाई सन् २०३०सम्ममा मध्यम आय भएको राष्ट्रको रूपमा विकास गरी "समृद्ध नेपाल र सुखी नेपाली " को चाहाना पुरा गर्न शिक्षामा सबैको सरल,सहज र समतामूलक पहुँच सुनिश्चित गर्न,शिक्षालाई सर्वव्यापी, समकालीन आवश्यकतामा आधारित, विज्ञान तथा प्रविधियुक्त, रोजगारमूलक तथा प्रतिस्पर्धी बनाउन र शिक्षाका कार्यक्रमहरुको व्यवहारिक कार्यान्वयन गर्न, आवश्यक स्रोतको पहिचान, परिचालन र व्यवस्थापन गर्न, दिगो विकास लक्ष्य बमोजिम गाउँपालिकाको शिक्षाका सूचकहरुको विकास गर्न र सोही बमोजिमका बिद्यालय शिक्षा, प्राविधिक शिक्षा र विद्यालय सुशासन सम्बन्धी कार्यक्रम सञ्चालन गर्न, शिक्षामा सरोकारवालाको सहभागिता सुनिश्चित गरी गुणस्तरीय शिक्षा प्रदान गर्न, शिक्षा सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धता पुरा गर्न गाउँपालिकाले स्पष्ट शैक्षिक योजना तय गरी अघि बढ्नुपर्ने आवश्यकता रहेको छ ।

नेपाल सरकारले गरेका राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धता, शिक्षा नीति, विभिन्न घोषणाहरु, नेपालको संविधानले प्रदत्त गरेको व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन २०७४, मा भएको व्यवस्था अनुरुप कार्य गर्न शिक्षालाई महत्वपूर्ण बिषयका रूपमा आत्मसात गर्दै आएको छ । साथै यस क्षेत्रको शैक्षिक विकासका लागि गाउँपालिकाले विभिन्न प्रयासहरु गरेको छ ।विद्यालयमा नयाँ नेतृत्व विकास, शिक्षक कर्मचारी व्यवस्थापनका लागि अनुदान, छरिएर रहेका बस्तिहरु र समुदायमा बाल विकास केन्द्रहरु स्थापना गरी पहुँच बृद्धि गरीएको छ । कम्तिमा एक सामुदायिक विद्यालयमा एक बाल विकास कक्षा तथा समग्र शैक्षिक क्षेत्रमा समावेशी, बालमैत्री र अपाङ्ग मैत्री प्रणालीको अवलम्बन गरीएको छ साथै निरन्तर तथा अनौपचारिक शिक्षाको माध्यमबाट साक्षरता र साक्षरोत्तर शिक्षाका कार्यक्रमहरु सञ्चालन गरी साविकका गाविसहरुलाई साक्षर गाविसको रूपमा घोषणा समेत गरीएको छ । विद्यालयको भौतिक पूर्वाधार विकासका लागि भवन, कक्षाकोठा निर्माण, खानेपानी–शौचालय निर्माणका लागि हरेक बर्ष विशेष महत्वका साथ सम्बन्धीत क्षेत्रमा बजेट विनियोजन हुदैं आएको छ । बालबालिकाको शिक्षा प्राप्त गर्ने हकको सुनिश्चितताका लागि आधारभूत तह सम्मका विद्यालयहरुमा निःशुल्क र अनिवार्य शिक्षा घोषणा गरीएको छ । शिक्षकहरुको पेसागत क्षमता अभिवृद्धिका कामहरुलाई निरन्तरता दिदै आइरहेको छ । उच्च शिक्षा अध्ययनका लागि गरिब तथा जेहेन्दार छात्र छात्राहरुका लागि विशेष छात्रवृत्ति कार्यक्रमको व्यवस्था गर्दै आएको छ । यस गाउँपालिकाको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विभिन्न सरकारी गैरसरकारी संघ संस्थाहरुसँग समन्वय र सहकार्य गर्दै आइरहेको छ ।मुलुकको समृद्धि र समुन्नतिका लागी आवश्यक पर्ने सबै प्रकारको दक्ष जनशक्ति उत्पादन गर्ने संस्थाहरूको सञ्चालन र व्यवस्थापनमा शैक्षिक सुशासन कायम भएको हुनेछ । साधारण शिक्षा, प्राविधिक शिक्षा र सिपमूलक तालिमलाई एकीकृत र समन्वयात्मक ढङ्गले अघि बढाउदै यस पालिका शिक्षाको लागी सबैको आकर्षणको केन्द्र बनाउने तर्फ यो योजना केन्द्रित रहनेछ । यी सबै विषय र प्राथमिकतालाई एकिकृत गरी कार्यान्वयनका लागि मार्गदर्शन प्रदान गर्नका लागि शिक्षा योजनाको आवश्यकता महसुस गरी यस गाउँपालिकाले निर्माण र कार्यान्वयन गरेको गाउँ शिक्षा योजना २०८० को पहिलो संशोधन र अधावधि गरी गाउँ शिक्षा योजना (२०८१ -२०९० ) निर्माण गरिएको छ ।

## २.२ राष्ट्रिय सोच

"आर्थिक तथा सामाजिक रुपान्तरणको माध्यमबाट न्यायपूर्ण समाजलाई विकसित नेपाललाई समृद्ध र नेपालीलाई सुखी बनाउन योगदान गर्ने ।"

## २.३ प्रदेशको दीर्घकालीनसोच तथा गन्तव्य

शिक्षा विकासको पूर्वाधारः समृद्ध कर्णालीको आधार

## २.४ त्रिवेणी गाउँपालिकाको दूरदृष्टि

"सुखि र समृद्ध त्रिवेणीको आधार : सिपमूलक दक्ष र प्रतिष्पर्धी जनशक्ति निर्माणका लागि समतामूलक, प्रविधिमैत्री, र गुणस्तरीय शैक्षिक पूर्वाधार" ।

## २.५ लक्ष्य

समतामूलक, प्रविधिमैत्री, गुणस्तरीय र उत्पादनमुखी शिक्षाको माध्यमले सिपमूलक, दक्ष र प्रतिष्पर्धी जनशक्ति निर्माणको सुनिश्चतता गर्ने ।

## २.६ उद्देश्य

१. सबै बालबालिकालाई प्रारम्भिक बाल विकास शिक्षाको अनुभव सहित आधारभूत शिक्षा अनिवार्य तथा नि:शुल्क र माध्यमिक शिक्षामा नि:शुल्क पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय, उत्पादनमुखी, रोजगारमूलक र प्रविधिमैत्री बनाउनु ।

२. प्राविधिक तथा व्यावसायिक शिक्षा मार्फत सिप विकासमा पहुँच अभिवृद्धि गरी स्थानीय तहमा प्राविधिक तथा व्यवसायिक शिक्षा तथा सिप विकासका अवसर सिर्जना गर्न संयन्त्र विकास गर्ने र प्राविधिक तथा व्यवसायिक शिक्षा तथा सिप विकासका अवसरहरूलाई सान्दर्भिक, उपयोगी र गुणस्तरीय बनाउनु साथै जीवनपयोगी सिपहरु हासिलका लागि व्यवहारिक उच्च शिक्षालाई ज्ञान, सिप, प्रविधि र अनुसन्धानमा आधारित बनाउन अभ्यास र अवसरहरु प्रदान गर्नु ।

३. गाउँपालिका भित्रको शैक्षिक (ब्यवस्थापक र शिक्षण) जनशक्तिको क्षमता विकासका लागि मानव संसाधन केन्द्रको संस्थागत सुदृढीकरण गर्नु ।

४. गुणस्तरीय शिक्षाका लागि योग्य, व्यवसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही शिक्षकको व्यवस्था सुनिश्चित गर्नुका साथै विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक वातावरणलाई मैत्रीपूर्ण र सुदृढ बनाउदै विद्यालयको समग्र विकास, सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउने आधार तयार गर्नु ।

५. गाउँपलिका भित्रका सबै नागरिक लाई पूर्ण रूपमा साक्षर बनाई सबै नागरिकको जीवनस्तरमा सुधार ल्याउन जीवनपर्यन्त, साक्षरता र अनौपचारीक शिक्षाको अवसर सुनिश्चित गर्नु ।

६. सूचना तथा सञ्चार प्रविधिको प्रयोगका साथै नविनतम् प्रविधिको प्रयोग मार्फत विद्यार्थीको सिकाइ तथा शिक्षा व्यवस्थापनमा सुधार गरी गुणस्तरीय शिक्षाको प्रबर्द्धन गर्नुका साथै विपत् र आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा सिकाइलाई निरन्तरता दिइ बालबालिकाको उनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकासमा सहयोग पुर्याउनु ।

७. त्रिवेणी गाउँपालिकाका सबै शैक्षिक पूर्वाधारहरू आधुनिक, समावेशी, पर्यावरण अनुकुल, सुरक्षित र प्रविधिमैत्री बनाउनका लागि गुणस्तरीय शिक्षाका लागि शिक्षक पेसागत सहयोग प्रणालीको विकास तथा प्रभावकारी कार्यान्वयन गरी दक्ष र क्षमतावान र विषयगत शिक्षकको व्यवस्थापन गरि सिकाइ आदानप्रदानको व्यवस्थापन गर्नु ।

## २.७ रणनीतिहरु

१. सबै नागरिकलाई आधारभूत तहसम्मको शिक्षामा पहुँच सुनिश्चित गर्ने ।

२. नमुना बालविकास केन्द्र तथा विद्यालयको विकास गर्ने ।

३. प्रारम्भिक बाल विकास केन्द्रमा उमेर समूहका सबै बालबालिकाको पहुँच पुर्याउदै कक्षा १ मा भर्ना हुँदा आधारभूत भाषिक र गणितिय सिप सिकेको सुनिश्चित गरिनेछ ।

४. सम्पूर्ण अपाङ्गता भएका, दलित र आर्थिक रूपले विपन्न बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क गर्ने र माध्यामिक तह सम्म नि: शुल्क गरि उच्च शिक्षा निःशुल्क गर्नका लागि गाउँपालिकाबाट पहल गरिनेछ र आवश्यकता अनुसार प्रदेश सरकारसँग समन्वय गरि सुनिश्चित गरिनेछ । साथै दृष्टिविहीन बालबालिकालाई ब्रेललिपि तथा बहिरा बालबालिकालाई सांङ्केतिक भाषामा शिक्षा प्रदान गरिनेछ ।

५. वैज्ञानिक, प्राविधिक र व्यवसायिक शिक्षा प्रबर्धनमा जोड दिईनेछ ।

६. घर र विद्यालयमा शारीरिक, मानसिक वा अन्य किसिमका शोषण र हिंसाबाट मुक्त गर्दै सबै विद्यालयमा बालसहभागिता प्रबर्धन गरी विद्यालयलाई शान्ति क्षेत्र सुनिश्चित गरिनेछ ।

७. आधारभूत तहका १-३ सम्ममा मातृभाषामा पठन पाठन गराउन सम्भाव्यता अध्ययन गर्ने साथै विद्यालय नक्साङ्कन तथा पुन; वितरण गर्ने जस्ता कार्य प्रभावकारी गर्ने ।

८. आर्थिक रुपले पछाडी परेको जातजाती जस्तै दलित तथा पिछडा वर्गका किशोर किशोरीहरू साथै अपाङ्गता भएका बालबालिका र अति विपन्न बालबालिकाको लागि पेसाक, शैक्षिक सामग्री तथा अन्य साधनहरु उपलब्ध गरी शिक्षामा पहुँच अभिवृद्धि गर्ने ।

९. गाउँपालिका भित्र रहेको बिद्यालय उमेर समुहका सबै बालबालिकाहरुलाई विद्यालय शिक्षाको मूल प्रवाहमा ल्याउने र सबै बालबालिकाको समतामूलक पुहँच सुनिश्चित गर्ने यसका लागि अभिमुखिकरण, भर्ना अभियान तथा सहायताका अवसरहरु सिर्जना गर्ने ।

१०. सबै विद्यालयहरुमा ईन्टरनेटको पहुँच प्रभावकारी बनाउदै, माध्यमिक, निम्न माध्यमिक तथा प्राथमिक तहमा अध्यापनरत शिक्षकलाई प्रविधियुक्त बनाउन एक शिक्षक एक ल्यापटप कार्यक्रम सञ्चालन गरिने छ । विद्यार्थी **सङ्ख्या**को आधारमा विद्यालयमा Interactive bord, E-Library को व्यवस्थापन गरिने छ । विद्यालयको भौतिक, आर्थिक, शैक्षिक तथा मानवीय पक्षको व्यस्थापन र विकास गर्दै आधारभूत तथा माध्यमिक तहको शिक्षाको गुणस्तर सुधार गर्ने ।

११. विद्यालयमा बालबालिकाको सरसफाई तथा पोषणको अवस्था तथा स्वास्थ्य मा सहयोग पुग्नेगरी स्थानीय रूपमा उत्पादित दिवा खाजाको प्रबन्ध गर्नुका साथै स्थानीय स्वास्थ्य तथा अन्य सम्बन्धित सरकारी तथा गै.स.स सहकार्य गर्दै सरसफाई तथा स्वच्छता शिक्षा बिद्यालय मार्फत प्रदान गरिने ।

१२. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रम सञ्चालन गर्ने,

१३. सबै विद्यालयहरूमा गुणस्तर सुनिश्चित गर्न गुणस्तरीय सिकाइ कार्यढाँचा तयार गरी कार्यान्वयन गरिनेछ ।

१४. सबै विद्यालय र बालबालिकालाई संभावित जोखिम नपर्ने गरी सुरक्षित विद्यालय प्रबर्धन गर्नुका साथै सम्पूर्ण विद्यालयहरूमा आधारभूत स्वास्थ्य र सरसफाइ व्यवस्था गरिनेछ ।

१५. निजी विद्यालयहरूलाई न्यूनतम मापदण्ड तयार गरि नियमन र व्यवस्थापन गरिनेछ ।

## २.८ कार्यनीति

- **सबै नागरिकलाई आधारभूत तहसम्मको शिक्षामा पहुँच सुनिश्चित गर्ने ।**

➢ शिक्षाबाट बञ्चित भएका वा विद्यालय बाहिर रहेका बालबालिकाहरूको तथ्यांक **सङ्कलन** गर्ने, अद्याबधिक गर्ने, विश्लेषण गर्ने, सार्बजनिक गर्ने र क्रमिक रूपमा अनुगमन गर्ने ।

➢ अभिभावकलाई बालविकास र बालशिक्षा बारे सचेतनामूलक क्रियाकलापहरू सन्चालन गर्ने ।

- जोखिममा रहेका बालबालिकाको विद्यालय नियमितताका लागि सहयोगार्थ बालहीत कोषको व्यवस्था गर्ने ।
- सेवाक्षेत्रका सबै बालबालिका विद्यालय भर्ना गरेका विद्यालयलाई पुरस्कृत गर्ने ।
- सिकाइ उपलब्धि कम भएका समुदायका बस्तिहरुमा (Home worke club ) गठन गरि गृहकार्य गर्न प्रेरित गर्ने गरि विषेश प्रकारको आवश्यक प्रयासहरु गरिनेछन् ।
- प्रत्येक विद्यालयमा छात्राहरुको लागी सेनेटरी प्याडको व्यवस्था गरिने छ ।
- शिक्षाबाट वञ्चित बालबालिकालाई वैकल्पिक कक्षाको व्यवस्था गर्ने ।
- स्थानीय पाठ्यसामग्रीको प्रभावकारी कार्यान्वयन गरी स्थानीय पाठ्यक्रमका आधारमा पाठ्यपुस्तक र सन्दर्भ सामग्रीको विकास, परिमार्जन र प्रयोग गर्ने ।
- घुम्ती विद्यालय वा घुम्ती शिक्षाको व्यवस्था मिलाउन पहल गर्ने ।
- बाल तथा लैङ्गिकमैत्री विद्यालय निर्माण गर्ने ।
- शैक्षिक सत्रको सुरुमै हरेक बालबालिकाले पाठ्यपुस्तक प्राप्त गर्ने व्यवस्था मिलाउने । पाठ्यपुस्तक सुरक्षित गर्ने विद्यार्थीलाई प्रोत्साहन गर्ने ।
- सबै बालबालिकाहरुको बिद्यालयमा पुहँचमा सुधारको लागि बिद्यालय भर्ना अभियानलाई शैक्षिक सत्रको शुरुमा सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा अध्यक्षले तोकेको वडा सदस्यको संयोजकत्वमा समिति तयार गरी भर्ना अभियानलाई घरदैलो अभियान सहित सञ्चालन गरिने छ ।

- **नमुना बालविकास केन्द्र तथा विद्यालयको विकास गर्ने ।**

- विद्यालयमा विषयगत शिक्षकको सुनिश्चितता गर्नुका साथै शिक्षकको पेसागत विकासमा टेवा पुर्याउने तथा दरवन्दी पुरा गर्ने ।
- गाउँपालिका भित्रका विद्यालयहरुको भौतिक पूर्वाधारको विकासका लागि संघ, प्रदेश सरकार तथा अन्य दातृ निकायसँग पहल एवंम समन्वय र साझेदारी गर्ने ।
- शिक्षामा परिवार तथा समुदायको सहभागिता अभिवृद्धि गर्न समुदाय परिचालनका कार्यहरु गर्ने साथै उनीहरुको संलग्नता बढाउने
- विद्यालयको शिक्षण सिकाइ क्रियाकलापहरु सञ्चालनको लागि न्यूनतम सिकाइ वातावरणको सुनिश्चत गर्न प्रस्तावनामा आधारित शैक्षिक सुधार कार्यक्रम लागु गरिनेछ ।
- प्रत्येक वडामा तहगत रूपमा नमुना विद्यालयको विकास गर्ने यसका लागि नमुना प्रारम्भिका बालविकास र शिक्षा केन्द्र, आधारभूत तथा माध्यमिक तह सबैमा नमुना बनाउदै लैजाने र नमुनाको लागि न्यूनतम मापदण्डहरु विकास गर्ने ।
- विद्यालयहरूमा खानेपानी र छात्र र छात्राका लागि बेग्लाबेग्लै शौचालयको आफै व्यवस्था मिलाउने र हरेक विद्यालयमा ऐना र साबुनको व्यवस्था गर्ने । हरेक विद्यार्थीहरू द्वारा नै शौचालय आफै सफा गर्ने विद्यालयको हाता सफा गर्ने नियम पालन गर्न अभिप्रेरित गर्ने ।
- शैक्षिक संस्थाको गुणस्तर अभिवृद्धि का लागि प्रभावकारी अनुगमन, निरिक्षण मुल्याकन गरी शिक्षकको पेसागत विकासमा सहयोग गर्ने ।
- कार्यसम्पादनका आधारमा विद्यालयहरुको वर्गीकरण गरी राम्रो अभ्यास गर्ने विद्यालय र शिक्षकलाई प्रोत्साहन र कार्यसम्पादन कमजोर भएका संस्थालाई मूल्याङ्कन गरी दण्ड र पुरस्कारको नीति अवलम्बनगर्ने ।
- शिक्षा क्षेत्रलाई गाउँपालिकाको पहिलो प्राथमिकतामा राख्न र सोत र शैक्षिक कार्यक्रममा लागी अन्य संस्थाहरुसँग हातेमालो गरी शिक्षा विकासको लागि बहस तथा पैरवी गर्ने ।

- शिक्षा युवा तथा खेलकूद शाखाको सवलीकरण र सुदृढीकरण गरी शिक्षासँग सम्बन्धित संरचनालाई दक्षतापूर्ण प्रभावकारी र नतिजामूलक बनाउने ।

- **प्रारम्भिक बाल विकास केन्द्रमा उमेर समूहका सबै बालबालिकाको पहुँच पुर्याउदै कक्षा १ मा भर्ना हुँदा आधारभूत भाषिक र गणितिय सिप सिकेको सुनिश्चित गरिनेछ ।**

- प्रारम्भिक बालविकास केन्द्रको सिकाइ सुधारको लागि प्रारम्भिक बाल विकास केन्द्रको पाठ्यक्रमको प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याइनेछ साथै न्यूनतम मापदणडको प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।
- विद्यालय जान नसक्ने बालबालिकाहरुको भर्ना अभियानबाट पहिचान गरी जोखिममा परेका बालबालिकाको शैक्षिक सहयोगका लागि बालबालिकासँग गाउँपालिका अध्यक्ष तथा उपाध्यक्ष शैक्षिक सहायता कार्यक्रम लागु गर्ने।
- प्रारम्भिक कक्षाको सिकाइ सुधारको लागि पढ्नका लागि सिक्ने र सिक्नको लागि पढ्ने धारणालाई थप निरन्तरता दिइनेछ साथै प्रारम्भिक कक्षाको सिकाइ वातावरणमा सुधार लयाउन कक्षा कोठा व्यवस्थापन र पेसागत सहयोग प्रभावकारी बनाइनेछ ।
- बालविकास कक्षा देखि नै विद्यार्थीहरूको सिकाइ उपलब्धीको विश्लेषण गरेर कमजोर क्षेत्रमा तत्काल सुधार गर्ने नीति अवलम्वन गर्ने ।
- सिकाइमा कक्षाकोठाको समय व्यवस्थापनका लागि स्थानीय शैक्षिक सामग्रीहरूको निर्माण र प्रयोगको लागि उचित व्यवस्था गर्ने ।
- शिक्षक, सहजकर्ता, अभिभावक र विद्यार्थीहरूको सहभागितामा शैक्षिक सामग्री प्रदर्शनी मेलाको आयोजना सुनिश्चत गर्ने।
- बालविकास सहजकर्ताहरूको पहलमा स्थानीय शैक्षिक सामग्री निर्माण र प्रयोगमा वृद्धि गर्न पहल गर्ने ।
- बालविकास केन्द्रको नक्साङ्कन गरी आवश्यकता अनुसार व्यवस्थापन गर्ने ।

- **सम्पूर्ण अपाङ्गता भएका, दलित र आर्थिक रूपले विपन्न बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क गर्ने र माध्यामिक तह सम्म नि: शुल्क गरि उच्च शिक्षा निःशुल्क गर्नका लागि गाउँपालिकाबाट पहल गरिनेछ र आवश्यकता अनुसार प्रदेश सरकारसँग समन्वय गरि सुनिश्चित गरिनेछ । साथै दृष्टिविहीन बालबालिकालाई ब्रेललिपि तथा बहिरा बालबालिकालाई सांङ्केतिक भाषामा शिक्षा प्रदान गरिनेछ ।**

- अनिवार्य र निःशुल्क शिक्षा कार्यान्वयनको लागि कार्यविधि निर्माण गर्ने ।
- अपाङ्गता भएका र आर्थिक र रूपमा विपन्न भएका बालबालिकाहरूको पहिचान गरी तथ्यांक अद्यावधिक, वर्गीकरण, विश्लेषण गरेर सार्वजनिक गर्ने ।
- दृष्टिविहीन, बहिरा र स्वर वा बोलाई सम्बन्धी समस्या भएका अपाङ्ग बालबालिकाहरूको तथ्यांक **सङ्कलन** गर्ने र वर्गीकरण गर्ने ।
- पहिचान भएका बालबालिकाहरूलाई शिक्षा प्रदान गर्ने र आवश्यक पाठ्य तथा, शैक्षिक सामग्रीहरू र आवश्यक उपकरणको व्यवस्था गर्ने ।
- अभिभावकहरू र शिक्षकहरूलाई साङ्केतिक भाषा सम्बन्धी तालिम तथा अभिमुखिकरण तालिम सञ्चालन गर्ने ।
- शैक्षिक सत्रको सुरुमै सबै विद्यालयहरुमा नगर स्वास्थ्य शाखासँग समन्वय गरी बालबालिकाहरूको स्वास्थ्य परीक्षण गरेको सुनिश्चित गर्ने ।
- अपाङ्गता भएका तथा सुविधा विहिन बालबालिकाहरुलाई विद्यालयमा भर्ना हुन निरन्तरता दिन र सिकाइमा सहभागी गराई उपलब्धि सुधार गर्ने ।
- अपाङ्गता भएका बालबालिका लागि सहजीकरण गर्न तालिम प्राप्त शिक्षकको व्यवस्थापन, शैक्षिक सामग्री तथा सहायता सामग्रीको व्यवस्थापन गर्ने ।

- **वैज्ञानिक, प्राविधिक र व्यवसायिक शिक्षा प्रबर्धनमा जोड दिईनेछ ।**

- सबै विद्यालयमा प्रविधिमैत्री शिक्षणको लागि चाहिने न्यूनतम सामग्रीको सहयोग गर्दै प्रविधिमैत्री शिक्षण लागु गरिनेछ ।
- प्राविधिक शिक्षालय स्थापनका लागि अध्ययन अनुसन्धान गरिने छ । साथै शिक्षासँग सरोकार राख्ने सरोकारवालाहरु सँगको समन्वय तथा सहकार्य प्रभावकारी रूपमा बढाईनेछ ।
- स्थानीय स्तरमा प्राविधिक तथा व्यवसायिक सिप भएका व्यक्तिहरूको सुची तयार गरी विद्यालयले स्थानीय सहयोगी शिक्षकका रूपमा प्रयोग गर्ने ।
- उद्यम र व्यावसायिक कोषको व्यवस्था गर्ने ।
- कक्षागत क्रियाकलापहरू सञ्चालन गर्दा व्यवहारको माध्यामद्वारा प्रयोगात्मक, प्रर्दशन, चित्र, भिजिवल डकुमेन्ट्रि तथा डिजिटल सामग्रीको माध्यामद्वारा शिक्षण सिकाइ क्रियाकलापहरू सञ्चालन गर्ने ।
- आवश्यकताको आधारमा प्राविधिक र व्यावसायिक सिपमूलक रोजगारीमूलक विद्यालयहरूको स्थापना गर्ने वा अन्य पालिकाहरुसँग समन्वय गर्ने ।
- स्थानीय स्तरमा भएका परम्परागत प्रविधिलाई आधुनिकीकरण गरी सम्भाब्यता अध्ययन गरी सिप सिकाउने पाठ्यक्रम र पाठ्यसामग्री निर्माण गर्ने ।
- छोटो अवधीको प्राविधिक सिप सम्बन्धी तालिम केन्द्रहरु सञ्चालन गर्ने ।
- प्राविधिक तथा व्यावसायीक शिक्षाको सञ्चालन गर्ने नीति बमोजिम माध्यमिक तहमा प्राविधकि शिक्षा कार्यान्वयन तथा विस्तार गर्ने र शिक्षालाई व्यावसायीक सिप तथा प्रविधिसँग जोड्न नीति तथा कार्याक्रम बनाई लागू गर्ने ।

- **घर र विद्यालयमा शारीरिक, मानसिक वा अन्य किसिमका शोषण र हिंसाबाट मुक्त गर्दै सबै विद्यालयमा बालसहभागिता प्रबर्धन गरी विद्यालयलाई शान्ति क्षेत्र सुनिश्चित गरिनेछ ।**

- माध्यमिक तहका विद्यालयका विद्यार्थीहरुलाई एक कार्यविधि तयार गरी निरन्तर सिकाइको लागि परिचालन गरिनेछ र उत्कृष्ठलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाईनेछ ।
- बिद्यालयमा समुदाय तथा परिवारको संलग्नता बढाउनका लागि समुदाय परिचालन र सचेतीकरण कार्यक्रमहरु लागु गरिनेछ ।
- अभिभावक तथा समुदाय सचेतिकरणको लागि विद्यालय परिवार तथा माध्यमिक तहका विद्यार्थीहरुलाई परिचालन गरिनेछ ।
- भौतिक पूर्वाधार (भवन, खेल मैदान, घेरबार, स्वच्छ पीउने पानी, शौचालय, फर्निचर आदी) लाई विभिन्न तवरबाट मैत्रीपूर्ण बनाउन भौतिक व्यवस्थापन मापदण्डको निर्माण र कार्यान्वयन गरिनेछ ।
- विद्यालय शिक्षामा पहुँच वृद्धि गर्नका लागि विद्यालय भर्ना तथा स्वागत कार्यक्रम, निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति, दिवा खाजा, विद्यालय पोसाक, शैक्षिक सामग्री वितरण, अभिभावक शिक्षा आदि जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- सबैका लागि अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चित गर्न शारीरिक तथा सामाजिक रूपमा पछाडि परेका बालबालिकाहरूलाई विशेष सिकाइ सामग्री र उचित शैक्षिक अवसरको सिर्जना गरिनेछ ।
- प्रत्येक वडा तथा विद्यालयस्तरमा बाल क्लबको गठन गर्ने र उनिहरूलाई स्थानीय तह तथा विद्यालयस्तरीय क्रियाकलापहरूमा अनिवार्य सहभागिता गराउने व्यवस्था मिलाउने ।

- **आधारभूत तहका १-३ सम्ममा मातृभाषामा पठन पाठन गराउन सम्भाव्यता अध्ययन गर्ने साथै विद्यालय नक्साङ्कन तथा पुन; वितरण गर्ने जस्ता कार्य प्रभावकारी गर्ने ।**

- हरेक शैक्षिक सत्रको सुरुवातमा नै विद्यालय को नक्साङ्कन गरी तथा यथार्थ तथ्याङ्क सकलन गरी शिक्षक वितरण, कक्षा बृद्धि तथा घटाउने समायोजन तथा विस्तार गरिनेछ ।
- स्थानीय भाषाका अक्षर र शब्दहरुलाई भित्तामा लेखि छापामय कक्षा कोठा बनाउने तथा बहु कक्षा सञ्चालनकालागि आवश्यक मापदण्ड तथा निर्देशिकाको निर्माण गर्ने ।
- आधारभूत तह १-३का लागि संवैधानिक व्यवस्था भए बमोजिम स्थानीय भाषामा शिक्षणकालागि व्यवस्थापन गर्ने ।
- बहुभाषा कक्षा सञ्चालनकालागि शिक्षकको क्षमता विकास गर्ने ।
- स्थानीय भाषामा बोल्न, लेख्न लनुका साथै परियोजना कार्यलाई समेत बढवा दिने क्रियाकलाप सञ्चालन गर्ने

- **आर्थिक रुपले पछाडी परेको जातजाती जस्तै दलित तथा पिछडा वर्गका किशोर किशोरीहरू साथै अपाङ्गता भएका बालबालिका र अति विपन्न बालबालिकाको लागि पेसाक, शैक्षिक सामग्री तथा अन्य साधनहरु उपलब्ध गरी शिक्षामा पहुँच अभिवृद्धि गर्ने ।**

➢ दलित विद्यार्थीहरूका परिवार तथा विद्यार्थीहरूको लागि आयआर्जनका लागि सिपमूलक तालिम गोष्ठीको व्यवस्था गर्ने ।

➢ राज्यबाट प्रदान गरिएका सेवासुविधाहरू प्राप्त गरेनगरेको अनुगमन गर्ने र नपाएका विद्यार्थीहरूलाई सहयोगको लागि प्रदेश तथा केन्द्रमा सिफारिस गर्ने ।

➢ दलित बालबालिकाहरूको शिक्षामा पहुँच पुर्याउन विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूको सहकार्यमा कोषको व्यवस्था गर्ने ।

➢ दलित विद्यार्थीकालागि अनिवार्य छात्रावृत्तिका साथै आवश्यक शैक्षिक सामाग्रीहरु उपलब्ध गराउने ।

➢ आर्थिक रुपले विपन्न तथा दलित विद्यार्थीहरूका परिवार तथा विद्यार्थीहरूको लागि आयआर्जनका लागि सिपमूलक तालिम गोष्ठीको व्यवस्था गर्ने ।

- **गाउँपालिका भित्र रहेको बिद्यालय उमेर समुहका सबै बालबालिकाहरुलाई विद्यालय शिक्षाको मूल प्रवाहमा ल्याउने र सबै बालबालिकाको समतामूलक पुहँच सुनिश्चित गर्ने यसका लागि अभिमुखिकरण, भर्ना अभियान तथा सहायताका अवसरहरु सिर्जना गर्ने ।**

➢ हरेक वडा सहित पालिकामा विद्यालय बाहिर बालबालिका नभएको घोषणा गर्ने कार्यक्रम सञ्चालन गरिनेछ र यसका लागि विभिन्न सरोकारवालाहरु सँग समन्वय गरिनेछ ।

➢ आधारभूत तहमा स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

➢ बिद्यालय खेलकुदका कार्यक्रम प्रभावकारी गर्न पालिकामा खेल शिक्षकको वयवस्था साथै सूचना प्रविधिका लागि पनि प्रशिक्षकको व्यवस्था गरिनेछ ।

➢ सरकारी कर्मचारी, जनप्रतिनिधिहरू र शिक्षकहरूले अनिवार्य रूपमा आफ्ना छोराछोरीहरूलाई सरकारी विद्यालयमा पढाउने व्यवस्थाको पहल गर्ने ।

➢ विद्यालयलाई दिवा खाजाको व्यवस्था मिलाउने जसका लागि अभिभावक तथा विद्यालयले व्यवस्था गर्ने ।

➢ संकटको बेलामा पनि शिक्षण सिकाइ सञ्चालन गर्न पालिका स्तरमा वैकल्पिक सिकाइ सहजीकरणको कार्यक्रम लागि भर्चुअल तथा अडियो भिजुअल तथा अन्य छपाईका मार्फत सिकाइ सहजीकरणको ब्यवस्था मिलाईनेछ

➢ अनिवार्य र निःशुल्क शिक्षामा पहुँच पुग्न नसक्ने बालबालिकाहरूको लागि विद्यालय तथा अन्य शैक्षिक संस्थाहरुमा भर्ना गरी छात्रवृत्ति र पाठ्यसामग्रीहरूको व्यवस्था गर्ने ।

- **सबै विद्यालयहरुमा ईन्टरनेटको पहुँच प्रभावकारी बनाउदै,आधारभूत र माध्यमिक तहमा अध्यापनरत शिक्षकलाई प्रविधियुक्त बनाउन एक शिक्षक एक ल्यापटप कार्यक्रम सञ्चालन गरिने छ । विद्यार्थी सङ्ख्याको आधारमा विद्यालयमा Interactive bord, E-Library को व्यवस्थापन गरिने छ । विद्यालयको भौतिक, आर्थिक, शैक्षिक तथा मानवीय पक्षको व्यस्थापन र विकास गर्दै आधारभूत तथा माध्यमिक तहको शिक्षाको गुणस्तर सुधार गर्ने ।**

➢ प्रत्येक माध्यामिक तथा आधारभूत तहमा छुट्टै कम्प्युटर शिक्षकको व्यवस्था गरि इन्टरनेट युक्त, कम्प्युटर र विद्यार्थीको अनुपात १:३ रहने गरि व्यवस्थित कम्प्युटर ल्यावको स्थापना गर्ने ।

➢ स्थानीय स्तरमा भएका परम्परागत प्रविधिलाई आधुनिकीकरण गरी सम्भाब्यता अध्ययन गरी सिप सिकाउने पाठ्यक्रम र पाठ्यसामग्री निर्माण गर्ने ।

➢ विद्यालस्तरका अतिरिक्त क्रियाकलापहरू समुदायस्तरमा सञ्चालन गर्ने र अभिभावकहरूको सहभागिता सुनिश्चत गर्ने, विजुली बत्ती नभएका विद्यालयमा सोलारको व्यवस्था गर्ने ।

➢ सबै विद्यालयमा इमेल इन्टरनेटको सेवा उपलब्ध गर्ने ।

- ➢ इ - हाजिरको व्यवथापन गर्दै सबै विद्यालयहरुलाई इ- हाजिर युक्त गराउने ।
- ➢ सुरक्षित र भरपर्दो इन्टरनेटको प्रयोग सुनिश्चतता गर्नकालागि आवश्यक मापदण्ड तथा निर्देशिका निर्माण तथा कार्यान्वयन गर्ने ।
- ➢ विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीयर सान्दर्भिक बनाउन सहयोग पुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार गर्ने ।

- **अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रम सञ्चालन गर्ने,**

- ➢ पढाई छाडेका विद्यालय उमेर समुहका बालबालिकाहरुलाई संश्लेषित पाठ्यक्रमको आधारमा आधारभूत तह (तह ३) को बैकल्पिक शैक्षिक कार्यक्रम सञ्चालन गर्ने ।
- ➢ माध्यमिक शिक्षाको अवसरवाट बञ्चित व्यक्तिलाई लक्षित गरी माध्यमिक तह (तह ४ र तह ५) सम्म अनौपचारिक वा खुला शैक्षिक कार्यक्रम सञ्चालन गर्ने ।
- ➢ विद्यालय शिक्षा छोडेका बेरोजगार युवायुवतीहरूलाई सिपमूलक, जीवनउपयोगी र बजारको माग आनुसारका शैक्षिक कार्यक्रम सञ्चालन गर्ने,
- ➢ आधारभूत तथा माध्यमिक तहको शिक्षाको अवसरबाट वञ्चित भएका युवा, युवती, किशोर, किशोरी तथा प्रौढहरुको लागि अनौपचारिक शिक्षाको राष्ट्रिय पाठ्यक्रमले व्यवस्था गरे अनुसार ज्ञान, सिप तथा दक्षताको प्रमाणीकरण हुने व्यवस्था गर्ने ।
- ➢ सिकाइ केन्द्र, विद्यालय, विकास साझेदार संस्था, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक आदि परिचालन गरि निरक्षर जनसंङ्ख्याको पहिचान गरी सघन साक्षरता कार्यक्रम सञ्चालन गर्ने ।
- ➢ प्रत्येक बस्तीमा सामुदायिक सिकाइ केन्द्रलाई परिचालन गरी साक्षरता अभियान सञ्चालन गर्ने,
- ➢ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रम कार्यान्वयनको लागि स्थानीय स्तरीय संयन्त्र विकास र कार्यन्वयन गर्ने ।
- ➢ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइबाट प्राप्त ज्ञान र सिपको स्तरीकरण तथा प्रमाणीकरण गर्नु ।
- ➢ निरन्तर सिकाइको लागि सामुदायिक सिकाइ केन्द्रको थप सुदढीकरण गरी निरन्तर सिकाइ कार्यक्रम सामुदायिक सिकाइ केन्द्रबाट गरिनेछ र सामुदायिक सिकाइ केनद्रलाई समुदाय तहमा जीवनपयोगी सिप सिकाइका लागि परिचालन गरिनेछ।

- **सबै विद्यालयहरूमा गुणस्तर सुनिश्चित गर्न गुणस्तरीयसिकाइ कार्यढाँचा तयार गरी कार्यान्वयन गरिनेछ**

- ➢ विद्यालय तहको शिक्षण सिकाइमा सुधारको लागि शैक्षिक सामग्री सहितको शिक्षण, शिक्षकको पेसागत विकास र सहयोगमा प्राथमिकता दिदै सिकाइको लागि मूल्याङ्कनका साथै पालिका स्तरीय स्तरीकृत परीक्षा तथा परीक्षण लागु गरिनेछ ।
- ➢ गुणस्तरीय य ता शिक्षा सम्बन्धी सूचकहरू तयार गर्ने, कार्यान्वयन गर्ने र सोहि अनुसार नमुना विद्यालयको विकास गर्ने ।
- ➢ बिज्ञ रोष्टर शिक्षकको व्यवस्थापन व्यवस्थापन गरी शिक्षकक पेसागत सहयोगका लागि प्रभावकारी रूपमा परिचालन गरिनेछ ।
- ➢ कमजोर विद्यार्थीहरूको लागि हरेक सरकारी विद्यालयमा उपचारात्मक तथा सुधारात्मक कक्षाहरू सञ्चालन गर्ने
- ➢ कुनै शिक्षकले विद्यालय समयमा अन्यत्र कुनै पेसा व्यबसाय गर्न नपाउने नीति तयार गरी कडाइका साथ कार्यान्वयन गर्ने ।
- ➢ समुदायस्तरमा माथिल्लो कक्षाका विद्यार्थीहरूले तल्लो कक्षाका विद्यार्थीहरूलाई सिकाउने वातावरण सिर्जना गर्ने ।
- ➢ सरकारी विद्यालयमा पढाउने शिक्षकहरूले सोहि विद्यालयमा टिउसन पढाउन नपाउने नीति गाउँपालिकाले कडाइका साथ अवलम्वन गर्ने ।
- ➢ विद्यालयमा सबै पक्षको सभागिता (स्वास्थ्यकर्मी, प्रहरी, शिक्षा, युवा तथा खेलकुद शाखा, महिला विकास, नगर प्रतिनिधि, बाल प्रतिनिधि आदि) सुनिश्चित गरेर शिक्षा विकास समिति गठन गर्ने ।
- ➢ विद्यायलयको गुणस्तर कायम गर्न नगरक्षेत्र भित्रका सबै राजनैतिक दलहरूबाट राजनैतिक हस्तक्षेप नगर्ने प्रतिवद्धता लिने र शैक्षिक क्षेत्रमा राजनैतिक दलका क्रियाकलापहरूको प्रभाव नपार्ने र यसको लागि साझा सहमति निर्माण गर्ने ।

- दक्ष तथा तालिम प्राप्त शिक्षक, स्वच्छ तथा वातावरण, गुणस्तरीय स्थानीय शैक्षिक सामग्रीको निर्माण र प्रयोगको विद्यालयले सुनिश्चत गर्ने ।
- प्रधानाध्यापकहरु तथा शिक्षकलाई प्रोत्साहनको व्यवस्था तथा प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ साथै उत्कृष्ट कार्य गर्न तहगत शिक्षकलाई पुरस्कृत गरिनेछ  र यसको मापन कार्यसम्पादन करार सम्झौता र मूल्याङ्कन मार्फत गरिनेछ ।
- विद्यालय सुपरीवेक्षण तथा शिक्षकको पेसागत  सहयोगको लागि पालिका तहमा निश्चित कार्यविधि बनाई लागु गरिनेछ ।

- **सबै विद्यालय र बालबालिकालाई संभावित जोखिम नपर्ने गरी सुरक्षित विद्यालय प्रबर्धन गर्नुका साथै सम्पूर्ण विद्यालयहरूमा आधारभूत स्वास्थ्य र सरसफाइ व्यवस्था गरिनेछ ।**

- हरेक विद्यालयहरूमा विपत् जोखिम न्यूनिकरण योजना निर्माण गर्ने र यस्ता विषयवस्तुहरू विद्यालय सुधार योजनामा समावेश गर्न अनिवार्य गर्ने ।
- हरेक विद्यालयका बालबालिकाहरूलाई भुकम्पबाट जोगिने उपायहरूको बारेमा पूर्व अभ्यास र वास्तविक अभ्यास गर्न हरेक विद्यालयमा श्रोत शिक्षकको व्यवस्थापन गर्ने ।
- सबै विद्यालयमा स्वास्थ्य सुरक्षाको मापदण्ड अपनाउने नीति अनिवार्य लागु गर्ने ।(मास्क,सेनिटाईजर दैनिक रूपमा प्रयोग गर्ने र नियमित सावुन पानिले हात धुने )
- प्रत्येक वडास्तरमा शिक्षा, स्वास्थ्य, पोषण, खेलकुद, मनोरञ्जन र सर्वाङ्गीण व्यक्तित्व विकासका लागि व्यवस्था गर्ने ।
- छात्र र छात्राहरूको लागि बेग्लाबेग्लै शौचालयको व्यवस्था गर्ने ।
- हात धुने, व्यक्तिगत सरसफाई तथा विपत् जोखिम न्यूनिकरण विषयमा अभिभावकहरूलाई अभिमुखिकरण गर्ने
- कोरोना भाईरस कोभिड १९ जस्ता अकस्मात देखिने रोग तथा, विपत् जोखिम व्यवस्थापन तथा न्यूनिकरण सम्बन्धी नगरस्तरीय योजना निर्माण गर्ने ।
- विद्यालयले वर्षको २ पटक अनिवार्यरूपमा सम्बन्धित स्वास्थ्य चौकीको समन्वयमा बालबालिकाहरूको परीक्षण पनि गर्ने र जुकाको औषधी खाएको सुनिश्चत गर्ने ।
- विद्यार्थीहरूको व्यक्तिगत सरसफाई (नङ काट्ने, कपाल कोर्ने, पोशाक सरसफाई) र विद्यालयस्तरीय सरसफाई सम्बन्धी क्रियाकलाप सञ्चालन गर्ने ।
- विपत् प्रभावित, विस्थापित परिवार तथा बालबालिकाहरूको पुन;;स्थापना गर्न तथा तत्काल अस्थायी पढाइ केन्द्र मार्फत बालबालिकाहरूको पढाइलाई निरन्तर गर्ने । वैकल्पिक शिक्षाका माध्यमहरु लागु गर्ने (रेडियो, टेलिभिजनमा घुम्टि शिक्षक टोल शिक्षा)

- **निजी विद्यालयहरूलाई न्यूनतम मापदण्ड तयार गरी नियमन र व्यवस्थापन गरिनेछ ।**

- निजी विद्यालयहरूको गुणस्तर मापन गरी सेवामूलक बनाउन उनीहरूलाई निश्चित छात्रवृत्ति कम्तिमा १० प्रतिशत) कोटा निर्धारण गरी कार्यान्वयन गराउने । साथै कार्यान्वयन भए नभएको बारेमा अनुगमन प्रणालीलाई प्रभावकारी बनाउने ।
- निजी विद्यालयहरूले विद्यार्थीलाई प्रदान गर्ने सुविधाको आधारमा शुल्क निर्धारण गर्ने नीति अवलम्वन गर्ने ।
- गाउँपालिकाले संस्थागत विद्यालयहरूको लागि बालमैत्री सूचक सहितका न्यूनतम मापदण्ड तयार गरेर कार्यान्वयन गर्ने र कार्यान्वयन भए नभएको अनुगमन गर्ने ।
- अब स्थापना हुने नीजी विद्यालयहरूलाई सेवामूलक गुठीको रूपमा सञ्चालन गर्ने अनुमति दिने र नेपाल सरकारको नीतिनियम बमोजिम स्वीकृति तथा अनुमति नलिई सञ्चालन भएका यस्ता विद्यालयहरूको लागि जनप्रतिनिधिहरूको संयोजकत्वमा समिति गठन गरेर छानविनको दायरामा ल्याउने ।
- नीजि लगानीका शैक्षिक संस्थाहरुलाई नियमन गर्ने र उनिहरुका राम्रा अभ्यासलाई अनुसरण गर्दै स्तरीकरण गर्ने ।

- **विद्यालयको अनुगमन तथा मूल्याङ्कन गर्ने**

- प्रभावकारी अनुगमनको माध्यमबाटयोजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त भएको हुनेछ ।
- विद्यालय प्रधानाध्यापकको छनोट र नियुक्ति प्रक्रियालाई पारदर्शी, विश्वसनीयता कायम गर्न निश्चित कार्यविधि तयार गरी नेतृत्व परीक्षण लागु गरिनेछ साथै प्रधानाध्यापकहरुका लागि समयसापेक्ष रूपमा थप भत्ताको व्यवस्था गरिनेछ ।
- विद्यालयको सुशासन, जवाफदेहिता तथा ब्यवस्थापनमा प्रभावकारीता ल्याउन विभिन्न रणनीतिहरु कार्यान्वयनमा ल्याइनेछ । त्यस्ता रणनीतिहरुमा विद्यालयको नेतृत्वको क्षमता विकास कार्यक्रम, विद्यालय आचार सिंहता निर्माण र कार्यान्वयन, कार्यसम्पादन करार सम्झौता गरी पुरस्कार र दण्डको नीति अवलम्बनगिरनेछ ।
- बाह्य परीक्षकबाट हरेक बर्ष विद्यालयको कार्यसम्पादन मूल्याङ्कन, सामाजिक परीक्षण, लेखा परीक्षण र कार्यसम्पादन मूल्याङ्कनको आधारमा विद्यालयमा जाने कार्यक्रम तथा निकासालाई जोड्दै अनिवार्य र प्रभावकारी बनाइने तथा विद्यालयको नियमित मासिक शैक्षिक गतिविधिहरुको जानकारीको प्रतिवेदन मासिक रूपमा सूचना प्रविधि मार्फत लिने प्रबन्ध मिलाईने छ ।
- अनुगमन तथा मूल्याङ्कन प्रणाली चुस्त, दुरुस्त बनाइनेछ तथा परीक्षा प्रणालीमा पनि स्तरीकृत गर्दै लगिनेछ ।

## २.९ अपेक्षित उपलब्धिहरु

- प्रारम्भिक बालविकास र शिक्षा, आधारभूत तथा माध्यमिक तहका शिक्षामा सबै बालबालिकाको समतामूलक पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुनेछ ।
- सबै तहका सामुदायिक विद्यालय, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा उच्च शिक्षा प्रदायक संस्थाहरूमा पेसागत रूपमा सबै जनशक्ति दक्ष भै कार्यरत रहेको हुने हुनेछन् ।
- पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार भएको हुनेछ
- सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार भएको हुनेछ र शिक्षक पेसागत सहायता प्रणालीको प्रभावकारी रूपमा सञ्चालन भएको हुनेछ।
- सबै विद्यालयहरू गुणस्तरीय शिक्षा प्रदान गर्न सक्षम भएका हुनेछन् र बालबालिकाको न्यूनतम सिकाइ ।
- एक वडा एक नमुना विद्यालय (तहगत रूपमा) को विकास भै पालिका भरी सबै विद्यालयहरु नमुनायोग्य भएको हुनेछन् ।
- विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित भएको हुनेछ
- सबै तहका बिद्यार्थीहरुमा टिकाउ दर बढ्नुको साथै कक्षा दोहोर्याउने दर कम भएको हुनेछ ।कक्षा उत्तीर्ण दर पनि बढेको हुनेछ ।
- सबै तहका बिद्यालयले आधारभूत मापदण्ड पुरा माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि भएको हुनेछ
- प्राविधिक शिक्षालयको स्थापना भै बिद्यार्थीहरुले विभिन्न क्षेत्रको व्यवहारीक सिप हासिल गरेका हुनेछन् । पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धता, उत्प्रेरित शिक्षकको व्यवस्थापन, प्रविधिको समुचित प्रयोग, र उचित सिकाइ वातावरणको निर्माण भएको हुनेछ ।
- भर्ना, सहभागिता र सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक लगायतका समता सूचकमा सुधार भएको हुनेछ ।
- विद्यालयहरूमा प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील भएको हुनेछ ।
- बालबालिकाको पोषण, स्वास्थ्य, सुरक्षित खानेपानी, सरसफाइ, तथा अतिरिक्त क्रियाकलाप, खेलकुद जस्ता क्षेत्रमा उल्लेख्य रूपमा सुधार भएको हुनेछ ।

## २.१० शिक्षा योजनाका कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

| क्र.सं. | सूचक | सूचकहरुको तहको | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०९० |
|---|---|---|---|---|---|---|
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कुलभर्ना दर | स्थानीय | ९६.२ | ९८ | १०२ | १०० |
| | | प्रदेश | ८६.८५ | | | |
| | | राष्ट्रिय | ८६.२ | ८९.५ | ९४.० | ९९.० |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका | स्थानीय | ६१.४ | ७५ | ९० | १०० |
| | | प्रदेश | ८१.९१ | | | |
| | | राष्ट्रिय | ६८.६ | ७३.० | ८५.० | ९५.० |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर | स्थानीय | ९५.९ | ९७ | ९९ | १०० |
| | | प्रदेश | ९५.९५ | | | |
| | | राष्ट्रिय | ९६.९ | ९७.५ | ९९.० | १०० |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कुलप्रवेश दर | स्थानीय | ११५.९ | ११० | १०५ | १०० |
| | | प्रदेश | १२०.९९ | | | |
| | | राष्ट्रिय | १२१.९ | ११५.० | १०७.० | १०५.० |
| २.३ | आधारभूत तह प्राथमिक कक्षा १-५मा खुद भर्ना दर | स्थानीय | ९५.३ | ९७ | ९८ | १०० |
| | | प्रदेश | ९५.८५ | | | |
| | | राष्ट्रिय | ९७.१ | ९९.० | ९९.५ | १०० |
| २.४ | आधारभूत तह प्राथमिक कक्षा १-५मा कुलभर्ना दर | स्थानीय | ११८.६ | ११३ | १०८ | १०० |
| | | प्रदेश | १२६.३९ | | | |
| | | राष्ट्रिय | ११९.२ | ११५.० | | |
| २.५ | आधारभूत तहको कक्षा १-५को कक्षा छाड्ने दर | स्थानीय | २.९ | २.५ | १.५ | ०० |
| | | प्रदेश | ४ | | | |
| | | राष्ट्रिय | ३.२४ | | | |
| २.६ | आधारभूत तहको कक्षा १-५को कक्षा दोहोर्याउने दर दर | स्थानीय | ५.४ | ५ | २ | ० |
| | | प्रदेश | १२.२५ | | | |
| | | राष्ट्रिय | ८.४९ | | | |
| २.७ | आधारभूत तहको कक्षा १-५को कक्षा उत्तीर्ण दर | स्थानीय | ८७.१ | ९१ | ९५ | १०० |
| | | प्रदेश | ७९.१५ | | | |
| | | राष्ट्रिय | ८३.८३ | | | |
| २.८ | आधारभूत तह प्राथमिक कक्षा ५पुरा गर्ने दर | स्थानीय | | | | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ८५.८ | ९३.१ | ९५.५ | ९९.५ |
| २.९ | आधारभूत तहमा प्राथमिक कक्षा १-५मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका | स्थानीय | | | | २ |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | २२.२ | २०.० | १५.० | १०.० |
| २.१० | आधारभूत तह प्राथमिक कक्षा १-५कुलभर्ना दरमा लैङ्गिक समता सूचाङ्क | स्थानीय | १.०३ | १.०२ | १.०१ | १.०० |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | १.०६ | | | १.०१ |
| २.११ | आधारभूत तह कक्षा १-८ मा खुद भर्ना दर | स्थानीय | ९५.६ | ९७ | ९८ | १०० |

| क्र.सं. | सूचक | सूचकहरुको तहको | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०९० |
|---|---|---|---|---|---|---|
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ९३.४ | ९९.० | | १०० |
| २.१२ | आधारभूत तह कक्षा १-८ मा कुलभर्ना दर | स्थानीय | ११७.६ | १०५ | १०३ | १०० |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ११०.४ | | | |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर | स्थानीय | ८८.० | ९० | ९५ | १०० |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ७९.३ | | | ९५.० |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पुरा गर्ने दर | स्थानीय | | | | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | | | | ९५.० |
| २.१५ | आधारभूत तह कक्षा १-८ कुलभर्ना दरमा लैङ्गिक समता सूचक | स्थानीय | १.०८ | १.०५ | १.०२ | १.०० |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | | | | |
| २.१६ | विद्यालय वाहिर रहेका बालबालिका – आधारभूत (कक्षा १-५) | स्थानीय | | | | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | २.९ | १.० | ०.५ | ० |
| | विद्यालय वाहिर रहेका बालबालिका – आधारभूत (कक्षा १-८) | स्थानीय | | | | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ६.६ | | १.० | ० |
| २.१७ | आधारभूत तह कक्षा १ –८ अध्यापनरत कुलशिक्षक मध्ये महिला शिक्षकको प्रतिशत | स्थानीय | ३४.२५ | ३८ | ४० | ४२ |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ४७ | ४५.० | ५०.० | ५०.० |
| २.१८ | आधारभूत तह कक्षा ६ –८ मा कक्षा छोड्ने दर | स्थानीय | १.८ | १.५ | ०.५ | ० |
| | | प्रदेश | ३.०३ | | | |
| | | राष्ट्रिय | २.८ | | | |
| २.१९ | आधारभूत तह कक्षा ६ –८ मा कक्षा दोहोर्याउने दर | स्थानीय | ०.६ | ०.४ | ०.२ | ००९६ |
| | | प्रदेश | ६.५६ | | | |
| | | राष्ट्रिय | ५.१९ | | | |
| २.२० | आधारभूत तह कक्षा ६ –८ मा कक्षा उतिण दर | स्थानीय | ९३.२ | ९६ | ९८ | १०० |
| | | प्रदेश | ८५.८१ | ९० | ९५ | ९८ |
| | | राष्ट्रिय | ८८.२ | | | |
| ३.१ | माध्यमिक तह कक्षा ९ –१२ मा कुल भर्ना दर | स्थानीय | ७६.५ | ९५ | ११० | १०० |

| क्र.सं. | सूचक | सूचकहरुको तहको | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०९० |
|---|---|---|---|---|---|---|
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ४७.६ | | ६५.० | |
| ३.२ | माध्यमिक तह कक्षा (९ –१२) मा खुद भर्ना दर | स्थानीय | ६०.५ | ८० | ९० | १०० |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ७१.४ | | | ९९.० |
| ३.३ | माध्यमिक तहमा कुलभर्ना दरमा लैङ्गिक समता सूचक कक्षा ९ –१२ | स्थानीय | १.०६ | १.०४ | १.०२ | १.०० |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | १.०२ | १.०० | १.०० | १.०० |
| ३.४ | आधारभूत तहवाट माध्यमिक तहमा ट्रान्जिसन दर | स्थानीय | | | | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ९७.५ | | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर | स्थानीय | | | | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ६०.३ | | | |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर | स्थानीय | | | | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | २४.० | | | |
| ३.७ | माध्यमिक तह कक्षा ९ –१२ मा कार्यरत महिला शिक्षक प्रतिशत | स्थानीय | ३६.३६ | ३८ | ४० | ४२ |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | २०.६ | २२.० | २७.० | ३३.० |
| ३.८ | कक्षा ९ मा प्राप्त ग्रेड | स्थानीय | १.४३ | २.०० | २.५ | ३.०० |
| ३.९ | माध्यामिक तह कक्षा ९ –१० मा कक्षा छोड्ने दर | स्थानीय | १.९ | १.५ | १ | ० |
| | | प्रदेश | २.३५ | | | |
| | | राष्ट्रिय | १.९४ | | | |
| ३.१० | माध्यामिक तह कक्षा ९ –१० मा कक्षा दोहोर्याउने दर | स्थानीय | ०.२ | ०.१ | ०० | |
| | | प्रदेश | २.४७ | | | |
| | | राष्ट्रिय | २.१८ | | | |
| ३.११ | माध्यामिक तह कक्षा ९ –१० मा कक्षा उतिण दर | स्थानीय | ९५.० | ९७ | ९८ | १०० |
| | | प्रदेश | ९१.५२ | | | |
| | | राष्ट्रिय | ९३.४२ | | | |
| | माध्यामिक तह कक्षा ११ –१२ मा कक्षा छोड्ने दर | स्थानीय | २.८ | २.० | १.० | ०.० |
| | | प्रदेश | १.११ | | | |
| | | राष्ट्रिय | ०.८९ | | | |
| ३.१२ | माध्यामिक तह कक्षा ११ –१२ मा कक्षा दोहोर्याउने दर | स्थानीय | ०० | ०.० | ०.० | ०.० |
| | | प्रदेश | २.८ | | | |
| | | राष्ट्रिय | ०.७८ | | | |

| क्र.सं. | सूचक | सूचकहरुको तहको | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०९० |
|---|---|---|---|---|---|---|
| ३.१३ | माध्यामिक तह कक्षा ११ –१२ मा कक्षा उतिण दर | स्थानीय | ९०.२ | ९३ | ९७ | १०० |
| | | प्रदेश | ९१.११ | | | |
| | | राष्ट्रिय | ९१.२७ | | | |
| ४.१ | साक्षरता दर कुल | स्थानीय | ७६.९ | ८० | ८५ | ९५ |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ५८.० | | ९५.० | |
| ४.२ | महिला साक्षरता | स्थानीय | ७०.७ | ७५ | ८५ | ९० |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ०.६५ | | | ०.८० |
| ५.१ | प्राविधिक तथा व्यावसायिक सिप विकास तथा तालिम प्राप्त आर्थिक रूपले सक्रिय जनशक्ति | स्थानीय | | | | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ३१.० | ४०.० | ५०.० | ७५.० |
| ६.१ | आधारभूत तह कक्षा १ –५मा विद्यार्थीःशिक्षक अनुपात सामुदायिक विद्यालय | स्थानीय | १:११ | १:२५ | १:३५ | १:४० |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | २४:१ | | ३०:१ | ३०:१ |
| ६.२ | आधारभूत तह कक्षा ६ –८ मा विद्यार्थीःशिक्षक अनुपात सामुदायिक विद्यालय | स्थानीय | १:२३ | १:३५ | १:४० | १:४५ |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ३०:१ | | ३०:१ | ३०:१ |
| ६.३ | आधारभूत तह कक्षा १ –८ मा विद्यार्थीःशिक्षक अनुपात सामुदायिक विद्यालय | स्थानीय | १:१४ | १:२५ | १:३५ | १:४५ |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ३३:१ | ३१:१ | ३०:१ | ३०:१ |
| ६.४ | माध्यमिक तह कक्षा ९ –१० मा विद्यार्थीःशिक्षक अनुपात सामुदायिक विद्यालय | स्थानीय | १:२५. | १:३५ | १:४० | १:४५ |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ४:१ | | ३०:१ | ३०:१ |
| ६.५ | माध्यमिक तह कक्षा ९-१२ मा विद्यार्थीःशिक्षक अनुपात | स्थानीय | १:३४ | १:४० | १:४५ | १:४५ |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ४१:१ | ३५:१ | ३०:१ | ३०:१ |
| ७.१ | कुलबजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट रू हजारमा | स्थानीय | | | | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | १०.६८ | १५.० | १७.० | २०.० |
| ७.२ | आधारभूत तह कक्षा १-८ मा प्रति विद्यार्थी सरकारी खर्च रू हजारमा | स्थानीय | | | | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | १८ | २१ | २४ | |
| ७.३ | माध्यमिक तह कक्षा ९-१२ मा प्रति विद्यार्थी सरकारी खर्च रू हजारमा | स्थानीय | | | | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ११ | १५ | १७ | |

स्रोत: शिक्षा तथा मानव स्रोत विकास केन्द्र प्रतिवेदन

# परिच्छेद ३: शिक्षाका मुख्य उपक्षेत्रहरु

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

प्रारम्भिक बालविकास र शिक्षा कक्षा १ का लागि आवश्यक आधारभूत सिकाइ सिपहरू विकासको तयारीको अवधि हो। ४ वर्ष (४८-६० महिना) उमेर समुहका बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक, संज्ञानात्मक विकासमा प्रारम्भिक बालविकास र शिक्षाको महत्वपूर्ण भूमिका हुन्छ।नेपालमा प्रारम्भिक बाल शिक्षा तथा विकास उपक्षेत्र अन्तर्गत विभिन्न ढाँचा तथा अवधिमा कार्यक्रम सञ्चालन भईरहेका छन् ; जस्तै- प्रारम्भिक बाल विकास केन्द्र, विद्यालयमा आधारित पूर्व प्राथमिक शिक्षा तथा समुदायमा आधारित र अन्य । अनिवार्य तथा नि :शुल्क शिक्षासम्बन्धी ऐन २०७५, राष्ट्रिय शिक्षा नीति , २०७६ र सोह्रौं योजना (२०८०/८१-८५/८६) ले प्रारम्भिक बाल विकास र शिक्षालाई प्रभावकारी रूपमा कार्यान्वियन गर्ने बारेमा जोड दिएका छन् । प्रारम्भिक बाल विकास राष्ट्रिय रणनीति (२०७७-२०८८) ले ४-८ वर्षका बालबालिकाका लागि प्रारम्भिक बालविकास देखि कक्षा ३ सम्मका बालबालिकासको विकास तथा सिकाइका लागि मार्गचित्र प्रदान गरेको छ। उल्लिखित नीतिगत व्यवस्थामा आधारित रहि प्रारम्भिक तहका बालबालिकाहरुको शारीरीक, मानसिक, संवेगात्मक, सामाजिक एवं नैतिक तथा सिर्जनात्मक पक्षको विकास गर्न र प्रारम्भिक बालविकास र शिक्षालाई पहुँचयोग्य, सु-व्यवस्थित र गुणस्तरीय बनाउन त्रिवेणी गाउँपालिकाले प्रारम्भिक बालविकास र शिक्षालाई शिक्षालाई शिक्षा योजनामा समावेश गरेको छ ।

### ३.१.१ वर्तमान अवस्था

त्रिवेणी गाउँपालिकामा जम्मा सामुदायिक तर्फ २८ वटा बालविकास केन्द्रहरु रहेका छन् ।२८ वटा बालविकास केन्द्रहरुमा जम्मा ३५जना बालविकास शिक्षकहरु रहेका छन् । बालविकास शिक्षकहरुमा १२ जना गाउँपालिका अनुदान र अन्य **सङ्घीय** अनुदानबाट सुविधा प्राप्त हुने गरी व्यवस्थापन गरिएको छ । वडागत रूपमा वडा न. १ मा ८ वटा, वडा न. २ मा ६ वटा, वडा न. ३ मा ४ वटा, वडा न. ४ मा २ वटा, वडा न. ५ मा ५ वटा र वडा न. ६ मा ३ वटा २८ वटा बाल विकास केन्द्रहरु रहेका छन् । त्यसैगरी गाउँपालिकामा सञ्चालनमा रहेका ६ वटा संस्थागत विद्यालयहरुमा प्रारम्भिक बालविकास कक्षा सञ्चालनमा रहेका छन् जसमा वडा न. १ मा १ वटा, वडा न. ३ मा २ वटा, वडा न. ४ मा १ वटा र वडा न. ६ मा २ वटा रहेका छन् ।

**प्रारम्भिक बालविकास र शिक्षा तहमा जम्मा विद्यार्थी विवरण**

| तह | सामुदायिक तर्फ | | | संस्थागत तर्फ | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | |
| प्रारम्भिक बालविकास तह | २७८ | २५४ | ५३२ | २३८ | ३१२ | ५५० | १०८२ |

स्रोत: त्रिवेणी गाउँपालिकाको इमिस प्रतिवेदन - २०८१

बालविकास सहजकर्ताको न्यूनतम योग्यता एस. एल. सी/.एस. इ. इ. र अधिकतम योग्यता कक्षा १२ पास रहेको छ । हाल सञ्चालनमा रहेका अधिकांश बालविकास केन्द्रहरूले न्यूनतम मापदण्ड पुरा गरेका छैनन् । बालविकास केन्द्र बालबालिकाको घरबाट १० देखि १५मिनेटको पैदल दुरीमा हुनुपर्नेमा सो नभएको तथा कतै कतै आधा घण्टा भन्दा बढी समय लाग्ने गरेको छ । यसले पनि बालबालिकाको प्रारम्भिक बालविकास केन्द्रमा नियमित हुन नसकेको देखिन्छ । भूगोल, जनसङ्ख्या, बस्ती आदिलाई मध्यनजर गरी नक्साङ्कनको आधारमा बालविकास केन्द्रको समायोजन तथा स्थानान्तरण गर्नुपर्ने जरुरी हुन आउँछ । यदि नयाँ बालविकास केन्द्रहरूको स्थापना गर्न आवश्यक देखिएमा यसका लागी अध्ययन र आवश्यकता पहिचान गर्न जरुरी देखिन्छ ।बालविकास शिक्षा सुधार योजना निर्माण गरी बालबालिकाहरुको मूल्यांकन फारम मार्फत वार्षिक ४ पटक विद्यार्थीको सिकाइ तथा विकास मुल्यांकन गर्ने गरीएको छ । गाउँपालिकाका सबै बालविकास केन्द्रहरु विद्यालयले व्यवस्थापन गर्ने गरी व्यवस्था गरीएको छ ।

प्रारम्भिक बालविकासमा आधार बर्ष २०८० को तथ्याङ्क हेर्दा कुल भर्नादर ९६.२ र खुद भर्नादर ६१.४ मात्र रहेको छ । शिक्षक बिद्यार्थी अनुपात १:१५रहेको छ भने लैङ्गिक समता सूचक १.०९ रहेको छ । समग्रमा हेर्दा सामुदायिक बिद्यालयका बालविकास केन्द्रमा बालबालिकाको **सङ्ख्या** घट्दो क्रममा रहेको साथै उक्त उमेर समुहका बालबालिकाको आकर्षण संस्थागत विद्यालयमा देखिन्छ। माथिको तथ्याङ्क विश्लेषण गर्दा पनि सामुदायिक तर्फका २८ वटा प्रारम्भिक बालविकास केन्द्र भन्दा संस्थागत तर्फका जम्मा ६ वटा प्रारम्भिक बालविकास केन्द्रमा विद्यार्थी भर्ना बढि देखिएको छ । यो समग्रमा रूपमा विश्लेषण गर्दा चिन्ताजनक पनि रहेको देखिन्छ । प्रारम्भिक बालविकास र शिक्षा केन्द्रले पाठ्यक्रमको प्रयोग, सन्दर्भ सामग्रीहरुको प्रयोग गरेको देखिदैन । अझैं पनि कतिपय स्थानहरुमा प्रारम्भिक बालविकासको लागि भवन, कक्षा कोठा, सिकाइ सामाग्रीहरु, अपाङ्गमैत्री भौतिक संरचना, पहुँच, पोषणयूक्त दिवा खाजाको प्रयाप्ततामा समस्या परिरहेको देखिन्छ। प्रारम्भिक बालविकासमा कार्यरत सहजकर्ताहरुको समयसापेक्ष पारिश्रमिक र पेसागत सिप विकासका अवसरहरुमा कमी देखिन्छ। यद्यपि स्थानीय तहबाट प्रारम्भिक बालविकास शिक्षकका लागि रु ५००० । थप गरेको छ, यी समस्याहरुलाई समाधान गर्न संघ, प्रदेश, स्थानीय सरकार लगाएत सबै सरोकारवालाहरुको सहयोग अपरिहार्य देखिन्छ ।

### ३.१.२ उद्देश्य

क) प्रारम्भिक बालविकास र शिक्षामा सबै बालबालिकाहरुको समतामूलक र सहभागितामूलक पहुँच सुनिश्चित गर्नु ।

ख) प्रारम्भिक बालविकास उमेर समुहका सबै बालबालिकाहरुलाई प्रारम्भिक बालविकास र शिक्षाको अनुभव सहित कक्षा १ को लागि तयार पार्नु ।

ग) त्रिवेणी पालिकामा रहेका सबै प्रारम्भिक बालविकास केन्द्रको न्यूनतम मापदण्ड पुरा गरी प्रारम्भिक बालविकास तहको शिक्षाको गुणस्तरमा सुधार ल्याउनु।

घ) प्रारम्भिक बालविकास र शिक्षाका शिक्षकहरुको क्षमता विकास र प्रोत्साहनमा प्रेरित गर्नु र बालबालिकाको लागि सुरक्षित सिकाइ वातावरण निर्माण गर्नु।

### ३.१.३ रणनीति

क) प्रारम्भिक बालविकास र शिक्षामा सबै बालबालिकाहरुको समतामूलक र सहभिगतामूलक सहभागिता सुनिश्चित गर्नको लागि प्रारम्भिक बालविकास केन्द्रहरुको न्यूनतम मापदण्ड पुरा गरी प्रारम्भिक बालविकास र शिक्षा सञ्चालन गर्ने

ख) भौगोलिक जटिलता र लक्षित समुदायका बालबालिकाहरुका लागि आवश्यकताका आधारमा सिकाइ केन्द्र थप गर्ने तथा पुन;र्वितरण गर्ने वा समायोजन गर्ने।

ग) प्राम्भिक बालविकासको शैक्षिक गुणस्तर सुनिश्चित गर्नका लागि शिक्षकको क्षमता विकास, पाठ्यक्रम प्रवोधिकरण, अभिभावक सचेतिकरण जस्ता विविध कार्यक्रमहरु कार्यान्वयन गर्ने ।

घ) प्रारम्भिक बालविकास र शिक्षाका शिक्षकहरुको पेसागत दक्षता अभिवृद्वि गर्नुका साथै समय सापेक्ष सेवा सुविधा तथा पारिश्रमिक र प्रोत्साहन बढाउन स्रोतको व्यवस्थापन गर्ने।

ङ) प्रारम्भिक बालविकासको अनुभव लिएका बालबालिकाई मात्र कक्षा १ मा भर्ना गराउने नीति अवलम्बन गर्ने ।

च) राष्ट्रिय पाठ्यक्रम प्रारूपमा आधारित भई प्रारम्भिक बालविकास तथा शिक्षाका लागि न्यूनतम कार्यक्रमहरु सञ्चालन गर्ने ।

छ) प्रारम्भिक बालविकास र शिक्षाको प्रभावकारीता वृद्विको निम्ति प्रारम्भिक बालविकासमा कार्य गर्ने सम्पुर्ण सरोकारवालाहरु सँग सहकार्य गर्ने ।

ज) प्रारम्भिक बालविकास र शिक्षाका सेवाहरु प्रदान गर्दा हरित विद्यालय अवधारणा अवलम्बन गर्ने ।

झ) एक विद्यालय एक प्रारम्भिक बालविकास र शिक्षा केन्द्र अनिवार्य गर्ने र हाल रहेको एक नमुना प्रारम्भिक बालविकास र शिक्षाको अवधारणालाई अन्य बालविकास केन्द्रहरुमा विस्तार गरिनेछ ।

ञ) ELDS अनुसार सिकाइको न्यूनतम मापदण्ड सुनिश्चित गर्ने,

ट) प्रारम्भिक सिकाइ विकास मापदण्ड (ELDS) को आधारमा प्रारम्भिक विकास सिकाइलाई सवलिकरण गर्ने ।

ठ) प्रारम्भिक बाल विकास शिक्षा/पूर्व प्राथमिक शिक्षा कार्यक्रमहरू सञ्चालन भएका विद्यालयमा कम्तिमा एक जना शिशु वा बालस्याहार कार्यकर्ताको व्यवस्थापन गर्न आवश्यक सहयोग गर्ने,

ड) प्रारम्भिक बालविकास कक्षा र बालविकास केन्द्रका शिक्षकहरूको न्यूनतम योग्यता निर्धारण गरी हालकार्यरत बालविकास शिक्षकहरूलाई योग्यतामा आधारित वृत्ति विकास र स्तर वृद्धिको अवसर प्रदान गर्न साझेदारीका कार्यक्रमहरु सञ्चालन गर्ने,

ढ) स्वास्थ्य, पोषण, शिक्षा र सुरक्षामा एकीकृत पद्धतिबाट विद्यालयमा बालबालिकाका लागि बहुक्षेत्रीय प्रारम्भिक बाल विकास योजना निर्माणका लागि समन्वय र सहकार्य गर्ने,

ण) शिक्षकलाई ELDS–अधारित पाठ योजना र मूल्यांकनमा दक्ष बनाउने र खेलमा आधारित सिकाइ विधिको प्रयोग गर्ने ।

त) बहुक्षेत्रीय (Health, Nutrition, WASH) समन्वयमा आधारित बालविकास प्रवर्द्धन

### ३.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**प्रमुख उपलब्धि:**

क) प्रारम्भिक बालविकास र शिक्षामा सबै बालबालिकाहरुलाई समतामूलक गुणस्तरिय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भै उनीहरुको गुणस्तरीयसिकाइ सुनिश्चित भएको हुने ।

ख) सबै प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रले न्यूनतम मापदण्ड पुरा गरी सुरक्षित सिकाइ वातावरणा निर्माण गरेको हुनेछन् ।

ग) प्रारम्भिक बालविकास र शिक्षाका लागि उमेर पुगेका सत- प्रतिशत बालबालिकाहरुले प्रारम्भिक बालविकासको अनुभव हासिल गरेका हुनेछन् ।

घ) भाषा, गणित, सामाजिक–भावनात्मक, सृजनात्मक कला, शारीरिक विकास लगायत ६ डोमेनमा बालबालिकाको सिकाइ स्तर वृद्धि भै बालबालिका कक्षामा सक्रिय सहभागिता गर्न थाल्नेछन ।

ङ) बालबालिकाको school readiness मा प्रगति भै स्वास्थ्य, पोषण र WASH संयोजन प्रभावकारी हुनुको साथै ELDS आधारिक मूल्यांकन र अनुगमन प्रणाली स्थापना भएको हुनेछ ।

**नतिजा तथा परिमाणत्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकासमा कुलभर्ना **सङ्ख्या** | १०८२ | ११२० | ११४० | ११६० | ११८० |
| २ | न्यूनतम मापदण्ड पुरा गरेका बालविकास केन्द्रको **सङ्ख्या** | ० | ५ | १० | १५ | २० |
| ३ | प्रारम्भिक बालविकासमा खुद भर्नादर (२०८०) | ६१.४ | ६८ | ७० | ७५ | ८० |
| ४ | प्रारम्भिक बालविकासमा कुल भर्नादर (२०८०) | ९६.२ | ९८ | १०० | १०२ | १०५ |
| ५. | शिक्षक विद्यार्थी अनुपात | १:१५ | १:१६ | १:१६ | १:१७ | १:१७ |
| ६ | लैङ्गिक समता सूचक | १.०९ | १.०८ | १.०७ | १.०६ | १.०५ |

### ३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य (५ वर्ष ) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | टि पी डि र बालविकास शिक्षकको क्षमता विकास तालिम | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| २ | बालबालिकाको स्वास्थ्य परीक्षण र खोप तथा बृद्धि विकास अभिलेखिकरण | वार्षिक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| ३ | स्थानीय स्तरमा उपलब्ध शैक्षिक तथा खेल सामग्री निर्माणका लागि तालिम तथा प्रयोगात्मक अभ्यास | पटक | ७ | ० | १ | १ | १ | १ | ४ | ३ |
| ४ | पाठ्यक्रम प्रवोधिकरण तथा पुर्नताजगी | पटक | ३ | ० | १ | १ | १ | ० | ३ | निरन्तर |
| ५. | बालविकास केन्द्रको नक्साङ्ककन तथा पुनः वितरण | पटक | २ | ० | १ | ० | १ | ० | २ | निरन्तर |
| ६ | अभिभावक शिक्षा र सचेतिकरण कार्यक्रम | पटक | ६ | ० | १ | १ | १ | १ | ४ | २ |
| ७ | बालविकास शिक्षकको उत्प्रेरणा गर्ने प्रोत्साहन र पुरस्कृत | पटक | २ | ० | १ | ० | १ | ० | २ | निरन्तर |
| ८ | बालविकास केन्द्रहरुमा खेल तथा शैक्षिक सामग्री व्यवस्थापन | केन्द्र | २८ | ० | १५ | १३ | ० | ० | २८ | निरन्तर |
| ९ | बालविकास र केन्द्रहरुमा ६ सिकाइ कर्नरको व्यवस्थापन | केन्द्र | २८ | ० | २८ | - | - | - | २८ | निरन्तर |
| १० | बालविकासका बालबालिलकालाई स्थानीय उत्पादनमा आधारित खाजाको व्यवस्थापन | जना | ३५०० | ५३२ | ६२० | ७४० | ८८० | १०२० | ३८१५ | ३15 |
| ११ | बालविकासका शिक्षकहरुलाई प्रोत्साहन | जना | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ | निरन्तर |
| १२ | सिकाइमैत्री स्मार्ट कक्षाकोठा व्यवस्थापन | केन्द्र | २८ | ३ | ८ | ८ | ८ | १ | २८ | निरन्तर |
| १३ | बालविकास कक्षामा सिकाइ कुना | केन्द्र | २८ | ३ | ८ | ८ | ८ | १ | २८ | निरन्तर |
| १४ | प्रारम्भिक बालविकासका लागि संस्थागत क्षमता विकास जस्तै पालिका स्तरिय बालविकास सञ्चालन वडा सतरिय समिति गठन र क्षमता विकास | पटक | २८ | ० | २८ | - | - | - | २८ | निरन्तर |
| १५ | नमुना बालविकास केन्द्र निर्माण | वटा | २८ | ९ | | १९ | - | - | २८ | निरन्तर |
| १६ | सबै बालविकास केन्द्रहरुम ELDS सूचकअनुसार कक्षा कोठामा आवश्यक ६ डोमेनका सामग्री राख्ने तथा बालमैत्री कुनाहरू (learning corners) जस्तै-भाषा, गणित, कला, विज्ञान, | पटक | २८ | १ | १ | १ | १ | १ | २८ | निरन्तर |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | भूमिकात्मक खेल आदि स्थापनाका लागि स्थानीय सामग्री (locally available resources) प्रयोग गरेर सिकाइ सामग्री निर्माण गर्ने | | | | | | | | | |
| १७ | शिक्षकहरुमा ELDS सम्बन्धि अभिमुखिकरण तथा ६० घण्टे तालिम र ELDS अनुगमन checklist तयारी संगै मूल्यांकन सम्बन्धि तालिम दिनुका साथै शिक्षकलाई coaching/mentoring र peer learning circles सञ्चालन गर्ने । | शिक्षक | २८ | १ | १ | १ | १ | १ | २८ | निरन्तर |
| १८ | विद्यार्थीको सिकाइ उपलब्धि मूल्यांकन (School Readiness Assessment) बाल विकास अभिलेख (Child Development Record) अद्यावधिक गरि नियमित अवलोकन (Observation-based assessment) गर्ने । | विद्यालय | २८ | १ | १ | १ | १ | १ | २८ | निरन्तर |
| १९ | विद्यार्थीहरुका लागि स्वास्थ्य परीक्षण, पोषण अवस्था मापन (growth monitoring) गर्ने विद्यालयमा पिउने पानी, हात धुने सुविधा, बालमैत्री शौचालय स्थापना गर्ने र स्वास्थ्य तथा पोषण शिक्षा (health & nutrition education sessions) सम्बन्धि कक्षा सञ्चालन गर्ने | विद्यालय | २८ | १ | १ | १ | १ | १ | २८ | निरन्तर |

## ३.२ आधारभूत शिक्षा

बालबालिकाहरुको सर्वाङ्गिण विकास, गुणस्तरीय जीवनयापन र सामाजिकीकरणमा सहयोग पुर्याउनका लागि राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ अनुसार कक्षा १-८ को शिक्षालाई आधारभूत तहको शिक्षाको रूपमा कार्यान्वयन गरेको छ । आधारभूत तहको शिक्षाले बालबालिकाको बलियो शैक्षिक जग निर्माण गर्नमा मद्धत पुर्याउदछ । नेपालको संविधान २०७२ ले आधारभूत शिक्षालाई अनिवार्य तथा निःशुल्क हुने व्यवस्था गरेको छ ।नेपालमा बसोबास गर्ने प्रत्येक बालबालिकाहरुलाई अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँचको हक हुने छ ।अनिवार्य तथा निःशूल्क शिक्षा ऐन २०७५र अनिवार्य तथा निःशूल्क शिक्षा नियमावली २०७७ मा व्यवस्था भए बमोजिम यस तहका लागि योग्य सबै बालवालिकहरुलाई अनिवार्य र नि; शुल्क शिक्षामा पहुँचको हक हुने व्यवस्था गरिएको छ । नेपालको संविधान २०७२ को अनुसूचि ८ मा पनि स्थानीय सरकारको अधिकार क्षेत्र भित्र आधारभूत र माध्यमिक शिक्षाको व्यवस्था गरिएको छ । आधारभूत तहको शिक्षामा पहुँच, गुणस्तर तथा समता र समग्र शिक्षा क्षेत्रको व्यवस्थापकीय प्रबन्ध को मौजुदा अवस्थाका आधारमा आधारभूत शिक्षाका चुनौतिहरु पहिचान गरी यसको उद्धेश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरुका साथै लक्ष्य तोकिएको छ । उमेर समूहका हिसावले ५ देखि १२ बर्षका बालबालिकाहरूले आधारभूत तहको शिक्षा हासिल गर्नु पर्दछ । बालबालिकाको लागि पाठ्यक्रमले निर्दिष्ट गरेको सिकाइ उपलब्धिहरु हासिल गर्नका निमित्त सही उमेरमा सहि कक्षा प्रवेश गर्ने र पुरा गर्ने गर्नुपर्दछ । आधारभूत तहको शिक्षाको कक्षा १ मा ५बर्षमा प्रवेश गरे पश्चात १२ बर्षको उमेरमा कक्षा ८ पुरा गरिसक्नु पर्दछ ।

### ३.२.१ परिचय

त्रिवेणी गाउँपालिकामा सामुदायिक र संस्थागत गरेर जम्मा ३४ वटै विद्यालय हरुमा आधारभूत तहको शिक्षा सञ्चालनमा रहेको छ । यस अन्तर्गत सामुदायिकतर्फ कक्षा १-३ सञ्चालन भएका ३, कक्षा १-५सञ्चालन भएका १४ , कक्षा १-८ सञ्चालन भएका ५, कक्षा १-१० सञ्चालन भएका २ वटा र कक्षा १-१२ सञ्चालन भएका ४ वटा गरी जम्मा २८ वटा र संस्थागत तर्फ कक्षा १-३ सञ्चालन भएका शुन्य, कक्षा १-५सञ्चालन भएका १, कक्षा १-८ सञ्चालन भएका ४ , कक्षा १-१० सञ्चालन भएका १ वटा र कक्षा १-१२ सञ्चालन भएका शुन्य वटा गरी जम्मा ६ वटा विद्यालयहरू रहेका छन् ।

| क्र.सं. | विवरण | सङ्ख्या | सामुदायिक | संस्थागत |
|---|---|---|---|---|
| १ | कक्षा १-३ सम्मका बिद्यालय | ३ | ३ | ० |
| २ | कक्षा १-५सम्मा मात्रका बिद्यालय | १५ | १४ | १ |
| ३ | कक्षा १-८ सम्मका मात्र बिद्यालय | ९ | ५ | ४ |
| ४ | कक्षा १-१० सम्मका मात्र बिद्यालय | ३ | २ | १ |
| ५ | कक्षा १-१२ सम्मका बिद्यालय | ४ | ४ | ० |
| | जम्मा विद्यालय (आधारभूत तह सञ्चालन) | ३४ | २८ | ६ |

त्रिवेणी गाउँपालिकाको इमिस वि.स.२०८१ को तथ्याङ्क अनुसार आधारभूत तहमा अध्ययन गर्ने विद्यार्थी निम्नानुसार रहेका छन् ।

| तह | सामुदायिक तर्फ | | | संस्थागत तर्फ | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| आधारभूत तह कक्षा (१ -५) | ५१० | ४९७ | १००७ | ३४७ | ४६५ | ८१२ | १८१९ |
| आधारभूत तह कक्षा (६ - ८) | ४३७ | ३७७ | ८१४ | ६६ | ९२ | १५८ | ९७२ |
| जम्मा | ९४७ | ८७४ | १८२१ | ४१३ | ५५७ | ९७० | २७९१ |

सामुदायिक विद्यालय को तथ्याङ्क अनुसार आधारभूत तहको लैङ्गिक समता सूचक १.०८ रहेको छ । यसका साथै आधारभूत तहमा शिक्षक विद्यार्थी अनुपात १:१४ रहेको छ । आधारभूत तह १-५ मा शिक्षक विद्यार्थी अनुपात १:११ रहेको छ भने आधारभूत तह १-८ मा शिक्षक विद्यार्थी अनुपात १:२३ रहेको छ । यसर्थ यी तहमा शिक्षक विद्यार्थी अनुपात मिलाउन पर्ने देखिन्छ । शिक्षा तथा मानव श्रोत विकास केन्द्रको फल्यास प्रतिवेदन२०८० अनुसार आधारभूत तहमा कक्षा १ मा कुल प्रवेश दर ११५.९ र खुद प्रबेश दर ९५.९ रहेको छ । त्यसै गरी कक्षा १ देखि ८ सम्मको कुल भर्ना दर ११७.६ र खुद भर्नादर ९५.६ रहेको छ । कक्षा (१-५) को कुल भर्ना दर र खुद भर्ना दर क्रमश ११८.६ र ९५.३ तथा कक्षा (६-८) को कुल भर्ना दर र खुद भर्ना दर क्रमश ११५.८ र ९६.३ रहेको छ । कक्षा ८ को खुद टिकाउ दर ८८ रहेको छ । कक्षा (१-५) र कक्षा (६-८) को कक्षा उत्तीर्णदर क्रमशः ८७.१ प्रतिशत र ९३.२ प्रतिशत रहेको छ । कक्षा (१-५) र कक्षा (६-८) को विद्यालय छोड्ने दर क्रमशः २.९ प्रतिशत र १.८ प्रतिशत रहेको कक्षा दोहोर्याउने दर भने कक्षा (१-५) र कक्षा (६-८) को क्रमश ५कक्षा (१-५) र कक्षा (६-८) को ५कक्षा (१-५) र कक्षा (६-८) को ४ र ० कक्षा (१-५) र कक्षा (६-८) को ६ रहेको छ । यस गाउँपालिकाले आधारभूत तहको स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गरी कार्यान्वियन समेत गरेको छ । स्थानीय पाठ्यक्रम तथा राष्ट्रिय पाठ्यक्रमको प्रभावकारी कार्यान्वियनको लागि शिक्षकको पेसागत विकास तालिम कार्यशालाहरु सञ्चालन गर्नु पर्ने देखिन्छ । कतिपय ठाँउमा अझै पनि विद्यालय उमेर समूहका बालबालिकाहरु विद्यालय भन्दा बाहिर रहेको पाईन्छ । आधारभूत तहको शिक्षाको पहुँचमा भौगोलिक, सामाजिक, सांस्कृतिक,,आर्थिक र अन्य कारणहरुले प्रभाव पारिरहेको छ । सरोकारवालाहरुको प्रत्यक्ष अनुगमन, नियमन र सहयोग पाएमा बिच मा पढाई छोड्ने र कक्षा दोहोर्याउने दर पनि घट्ने देखिन्छ भने सामुदायिक विद्यालयमा विद्यार्थी **सङ्ख्या** बढाउन सकिने पनि देखिन्छ । विद्यालयलाई बालमैत्री बनाउन सबैको सहभागिता बढाई सबै हिसाबमा मैत्रीपूर्ण वातावरण सुनिश्चित गर्ने, सिकाइ उपलब्धिमा व्यापक सुधार गर्ने साथै आधारभूत तहको शिक्षामा प्रविधिको प्रयोग गर्ने र कक्षा कोठासम्म सबैको समतामूलक पहुँच बढाउन, शिक्षकहरुको नियमित रूपमा पुन;वितरण तथा विद्यालयमा कक्षा उन्नति र घटाउने जस्ता कार्य पनि गर्नुपर्ने देखिन्छ । आधारभूत तहका सबै कक्षा कोठामा सूचना तथा प्रविधिको प्रयोगमा अभिवृद्धि गर्न, विपत् जोखिम न्यूनिकरण योजनामा विद्यार्थीहरुको सहभागिता बृद्धि गर्न, विद्यार्थी मूल्याङ्कनलाई प्रभावकारी बनाई आधारभूत तहको परीक्षालाई व्यवस्थित गर्ने र आधारभूत तहलाई शैक्षिक गुणस्तरको आधारको रूपमा विकास गर्न अझैपनि चुनौतिको रूपमा रहेको छ ।

### ३.२.२ उद्देश्य

(क) अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गरी यस तहमा सबैको समतामूलक र गुणस्तरीय पहुँचको सुनिश्चित गर्नु ।

(ख) सबै बालबालिकाहरुलाई आधारभूत तहमा तय गरिएका न्यूनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्नु ।

(ग) भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, अपाङ्गमैत्री, लैङ्गिकमैत्री, समावेशी, समतामूलक र सुरक्षित बनाउनु साथै आधारभूत तहको सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने र अन्तरसम्बन्धित विषयवस्तुलाई एकिकृत गरी सिकाइ क्रियाकलापहरु सञ्चालन गर्नु ।

(घ) सिकाइ उपलब्धिमा सुधार ल्याउन शिक्षकको पेसागत विकास, सिकाइ सहजीकरण विद्यार्थी मूल्याङ्कन प्रणाली र सूचना सञ्चार प्रविधिलाई व्यवस्थित गर्नु र अभिभावक शिक्षा र सचेतिकरणका माध्यमबाट अभिभावकको सहभागिता समन्वय, सहकार्य र सहयोग सुनिश्चित गर्नु ।

### ३.२.३ रणनीति

(क) अनिवार्य तथा निःशुल्क आधारभूत तहको शिक्षाको कार्यान्वयन गर्न स्थानीय तहले थप आवश्यक नीति, कार्यविधीहरुको तर्जुमा तथा आवश्यक स्रोतको व्यवस्था मिलाईनेछ ।

(ख) आधारभूत तहमा न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइका लागि शिक्षकलाई प्रधानाध्यापक र प्रधानाध्यापकलाई स्थानीय तह प्रति जवाफदेही हुने प्रणालीको विकास गरिनेछ ।

(ग) आधारभूत तहका विद्यालयहरुको भौतिक तथा शैक्षिक वातावरण समावेशी, बालमैत्री, अपाङ्गमैत्री र सुरक्षित बनाउन प्रदेश तथा **सङ्घीय** सरकारसँग तथा अन्य सरोकारवालासँग समन्वय र साझेदारी गरी आवश्यक कार्यक्रमहरु सञ्चालन गरिने छ ।

(घ) आधारभूत तहका बालबालिकाहरुको शैक्षिक उपलब्धि सुधार गर्न शिक्षकको पेसागत तालिमहरु सञ्चालन गरी कार्यान्वयन गरिने छ

(ङ) विद्यार्थी मूल्याङ्कन प्रणाली र सूचना प्रविधि प्रणालीलाई सिकाइको अभिन्न अङ्गसँग जोड्दै विद्यार्थीका दैनिक क्रियाकलापसँग अन्तरसम्बन्धित गराई व्यवस्थित गरिनेछ।

(च) विद्यालयको पहुँच भन्दा बाहिर रहेका सबै बालबालिकाहरुको यथार्थ विवरण **सङ्कलन** गरी उनीहरुको पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाईने छ ।

(छ) शिक्षक, कर्मचारी र प्र.अ. को क्षमता विकास, उत्प्रेरणा र व्यवस्थापन तथा सूचना सञ्चार प्रविधिसँग परिचित गराई शैक्षिक गुणस्तर अभिवृद्धि गरिने छ ।

(ज) बिद्यालयमा सूचना प्रविधीको व्यवस्थापन तथा उच्चतम प्रयोग , सिकाइ आदान प्रदान जस्ता कार्य प्रभावकारी रूपमा लगिनेछ ।

(झ) वि.व्य.स., शि.अ.स. र अभिभावकहरुको क्षमता विकास गर्न अभिमुखिकरण तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

(ञ) शिक्षक तथा विद्यार्थीहरुलाई मनोसामाजिक परामर्श उपलब्ध गराईनेछ र बालबालिकालाई सिकाइमा अभिप्रेरित गर्ने वातावरण सिर्जना गरिनेछ ।

(ट) विद्यालय नक्साङ्कन, पून; वितरण दरबन्दी मिलान तथा समायोजन गरिनेछ र भौगोलिक अवस्था तथा पहुँच अभिवृद्धि गरिनेछ।

### ३.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि:**

(क) आधारभूत तहमा अध्ययनरत सबै बालबालिकाहरुको सिकाइ उपलब्धिमा अपेक्षित रूपमा सुधार भएको हुनेछ र तय गरिएका न्यूनतम सक्षमता हासिल गरेका हुनेछन्।

(ख) अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा सबै बालबालिकाहरुको सहज रूपमा समतामूलक पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ ।

(ग) आधारभूत तहका सबै बिद्यालयहरुमा न्यूनतम मापदण्ड पुरा भएको हुनेछन्, शैक्षिक तथा भौतिक गुणस्तर अभिवृद्धि भएको हुनेछ ।

घ) सम्पुर्ण बिद्यालयहरु अपाङ्गमैत्री, बालमैत्री, वातावरणमैत्री तथा लैङ्गिकमैत्री र सुरक्षित भएको हुने र सबै हिसाबमा सबै बालबालिका र शिक्षकको लागि मैत्रीपूर्ण भएको हुनेछ ।

ङ) शैक्षिक तथा सन्दर्भ सामाग्रीको उपलब्धता भई समावेशी वातावरणमा विद्यार्थी सक्रिय भएर सिकाइ प्रणालीमा सुधार भएको हुने ।

च) शिक्षक, वि.व्य.स, बाल क्लव, आधारभूत तहका लागि कार्यरत सम्पुर्ण संघ संस्था र सरोकारवालाहरुको क्षमता विकास भै सक्रियता पूर्वक कार्य गरेको हुनेछन् ।

### ३.२.५ नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | आधारभूत तह कक्षा (१-८) मा शिक्षक र विद्यार्थी अनुपात | १:२३ | १:२३ | १:२४ | १:२४ | १:२५ |
| २ | आधारभूत तह कक्षा (१-५)मा कुलभर्नादर | ११८.६ | ११६ | ११५ | ११३ | ११० |
| ३ | आधारभूत तह कक्षा (१-८)मा कुलभर्नादर | ११७.६ | ११२ | ११० | १०५ | १०५ |
| ४ | आधारभूत तह कक्षा (१-५)मा खूद भर्नादर | ९५.३ | ९६.६ | ९६.८ | ९७ | ९७.५ |
| ५ | आधारभूत तह कक्षा (१-८) को खूद भर्नादर | ९५.६ | ९६.५ | ९६.८ | ९७ | ९७.५ |
| ६ | आधारभूत तह कक्षा (६-८) को कक्षा छोड्ने दर | १.८ | १.७ | १.६ | १.५ | १.० |
| ७ | कक्षा (१- ५) को कक्षा छोड्ने दर | २.९ | २.९ | २.७ | २.५ | २ |
| ८ | कक्षा (१-५) को कक्षा दोहोर्याउने दर | ५.४ | ५.४ | ५.२ | ५.० | ३ |
| ९ | कक्षा (६-८)को कक्षा दोहोर्याउने दर | ०.६ | ०.६ | ०.५ | ०.४ | ०.३ |
| १० | कक्षा (१-५)को उत्तीर्ण प्रतिशत | ८७.१ | ८७.५ | ८८ | ९१ | ९३ |
| ११ | कक्षा (६-८) को उत्तीर्ण प्रतिशत | ९३.२ | ९४ | ९५ | ९६ | ९७ |

३.२.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य (५ वर्ष ) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | बिद्यालय भर्ना अभियान कार्यक्रम तथा विद्यालय बाहिर रहेका बालबालिकालाई बालय ल्याउन अभिमुखिकरण | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | ५ |
| २ | विद्यालय नक्साङ्कन,पुन;र्वितरण समायोजन | पटक | २ | | १ | - | - | १ | २ | १ |
| ३ | शिक्षक कर्मचारी र प्र.अ.लाई आबश्यक्तामा आधारित क्षमता विकास तालिम | पटक | | ० | १ | १ | १ | १ | ४ | ५ |
| ४ | बालक्लव रे.स को किशोरी क्लव गठन पुन;र्गठन र क्षमता अभिवृद्धि तालिम | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | ५ |
| ५ | वि.व्य.स, शि.अ.सं लाई क्षमता विकास | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | ५ |
| ५ | एकिकृत सिकाइ प्रयोगशाला निर्माण र प्रयोग | बिद्यालय | २० | ० | २ | २ | २ | २ | ८ | १२ |
| ६ | सिकाइमैत्री स्मार्ट कक्षा कोठा व्यवस्थापन | बिद्यालय | २५ | ० | ५ | ५ | ५ | ५ | २० | ५ |
| ७ | कक्षाकोठामा व्यवस्थित पुस्तकालय र बुकरयाक | बिद्यालय | २८ | ५ | ५ | ५ | ५ | ५ | २५ | ३ |
| ८ | शिक्षण सिकाइ तथा सन्दर्भ सामग्री व्यवस्थापन | बिद्यालय | १४० | ८ | २८ | २८ | २८ | २८ | १२० | १० |
| ९ | बिद्यालयमा दौतरी शिक्षा तथा बाल कलवको क्षमता विकास | बिद्यालय | २८ | ० | ६ | ५ | ६ | ११ | | २८ |
| १० | शिक्षक पेसागत सहयोग संरचना निर्माण र कार्यान्वयन, विज्ञ समुहलाई अभिमुखिकरण तथा परिचालन | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| ११ | अन्तरविद्यालय भ्रमण र सिकाइ आदान प्रदान | पटक | २ | ० | १ | ० | १ | ० | २ | निरन्तर |
| १२ | पालिका स्तरमा पढाइ उत्सब तथा प्रतियोगिताका कार्यक्रमहरु | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| १३ | शिक्षकका लागि सन्दर्भ सामग्री तथा सहायता सामग्री सहयोग | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| १४ | शिक्षक प्रोत्साहन एंव पुरस्कृत कार्यक्रम | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| १५ | लेखा तथा प्रशासन व्यवस्थापनका लागि क्षमता विकास | पटक | १० | ० | २ | २ | २ | २ | ८ | २ |
| १६ | विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम | पटक | २० | ० | ४ | ४ | ४ | ४ | १६ | ४ |
| १७ | सिकाइ स्तरमा आधारित शिक्षण क्षमता विकास | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ वर्तमान अवस्था

राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले कक्षा (९-१२) को शिक्षालाई माध्यमिक तहमा राखेको छ भने नेपालको संविधान २०७२ ले माध्यमिक तहको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रको मातहतमा राखि उक्त तहलाई निःशुल्क प्रदान गर्ने व्यवस्था गरेको छ । नेपालमा माध्यमिक शिक्षालाई साधारण र प्राविधिक गरी २ धारमा बर्गीकरण गरिएको छ । अनिवार्य तथा नि;शुल्क शिक्षा नीति २०७५ ले पनि सबै बालबालिकाहरुलाई गुणस्तरिय माध्यमिक शिक्षामा पहुँच विस्तार गर्ने कुरा उल्लेख गरेको छ । उच्च शिक्षा प्रवेशको पूर्व तयारी गर्ने समयको हिसाबमा यस तहको शिक्षालाई महत्वपूर्ण रूपमा लिईन्छ । नवप्रवर्तन नीति २०७६ ले विद्यालय तह देखिनै परम्परागत मौलिक ज्ञान सिप प्रविधि तथा सिपका बारेमा अध्ययन गरेर वैज्ञानिक चिन्तन तथा सृर्जनशील अभिवृद्धि गर्ने रणनीति लिएको छ । माध्यमिक तहको कक्षा ११ र १२ मा एकलपथीय पाठ्यक्रम लागू गरिएको छ । प्राविधिक धारका विद्यालयहरुमा कक्षा ९ देखि नै अलग धारका रूपमा सञ्चालन हुने व्यवस्था गरेको छ र सोही अनुसार यस गाउँपालिकाले पनि माध्यमिक तहको शिक्षा सञ्चालन र व्यवस्थापन गरेको छ ।

यस त्रिवेणी गाउँपालिकामा जम्मा ७ वटा विद्यालय हरुमा माध्यमिक तहको पठनपाठन हुन्छ । माध्यमिक तह सञ्चालनमा रहेका विद्यालय हरुमा सामुमदायिक ६ वटा र संस्थागत १ वटा रहेका छन् । माध्यमिक तह अन्तर्गत कक्षा १२ सम्म ४ वटा सामुदायिक विद्यालय सञ्चालनमा रहेका छन् भने अन्य ३ वटा विद्यालय कक्षा १० सम्म मात्र सञ्चालनमा रहेका छन् । शैक्षिक सत्र २०८१ मा यस गाउँपालिकामा माध्यमिक तह अध्ययन गरिरहेका विद्यार्थी निम्नानुसार रहेका छन् ।

| तह | सामुदायिक तर्फ | | | संस्थागत तर्फ | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | |
| माध्यामिक तह (९ - १०) | २५५ | २५४ | ५०९ | १४ | ३२ | ४६ | ५५५ |
| माध्यामिक तह (११ - १२) | १३० | १०९ | २३९ | ० | ० | ० | २३९ |
| जम्मा | ३८५ | ३६३ | ७४८ | १४ | ३२ | ४६ | ७९४ |
| प्राविधिक धार माथि जोडिएको | १०८ | ११३ | २२१ | | | | |

शिक्षक दरबन्दिको हिसाबमा मध्यमिक तहको सामुदायिक विद्यालय हरुमा जम्मा २२ जना शिक्षक कार्यरत रहेका छन् । उक्त शिक्षकहरुमा ८ जना घिय अनुदान र ४ जना गाउँपालिका अनुदानमा कार्यरत रहेका छन् । माध्यमिक तहमा जम्मा शिक्षक र विद्यार्थी अनुपात १:३४ रहेको छ । जसमा माध्यमिका तह कक्षा ९-१० मा शिक्षक र विद्यार्थी अनुपात १:२५र कक्षा ११- १२ मा शिक्षक र विद्यार्थी अनुपात १:१२० रहेको छ । यध्यपि माध्यमिक तह कक्षा ९-१० का शिक्षकले कक्षा ११-१२ मा अध्यापन गर्ने हुँदा केही हद सम्म व्यवस्थापन भने भएको छ । विभिन्न सूचकलाई विश्लेषण गर्दा माध्यमिक तह कक्षा (९ -१०) को कुलभर्नादर र खूद भर्नादर क्रमशः ९७.८ प्रतिशत र ८२.० प्रतिशत रहेको छ । त्यसैगरी, कक्षा (११ - १२) को कुलभर्नादर र खूद भर्नादर क्रमशः ७६.५ प्रतिशत र ६०.५प्रतिशत छ । कक्षा (९ -१०) को उत्तीर्ण दर ९५.० प्रतिशत रहेको छ । साथै, कक्षा (११ - १२) को उत्तीर्णदर ९०.२ प्रतिशत रहेको छ । कक्षा (९- १०) को कक्षा छोड्ने दर १.९ प्रतिशत रहेको छ । कक्षा (११ -१२) को कक्षा छोड्ने दर २.८ प्रतिशत रहेको छ । साथै, कक्षा (९ -१०) मा कक्षा दोहोर्याउने दर भने ०.२ प्रतिशत रहेको छ भने कक्षा (११ -१२) मा कक्षा दोहोर्याउने दर भने शुन्य रहेको छ । माध्यमिक तहमा बिषयगत शिक्षकको अभाव, शिक्षक क्षमता विकास तथा समयानुकुल तालिम र प्रोत्साहनको कमी, शिक्षक क्षमता विकासको अभाव, अपाङ्गता तथा अन्य हिसाबमा मैत्रीपूर्ण भौतिक संरचनाको अभाव, प्रयाप्त शैक्षिक तथा सन्दर्भ सामग्रीको अभाव, सूचना तथा सञ्चार प्रविधिको पुँहच तथा

प्रयोगमा समस्या, बिद्यालय अनुगमन तथा निरिक्षण लगायतका क्षेत्रमा समस्याहरु र चुनौतीहरु रहेका छन्। यसका अलवा माध्यमिक तहको शिक्षामा व्यवहारीक शिक्षण तथा बिद्यार्थीका लागि पढ्दै सिक्दै गरेर आत्मनिर्भर हुने सिप सिकाउने क्षेत्रमा अभाव देखिएको छ । कक्षा ११-१२ का बालबालिकालाई बिभिन्न सिपमा अवद्ध गरेर प्रोत्साहित गर्न सकिने र पालिकाले लिएको दुरदृष्टि अनुसार सक्षम र प्रतिष्पर्धी शैक्षिक जनशक्ति निर्माण गर्न सकिने देखिन्छ ।

### ३.३.२ उद्देश्यहरु

माध्यमिक तहको शैक्षिक सुधार गर्नका लागि निम्नानुसारका उद्धेश्यहरु तय गरिएको छ ।

(क) माध्यमिक तहका सबै विद्यालयहरुको भौतिक तथा शैक्षिक वातावरण, लैङगिकमैत्री, बालमैत्री, अपाङ्गमैत्री, समावेशी र सुरक्षित बनाइ बालबालिकाहरुको पहुँच सुनिश्चित गर्नु, माध्यमिक तहमा बिद्यालय छोड्ने दर न्यून गर्नु र समतामूलक पहुँच सुनिश्चित गर्नु।

(ख) माध्यमिक तहको विषयगत सिकाइ उपलब्धि वृद्धि गर्नु र माध्यमिक तह कक्षा १० को एस. ई.ई र कक्षा ११-१२ को उत्तीर्ण दरमा सुधार ल्याउनु

(ग) माध्यमिक तहको शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु र संस्थागत क्षमता विकास र व्यवस्थापन गर्नु।

(घ) माध्यमिक तहका बिद्यालयहरुमा सूचना प्रविधिको उच्चतम र प्रभावकारी प्रयोग गरी नविनतम् सिकाइका अवसरहरु अभिवृद्धि गर्नु तथा विपत् को समयमा शैक्षिक क्रियाकलापहरु सञ्चालनका लागि वैकल्पिक सिकाइ क्रियाकलापलाई निरन्तरता दिन सकिने अवस्था सिर्जना गर्नु।

### ३.३.३ रणनीति

(क) सङ्घीय सरकार र प्रादेशिक सरकार र अन्य सरोकारवालाहरु सँग सहयोग, समन्वय र सहकार्य गरी माध्यमिक तहका विद्यालयको क्षमता विकास गरिने छ ।

(ख) सबै बालबालिकाहरुलाई निःशुल्क माध्यमिक तहको शिक्षाको सहज तथा समतामूलक पहुँच सुनिश्चित गरिने छ ।

(ग) माध्यमिक तहका विद्यालयहरुमा सूचना प्रविधिको उच्चतम प्रयोग र व्यवस्थापन गरी शिक्षण सिकाइलाई प्रवर्द्धन गरिने छ र यसका लागि क्षमता विकास र परिचालनमा जोड दिइनेछ । यसका लागि हाल कार्यरत रहेका २ जना कम्प्युटर शिक्षकलाई उच्चतम प्रयोग गरिनेछ ।

(घ) शिक्षकहरुलाई पेसागत र पुर्नताजगी तालिमको व्यवस्था गरिने छ साथै सिकाइ आदान प्रदानका लागि संयन्त्र विकास गरिनेछ ।

(ङ) माध्यमिक तहका विद्यालयहरुको वास्तविक अवस्था र नक्साङ्कन गरी सबै बालबालिकाहरुको पहुँच सुनिश्चित गर्न गरि कल्टरिङ गरिनेछ साथै यसका विभिन्न् प्रोत्साहनमूलक कार्यक्रमहरु सञ्चान गरिनेछ ।

(च) परीक्षा व्यवस्थापन प्रणालीलाई व्यवस्थित गरी विद्यार्थी मूल्याङ्कन प्रणालीलाई जीवनपयोगी सिकाइसँग जोडेर सञ्चालन गरिने छ ।

(छ) सिकाइ उपलब्धि न्यून भएका विषय र विद्यार्थी पहिचान गरी सुधार गर्न कार्ययोजना बनाई उपचारात्मक र सुधारात्मक विधीहरु लागु गरिने छ ।

(ज) अति विपन्न बालबालिकाहरुलाई समावेशीताको आधारमा समयानुकुल छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

(झ) विद्यालय बाहिर रहेका बालबालिकाहरुका लागि बैकल्पिक माध्यमका शैक्षिक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

(ञ) विद्यालय प्रशासन तथा अन्य सरोकारवाला संस्थाको व्यवस्थापनलाई चुस्त र प्रभावकारी रूपमा सञ्चालन गर्न दक्षता विकास कार्यक्रहरु सञ्चालन गरिनेछ ।

(ट) विद्यालय प्र.अ, कर्मचारी, वि.व्य.स र शि.अ.सं लगायतका संस्थाहरुको क्षमता विकास सम्बन्धि कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

(ठ) सबै विद्यालसहरुमा मापदण्ड बमोजिमको न्यूनतम सिकाइ वातावरण सुनिश्चित गरिनेछ साथै न्यूनतम मापदण्डहरु पुरा गर्नका लागि प्रयास थालिनेछ।

(ङ) समयसापेक्ष र आवश्यकता अनुसार प्राविधिक धारका माध्यमिक विद्यालयहरु स्थापना र सञ्चालन गर्न **सङ्घीय** र प्रदेश सरकारसँग समन्वय, सहकार्य र साझेदारी गरिनेछ साथै माध्यमिक तहका विद्यार्थीलाई जीवनपर्यन्त सिप सिकाउनका लागि विभिन्न प्रयोगात्म सिकाइमा आवद्ध गरिनेछ।

### ३.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

(क) यो गाउँ शिक्षा योजना लागु भए पश्चात माध्यमिक तहको शिक्षामा सबैको पहुँच सुनिश्चित भई माध्यमिक तहको शैक्षिक गुणस्तरमा सुधार भएको हुनेछ ।

(ख) माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरियतामा प्रवर्द्धन भई समता, समावेशीता र व्यवहारिकतामा रुपान्तरण भएको हुनेछ ।

ग) माध्यमिक तहमा कक्षा दोहोर्याउने र कक्षा छोड्ने दरमा न्यूनिकरण गर्नु तथा उत्तीर्ण दरमा वृद्धि भएको हुने र माध्यमिक तहमा सूचना तथा सञ्चार प्रविधिको उच्चतम प्रयोगमा बालबालिकाको पहुँच अभिवृद्धि भै सिकाइमा सुधार भएको हुनेछ । साथै माध्यिमक तह उत्तिर्ण भएका विद्यार्थीहरु रोजगारीमा संलग्न हुन योग्य हुनेछन् ।

घ) शिक्षकको क्षमता विकास तथा जवाफदेहिता र जिम्मेवारी बोधमा सुधार भै सबै बिद्यालयहरु सुरक्षित, मैत्रीपूर्ण तथा शैक्षिक वातावरणमा सुधार भएको हुनेछ ।

### ३.३.४. प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | परिमाणात्मक लक्ष्य (५ वर्ष ) | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
| १ | माध्यमिक तह कक्षा ९ -१२ मा भर्ना | ७९४ | ८०० | ८२० | ८४० | ८६० | ८८० |
| २ | कक्षा ९- १२मा शिक्षक विद्यार्थी अनुपात | १:३४ | १:३४ | १:३३ | १:३३ | १:३२ | १:३२ |
| ४ | कक्षा ९- १२ को कुल भर्नादर | ७६.५ | ८० | ९० | ९५ | १०० | ११० |
| ५ | कक्षा ९-१२ को खूद भर्नादर | ६०.५ | ६५ | ७० | ८० | ८५ | ९० |
| ६ | कक्षा ११-१२ को लैङ्गिक समता सूचक | १.०६ | १.०६ | १.०५ | १.०५ | १.०४ | १.०३ |

### ३.३.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य (५ वर्ष ) | | | | | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | कक्षा १२ पढ्ने जेहेन्दार बालबालिकाको लागि इन्टर्नसिपको व्यवस्था | जना | ५० | ० | ५ | ५ | ५ | ५ | २० | ३० |
| २ | अति विपन्न विद्यार्थीहरुलाई छात्रवृत्ति  उच्च शिक्षाका लागि | **सङ्ख्या** | १०० | ५ | १० | १५ | २० | २५ | ७५ | २५ |
| ३ | मापदण्डअनुसार शिक्षक व्यवस्थापन र परिचालनको सुरुवात | पटक | २० | ० | ५ | ५ | ५ | ५ | २० | निरन्तर |
| ४ | विज्ञान, गणित लगायतका विषयका लागि प्रयोगशाला स्थापना तथा सुधार | विद्यालय | १० | १ | १ | १ | १ | १ | ५ | ५ |
| ५ | शिक्षकलाई प्रोत्साहन एंव पुरस्कार | जना | ५० | ० | १० | १० | १० | १० | ४० | १० |
| ६ | विद्यार्थी तथा शिक्षक मनोसामाजिक परामर्श तालिम कार्यक्रम | पटक | ७५० | ५० | १०० | १०० | १०० | १०० | ४५० | ३०० |
| ७ | शैक्षिक भ्रमण तथा सिकाइ आदान- प्रदान | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| ८ | शिक्षक क्षमता विकास तालिम, पेसागत  सहयोग | पटक | ५ | ० | १ | १ | १ | १ | ० | १ |
| ९ | शिक्षकले प्र.अ र प्र.अले शिक्षा शाखासँग कार्यसम्पादन सम्झौता | विद्यालय | ३५ | ० | ६ | ६ | ६ | ६ | २४ | ११ |
| १० | चौमासिक प्रतिवेदन तथा कार्ययोजना | विद्यालय | ३५ | ६ | ६ | ६ | ६ | ६ | ३० | ५ |
| ११ | बिद्यालयमा स्टीम ल्याब स्थापना र प्रयोग(एकिकृत अभ्यास) | बिद्यालय | ३५ | ० | २ | २ | २ | २ | ८ | १७ |
| १२ | पुस्तकालयको क्षमता विस्तार, पुस्तक थप तथा प्रयोग र व्यवस्थापन | बिद्यालय | ३५ | ५ | ५ | ५ | ५ | ५ | २५ | १० |
| १३ | बिद्यालय नर्सको व्यवस्था क्षमता विकास र बिद्यालयमा विभिन्न स्वास्थ्य सामग्री थप गर्ने | बिद्यालय | ३५ | ० | ५ | ५ | ५ | ५ | २० | १५ |
| १४ | प्रतिभा पहिचान कार्यक्रम | पटक | २० | २ | ४ | ४ | ४ | ४ | १८ | २ |
| १५ | पढ्दै कमाउदै कार्यक्रम | विद्यालय | ३५ | ० | ५ | ५ | ५ | ५ | २० | १५ |
| १६ | माध्यमिक तहका बालबालिकाको एक विद्यालय  एक परियोजना | बिद्यालय | २० | ० | २ | ६ | ६ | ६ | २० | निरन्तर |
| १७ | नमुना विद्यालय  कार्यान्वयन | वटा | १० | १ | १ | १ | १ | १ | ५ | ५ |

## ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

### ३.४.१ वर्तमान अवस्था

शिक्षालाई सिप तथा सिपलाई रोजगार र रोजगारलाई उत्पादन र उत्पादनलाई बजारसँग जोड्न सक्ने शिक्षा प्रणालीको विकास र विस्तार गर्नका लागि प्राविधिक र व्यवसायिक तालिम तथा शिक्षा प्रदानगर्न आजको आवश्यकता हो । नेपालको प्राविधिक तथा व्यवसायिक शिक्षाले ६ दशक पार गरिसकेको छ । विद्यालय शिक्षालाई जीवन उपयोगी बनाउने उद्देश्यले विद्यालय तहमा व्यवसायिक सिप र ज्ञान सिकाउने प्रयास वि.सं. २००४ साल देखि नै शुरु भएको हो । विद्यालय स्तरको शिक्षादेखि नै स्रोत साधनको उपयोग गर्न सक्ने न्यूनतम ज्ञान, सिप र धारणाको विकास गराउने किसिमको पाठ्यक्रम निर्माण गरी पठन-पाठन गर्न जरूरी छ। विद्यालय शिक्षाको अन्तिम तह माध्यामिक तहको शिक्षा जीवनयापन गरेर खान सक्ने आधारभूत व्यवसायिक सिप र दक्षता सहितको श्रम शिक्षा हुनुपर्छ। शिक्षा स्थानीय स्तरमा उपलब्ध स्रोत साधनमा आधारित व्यवसायिक सिप र उद्यमशिलतामा आधारित श्रम गरेर जीवनयापन र आय आर्जनमा संलग्न भई आत्मनिर्भर र स्वावलम्बी हुन सक्ने हुनुपर्छ ।माध्यामिक तहलाई श्रम शिक्षाको रूपमा विकास गर्ने र त्यसको जगमा उच्च शिक्षालाई व्यवसायिक र रोजगारमूलक बनाउनु पर्ने हुन्छ । यसका लागि बिद्यार्थीका लागि माध्यमिक तहमा प्राविधिक र व्यवसायीक सिप प्रदान गरी उनीहरुलाई सक्षमत र गरिखाने बनाउन आवश्यक छ । गाउँपालिकामा भएका विभिन्न रोजगार र उत्पादनमूलक क्षेत्रहरु जस्तै कृषि, पशुपालन, फलफुल, इन्जिनियरिङ जस्ता क्षेत्रहरुमा प्राविधिक र व्यवसायीक रूपमा सक्षम र दक्ष बनाउन सकेमा अहिलेको परिवेशमा बालबालिकाहरु स्वाबलम्बि बन्न सक्दछन् ।

प्राविधिक तथा व्यवसायिक तालिम अन्तरगर्त यस त्रिवेणी गाउँपालिकाको एक वटा माध्यमिक तहको विद्यालयमा प्राविधिक तथा व्यवसायिक शिक्षा सञ्चालनमा रहेको छ । यस गाउँपालिकामा रहेको श्री जनता माध्यमिक विद्यालयमा कम्प्युटर इन्जिनियरिङ पठन-पाठन भैरेहको छ । वार्षिक रूपमा ४० कोटा रहने गरी विद्यार्थी प्राविधिक शिक्षा सुरु भएको र हाल सम्म निरन्तर रूपमा पठनपाठन भएको छ । इमिस २०८१ अनुसार छात्रा १०८ र छात्र ११३ गरी जम्मा २२१ जना विद्यार्थीहरु अध्यनरत रहेका छन् । प्राविधिक धारमा २ जना वरिष्ठ प्रशिक्षक र २ जना सहायक प्रशिक्षक गरी जम्मा हाल ४ जना प्रशिक्षक रहेका छन् भने ५जना रिक्त रहेको छ ।माध्यमिक तहमा प्राविधिक शिक्षा आकर्षण बनाउन आवश्यक देखिन्छ । यसका लागि शैक्षिक पूर्वाधारको विकास र विस्तार तथा विभिन्न वडा मार्फत आकर्षण बढाउन पर्ने देखिन्छ । पालिकाको लागि सुहाँउदो प्रावधिक शिक्षा जस्तै कृषि र पशु क्षेत्र तथा इन्जिनियरिङमा पनि प्राविधिक शिक्षा स्थापना र विस्तार गर्न पहल चाल्नु पर्ने देखिन्छ । यो गाउँपालिका कृषि र पशुपालनमा अब्बल सम्भावना बोकेको छ। यस क्षेत्रमा तथा अन्य सिपमूलक तालिमहरुको पनि व्यवस्थापन गरेर विद्यार्थीहरुलाई सिपयुक्त बनाउन आवश्यक छ । गाउँपालिकाले यस क्षेत्रमा विशेष पहल कदमि गरी गाउँपालिकामा सिपयुक्त र गरिखाने जनशक्ति निर्माण गर्न अहम् भूमिका खेल्नु पर्दछ । पालिकालले अन्य तवरले सिपमूलक तालिमहरु सञ्चालन गरेको भएता पनि यस्ता छोटा अवधिका सिपमूलक तालिमहरुलाई विद्यालय शिक्षासँग जोडेर सञ्चालन गर्नुपर्ने देखिन्छ ।

### ३.४.२ उद्देश्य

प्राविधिक र व्यवसायीक शिक्षा मार्फत सिपमूलक र रोजगारउन्मुख जनशक्ति तयार गर्न निम्नानुसारका उद्धेश्यहरु तय गरिएको छ ।

(क) प्राविधिक, व्यावसायिक र सिपमूलक शिक्षामार्फत स्वरोजगारका अवसरहरु सुनिश्चित गर्नुसाथै आत्मनिर्भर र उत्पादनशील र प्रतिस्पर्धी जनशक्तिको निर्माण गर्नु ।

(ख) गाउँपालिका भित्र भएका उत्पालनमूलक अवसरका क्षेत्र र स्रोत साधनहरुको उपयोग गरी रोजगारमूलक, सिपमूलक र उत्पादनशील जनशक्तिको निर्माण गरी नागरिक को आर्थिक अवस्थामा सुधार ल्याउनु ।

(ग) प्राविधिक तथा व्यवसायीक शिक्षा प्रवर्द्धन र व्यवस्थापन गर्नु साथै प्राविधिक शिक्षा विस्तार गरी सिपयुक्त जनशक्ति निर्माण र परिचालन गर्नु

३.४.३ रणनीतिहरु

माथि उल्लेखित उद्धेश्यहरु पुरा गर्न निम्न अनुसारका रणनीतिहरु तय गरिएको छ ।

(क) प्राविधिक तथा व्यावसायिक शिक्षाको लागि सरोकारवालाहरुको संलग्नता, सहभागिता र गाउँपालिकाको अपनत्व र लगानीमा अभिवृद्दि गर्ने साथै खोज तथा अनुसन्धान र तालिमको लागि समन्वयात्मक वातावरण तय गरी अगाढी बढाउने

(ख) स्थानीय स्तरमा उपलब्ध विधिन्न रोजगारमूलक क्षेत्र र स्रोत साधनहरुको उपयोग गरी स्वरोजगारमूलक कार्यक्रमहरु सञ्चालन गर्ने यसका लागि माध्यमिक तहका बालबालिकालाई विभिन्न किसिमका सिपमूलक तालिम प्रदान गरी परिचालन गर्ने ।

(ग) प्राविधिक विषय सञ्चालन गरेका विद्यालयहरुको भौतिक, शैक्षिक र प्रशासनिक सुधारको लागि सम्भव भए सम्म आर्थिक स्रोतहरु जुटाउने र नँया शिक्षालयको स्थापनाका लागि प्रबन्ध मिलाउने तथा थप अध्ययन गर्ने ।

(घ) प्राविधिक विषयका शिक्षकहरुको क्षमता अभिवृद्दि गर्नको लागि विभिन्न किसिमका पेसागत दक्षताका तालिम र कार्यशालाहरु सञ्चालन गर्ने ।

(ङ) विभिन्न किसिमका छोटा तथा लामो अवधिका सिपमूलक तालिमहरु सञ्चालन गर्ने र विद्यालय शिक्षासँग जोड्ने

**३.४.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य**

**(क) प्रमुख उपलबिध तथा नतिजा**

१) गाउँपालिका सेवाक्षेत्र भित्र उपलब्ध प्राकृतिक र कृत्रिम स्रोत र साधनहरुको उपयोग र परिचालन गर्दै, आयआर्जन गर्न सक्ने सिपमूलक र प्रतिष्पर्धी जनशक्तिको उत्पादन गर्ने ।

२) गाउँपालिकामा रहेको १ वटा प्राविधिक धार भएको विद्यालय को स्तरोन्नती तथा क्षमता अभिवृद्धि गरी आकर्षण बढेको हुने ।

३) प्राविधिक शिक्षा अध्ययन गरेका सिपयूक्त जनशक्तिहरुले न्यूनतम स्रोत र साधनको प्रयोग गरी स्वरोजगार, उत्पादनशील र व्यावसायिक कार्यक्रमहरु मार्फत आत्मनिर्भर भएको हुनेछन् ।

३.४.५ प्रमुख नतिजा र परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | प्राविधिक शिक्षा तथा व्यबसायीक तालिम प्रदान गर्ने विद्यालय | १ | १ | | | २ |
| २ | प्राविधिक शिक्षा तथा व्यबसायीक तालिममा सहभागि विद्यार्थी | २२१ | २२१ | २६० | २६० | ३०० |
| ३ | माध्यमिक तहमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा भर्ना भएका विद्यार्थी सङ्ख्या | | | | | |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्राप्त गरी रोजगारीमा लागेका युवाहरुको सङ्ख्या | | | | | |
| ५ | स्थानीय स्तरमा पहिचान भई प्रमाणीकरण तथा प्रबर्द्धन भएका परम्परागत सिपहरूको पहिचान तथा संरक्षण गर्ने | ७ | ५ | ५ | ५ | ५ |

### ३.४.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | मुख्य क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य (५ वर्ष ) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | प्राविधिक तथा व्यावसायिक धारको विद्यालय स्थापना गर्ने र सञ्चालन | वटा | १ | ० | - | - | १ | - | १ | निरन्तर |
| २ | शिक्षक र कर्मचारी व्यवस्थापन | जना | १०० | ० | २५ | २५ | २५ | २५ | १०० | निरन्तर |
| ३ | प्रयोगशाला तथा आई.सि.टी ल्याब व्यवस्थापन, र पुस्तकालय स्थापना | पटक | २ | ० | १ | ० | १ | ० | २ | निरन्तर |
| ४ | प्राविधिक तथा व्यबसायीक शिक्षा सञ्चालनको लागि अध्ययन तथा कार्यविधी तयारी | पटक | १ | ० | १ | ० | ० | ० | १ | |
| ५ | छोटा अवधिका आधारभूत तालिम सञ्चालन गर्ने | पटक | २० | २ | ४ | ४ | ४ | ४ | १८ | २ |
| ६ | प्राविधिक शिक्षा अध्ययनरत विद्यार्थीका लागि इन्टर्नसिपको प्रबन्ध गर्ने | जना | ४५ | ० | १० | १० | १० | १० | ४० | ५ |
| ७ | प्राविधिक शिक्षा पढन चाहने अति विपन्न, अपाङ्गता भएका, लोपोउन्मुख तथा अनाथ विद्यार्थीहरुका लागि प्रदान गर्ने | जना | १०० | ० | २० | २० | २० | २० | ८० | २० |

## ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

बिद्यालको औपचारिक शिक्षाबाट बञ्चित भएकाहरुका लागि उनीहरुलाई शैक्षिक पहुँच अभिवृद्धि गर्नका निमित्त अनौपचारिक शिक्षाका बिभिन्न कार्यक्रमहरु सञ्चालन गर्न सकिन्छ ।अनौपचारिक शिक्षा र आजीवन सिकाइले दैनिक जीवनका समस्याहरु हल गर्न र आफ्नो पेसा व्यावसाय सञ्चालन गर्न सहयोग गर्दछ । विभिन्न कारणले औपचारिक शिक्षाबाट बञ्चित भएका नागरिकहरुलाई अनौपचारिक शिक्षाको सहयोगले पनि जीवन निर्वाहमा धेरै सहयोग पूर्याउन सक्छ ।समुदायस्तरमा साक्षरताका क्रियाकलापहरु सञ्चालन गरेर तथा विभिन्न तवरबाट निरन्तर सिकाइका क्रियाकलापहरु सञ्चालन गरेर अनौपचारिक र आजीवन सिकाइको क्षेत्रमा पहुँच अभिवृद्धि गर्न सकिन्छ । यसका लागि समुदाय स्तरमा रहेका विभिन्न उत्पादनमूलक आमा समुह र बचत समुहहरुलाई क्षमता विकास र परिचालन गर्न आवश्यक देखिन्छ । यस गाउँपालिकामा कुल साक्षरता (राष्ट्रिय जनगणना, २०७८ बमोजिम) जम्मा ७६.९ प्रतिशत रहेको छ जसमा पुरुषको साक्षरता ८३.९ प्रतिशत र महिलाको साक्षरता ७०.७ प्रतिशत रहेको छ । समग्रमा सबै नागरिकलाई पूर्ण रूपमा साक्षर बनाउन विभिन्न तवरले अनौपचारिक शिक्षाका कार्यक्रमहरु सञ्चालन गर्नु पर्ने देखिन्छ । यस गाउँपालिकामा जम्मा ३ वटा सामुदायिक सिकाइ केन्द्रहरु रहेका छन् जसमा २ वटा सामुदयिक सिकाइ केन्द्रहरु गाउँपालिका अनुदानमा रहेका छन् भने १ वटा संघीय अनुदानको अनुदानमा रहेको छ ।सामुदयिक सिकाइ केन्द्रहरु भने सक्रिय रूपमा सञ्चालन र व्यवस्थापन गर्नु पर्ने देखिएको छ । गाउँपालिकामात्र सञ्चालन भएका २ वटा सामुदायिक सिकाइ केन्द्रहरुले वडा कार्यालयमा सहयोग गर्ने तथा विद्यालयमा पनि सहजीकरण गर्ने गरेका छन् भने संघीय अनुदानबाट चलेको सामुदायिक सिकाइ केन्द्रले पुस्तकालय सञ्चालन गरेका साथै निरन्तर सिकाइका कार्यहरु गरिराखेको अवस्था छ । सामुदायिक सिकाइ केन्द्रले सामुदायिक सिकाइ केन्द्रको कार्यविधि बमोजिम कार्य गर्न तथा पुन;:गठन गरी अगाडि बढ्नुपर्ने देखिन्छ ।

समुदायस्तरमा साक्षरताका क्रियाकलापहरु सञ्चालन गर्नुपर्ने तथा निरन्तर शिक्षालाई निरन्तर रूपमा चलाउन समुदाय स्तरमा रहेका विभिन्न उत्पादनमूलक आमा समुह र बचत समुहहरुलाई क्षमता विकास र परिचालन गर्न आवश्यक देखिन्छ ।सामुदायिक सिकाइ केन्द्रहरूलाई क्रियाशिल रूपमा परिचालन गर्ने तथा औपचारिक शिक्षाबाट बाहिर रहेका सबै व्यक्तिलाई अनौपचारिक शिक्षामा पहुँच पुर्याउने र सबैलाई कार्यमूलक साक्षर बनाउने जस्ता चुनौतिहरु अझै देखिएका छन् ।यसको अलवा सामुदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय गैर सरकारी संघ संस्थाहरू, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक परिचालन गरी साक्षरता स्थिति बढाउने, सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७८ लाई प्रभावकारी कार्यान्वयन गर्ने तथा सबैका लागि आजीवन सिकाइका कार्यक्रमहरु प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्ने आबश्यक्ता देखिन्छ ।

### ३.५.२ उद्देश्य

(क) त्रिवेणी गाउँपालिकामा रहेका सबै नागरिकका लागि समता सहितको साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित गर्नु ।

(ख) सामुदायिक सिकाइ केन्द्र मार्फत सञ्चालन भएका विभिन्न कार्यक्रमलाई सहजीकरण गर्ने र सामुदायिक सिकाइ केन्द्रहरुको क्षमता अभिवृद्धि तथा प्रभावकारी परिचालन गर्नु।

(ग) बिद्यालय शिक्षाको अवसरबाट बञ्चित भएका वा बिचैमा छोडेका तथा औपचारिक शिक्षाको पहुँच भन्दा बाहिर रहेका वर्गलाई शैक्षिक मूलधारमा ल्याउनु र निरन्तर सिकाइका कार्यक्रमहरु प्रभावकारी रूपमा सञ्चालन गर्नु साथै सबै नागरिकलाई औपचारिक, अनौपचारिक शिक्षा बिचको सम्बन्ध स्थथापित गर्नु ।

(घ) अनौपचारिक शिक्षा तथा निरन्तर एवं जीवन पर्यन्त शिक्षाको विकास तथा विस्तार गरी साक्षरता अभिवृद्धि गर्न डिजिटल साक्षरता र आयआर्जन लगायतका क्षेत्रमा सहयोग गर्नु ।

### ३.५.३ रणनीति

(क) त्रिवेणी गाउँपालिकामा रहेका सामुदायिक सिकाइ केन्द्र मार्फत निरन्तर सिकाइ, आजीवन सिकाइका क्रियाकलापहरु तथा सिप विकास र आयआर्जन तथा सिप मूलक कार्यक्रम सञ्चालन गर्ने ।

(ख) सामुदायिक सिकाइ केन्द्रको क्षमता विकास र स्तरोन्नतीको लागि स्थानीय सरकार, प्रदेश सरकार र सङ्घीय सरकारसँग समन्वय र सहकार्य गर्ने र सामुदायिक सिकाइ केन्द्रको कार्य क्षेत्र विस्तार गर्ने।

(ग) विभिन्न सरोकारवालाहरुसँगको समन्वय, सहकार्य र साझेदारिमा अनौपचारीक तथा खुला सिकाइ कार्यक्रमलाई प्रवर्द्धन गर्ने ।

(घ) सामुदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय संघ संस्था, नागरिक समाज, सञ्चार माध्यम र अभिभावक परिचालन गरी अनौपचारीक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रमलाई समतामूलक र पहुँच योग्य बनाई नागरिकका दैनिक समस्याहरु हल गर्ने वातावरण सुनिश्चित गर्ने ।

(ङ) अनौपचारीक शिक्षा, साक्षरता कार्यक्रम, निरन्तर शिक्षा जस्ता कार्यक्रमहरु सञ्चालन गर्ने तथा समुदायस्तरमा आमा समुह, आयआर्जन समुह सँगठित गर्ने तथा परिचालित गर्ने।

(च) सामुदायिक सिकाइ केन्द्रमा पुस्तकालयको स्थापना व्यवस्थापन र प्रयोग गरी सिकाइका अवसरहरु प्रदान गर्ने ।

(छ) सामुदायिक सिकाइ केन्द्रलाई विभिन्न किसिमका तथ्याङ्क सङकलन र अधावधि गराउने ।

### ३.५.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

(क) यो शिक्षा योजना कार्यान्वय पश्चात त्रिवेणी गाउँपालिकाका सबै नागरिकका लागि साक्षरता शिक्षा, निरन्तर शिक्षा र आजीवन सिकाइका अवसरहरु प्राप्त भएको हुनेछ र त्रिवेणी गाउँपालिका पूर्ण साक्षर भएको हुनेछ।

(ख) सामुदायिक सिकाइ केन्द्रको क्षमता विकास भै समुदायस्तरमा सिप विकास, आजीवन सिकाइका क्रियाकलापहरु तथा अभिभावकहरुको क्षमता विकास भएको र सबै नागरिकमा सिकाइ अभिवृद्धि भएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | सामुदायिक सिकाइ केन्द्रलाई प्रत्येक वडामा स्थापना गर्ने | ३ | १ | १ | १ | १ | ७ |
| २ | साक्षरता दर | ७६.९ | ७८ | ८० | ८२ | ८४ | ८६ |
| ३ | अनौपचारिक शिक्षा तथा निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन | १ | १ | १ | १ | १ | ५ |
| ४ | वडामा एकएक ओटा सामुदायिक पुस्तकालय स्थापना गर्ने | ० | २ | २ | २ | १ | ७ |
| ५ | सामुदायिक सिकाइ केन्द्रका सहजकर्ताको क्षमता अभिवृद्धि तालिम र अनुदान | ० | ३ | २ | ३ | २ | १० |
| ६ | प्रौढहरुलाई सिपविकास तालिम र आयआर्जनका कार्यक्रम सञ्चालन | ० | २ | २ | २ | २ | ८ |

### ३.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य (५ वर्ष ) | | | | | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | निरक्षरहरु तथा विद्यालय शिक्षा भन्दा बाहिर रहेकाहरुको तथ्याङ्क सङकलन तथा अध्यावधिक गर्ने | पटक | २ | ० | १ | ० | ० | १ | २ | निरन्तर |
| २ | साक्षरताःतथा निरन्तर सिकाइका कार्यक्रमहरु सञ्चालन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ३ | सामुदायिक सिकाइ केन्द्रको अनुगमन, निरीक्षण र सहयोग | पटक | २० | २ | ४ | ४ | ४ | ४ | १८ | २ |
| ४ | सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण र क्षमता विकास | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| ५ | नयाँ सामुदायिक सिकाइ केन्द्रको स्थापना र सञ्चालन | वटा | ७ | ३ | १ | १ | १ | १ | ७ | |
| ६ | सिकाइ केन्द्रमा पुस्तकालयको स्थापना | वटा | ७ | ० | २ | २ | २ | १ | ७ | |
| ७ | आयआर्जन समुहको गठन क्षमता विकास र परिचालन | समुह | ५० | ५ | १० | १० | १० | १० | ४५ | ५ |

# परिच्छेद ४: अन्तरसम्बन्धित विषय तथा क्षेत्र

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

### ४.१.१ वर्तमान अवस्था

राष्टिय शिक्षा पद्दतिको योजना २०२८ मा सर्वप्रथम विद्यालय तहमा पाठ्यक्रमलाई दस्ताबेजीकरण गरीएको थियो भने पाठ्यक्रम विकासका लागि संस्थागत रूपमा शिक्षा मन्त्रालय अन्तर्गत पाठ्यक्रम विकास केन्द्र स्थापना भएको थियो । पाठ्यक्रम विकास केन्द्रको संरचनाको निरन्तरता सगैं विद्यालय तहको पाठ्यक्रम विकास, सुधार, तथा अद्यावधिक गर्ने क्रममै वि सं २०७६ मा नयाँ पाठ्यक्रम प्रारुप तयार भइ कार्यान्वयन गर्ने क्रममा २०७७ देखि हाल सम्म सबै कक्षाको पाठ्यक्रम परिमार्जन भई कार्यान्वयनमा रहेको छ । यसका साथै पाठ्यक्रमले निर्दिष्ट गरे बमोजिम यस गाउँपालिकाले स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन पनि गरेको छ । हाम्रो त्रिवेणी गाउँपालिकामा वि सं २०७७ देखि कक्षा १ देखि ५सम्मको लागि स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याइएको थियो, भने २०७७ मा कक्षा १ देखि ५सम्म पाठ्यपुस्तक निर्माण गरी पठन पाठन समेत सुरु गरीएको थियो। २०७८ सालबाट कक्षा ४ र ५मा पनि स्थानीय पाठ्यपुस्तक तयार गरी सञ्चालनमा ल्याएको छ । आधारभूत तह कक्षा ६-८ को स्थानीय पाठ्यक्रम निर्माण भइ कार्यान्वयनमा रहेको छ । पाठ्यक्रम तथा पाठ्पुस्तकको प्रभावकारी कार्यान्वयनको लागि हाल सम्म कक्षा १ देखि १० सम्म सबै विषय र कक्षा ११ र १२ का सबै विषयका पाठ्यपुस्तक नेपाल सरकारले नि; शुल्क व्यवस्था गरेको छ । विभिन्न विषयका शिक्षक निर्देशिका तयार गरेको छ र विद्यालय ले प्रयोग गर्ने प्रयास पनि गरेका छन् । पाठ्यक्रमलाई सान्दर्भिक र प्रभावकारी बनाउन कक्षा १-३ मा अन्तर सम्बन्धित विषयवस्तुलाई एकीकृत गरीएको छ । विभिन्न भाषिक समुदायका बालबालिकाको लागि हाल सम्म कक्षा १ देखि ५सम्म विभिन्न २७ मातृभाषका पाठ्यपुस्तक कार्यान्वयनमा ल्याइएको छ । प्रत्येक विषयमा विषयवस्तुको स्वरुप अनुसार विद्यार्थीलाई २५ देखि ५० प्रतिशत सम्म भारको प्रयोगात्मक कार्य , परियोजना कार्य वा सामुहिक कार्य लगायतका व्यवहारिक अभ्यास गराउनु पर्ने व्यवस्था छ । परिवर्तित पाठ्यक्रम अनुसार शिक्षकलाई निश्चित अवधिमा शिक्षकको पेसागत विकास तालिम लिनुपर्ने व्यवस्था गरिएको छ । परीक्षण र मूल्याङ्कन प्रणालीमा सुधार गरी आधारभूत तह सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन पद्दति अपनाइएको छ । सबै कक्षामा अक्षराङ्कन पद्दति अनुसार नतिजा निकाल्ने परिपाटि अपनाइएको छ ।

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षण सिकाइ सामग्री तथा सन्दर्भ सामग्रीहरुको महत्व धैरै हुन्छ । सिकाइ सहजीकरण का समयमा शिक्षण सिकाइ सामग्री तथा सन्दर्भ सामग्री जति प्रयोग गर्न सकियो त्यति सिकाइ प्रभावकारी हुने भएता पनि हाल गाउँपालिकामा सिकाइ शिक्षण र सन्दर्भ सामग्रीको उपलब्धता र प्रयोग न्यून रहेको छ । यसका साथै पाठ्यक्रमले निर्दिष्ट गरेको मूलयाङ्कन पद्धति अवलम्बन गरिएको छ भने कक्षा ८ को पालिका तहबाट स्तरिकृत परीक्षा सञ्चालन भएको र कक्षा ५ मा समेत स्तरिकृत परीक्षा सञ्चालन र व्यवस्थापन गर्नु आवश्यक देखिन्छ साथै अन्य कक्षाहरुमा पनि परीक्षा प्रणाली थप व्यवस्थित र प्रभावकारी गर्न आवश्यक देखिन्छ। यस पालिकामा समग्र रूपमा हेर्दा विद्यार्थी मूल्याङ्कन अझै पनि प्रभावकारी रूपमा गर्न सकिएको छैन । बिद्यार्थी मूल्याङ्कनका लागि शिक्षकलाई परिवर्तित मूल्याङ्कन प्रणालीको ज्ञान सहि रूपमा नहुनु तथा गाउँपालिका तहबाट पनि विभिन्न कक्षाको परीक्षाका लागि स्पष्ट रूपमा अनुगमन तथा सहायता नहुनु पनि समस्याको रूपमा रहेको छ । परीक्षण र मूल्याङ्कन प्रणालीमा सुधार गरी आधारभूत तह सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन पद्दति अपनाइएको छ । सबै कक्षामा अक्षरांकन पद्दति अनुसार नतिजा निकाल्ने परिपाटि अपनाइएको छ । पाठ्यक्रमलाई सही रूपमा कार्यान्वयन गर्नका निमित्त शैक्षिक सामाग्रीको रूपमा पाठ्यपुस्तकलाई लिईन्छ र यसका लागि सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा १० सम्मका सम्पूर्ण विद्यार्थीलाई नि:शुल्क पाठ्यपुस्तक वितरण गर्ने गरिएको छ साथै कक्षा ११ र १२ का अनिवार्य विषयहरु नेपाल सरकारले नि:शुल्क पाठ्यपुस्तकको व्यवस्था गरेको छ ।

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनको लागी विषयगत शिक्षकको व्यवस्था गर्नु, स्थानीय पाठ्यक्रम र पाठ्यसामाग्री विकासका लागी क्षमता विकास गर्नु, सबै शिक्षकलाई नयाँ पाठ्यक्रमको अभिमुखिकरण गर्नु, समय अनुसार अद्यावधिक गर्नु, सबै विद्यालयमा प्रयाप्त सन्दर्भ सामग्रीको व्यवस्थापन र प्रयोग तथा शिक्षकका लागि सहायता सामग्रीहरुको व्यवस्थापन गर्नु, अपाङ्गता भएका बालबालिकाको लागि अनुकुलको पाठ्सामाग्रीको व्यवस्था गर्ने आदि पाठ्यक्रम तथा पाठ्यपुस्तक कार्यान्वयनका चुनौतिहरु रहेका छन् भने माध्यामिक तहसम्म

नि; शुल्क पाठ्यपुस्तकको व्यवस्था, शिक्षक निर्देशिकाको व्यवस्था, परीक्षा र मूल्याङ्कन प्रणालीमा सुधार, स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन जस्ता अवसरहरु रहेका छन् ।

### ४.१.२ उद्देश्य

(क) पाठ्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन र विकास तथा स्थानीय पाठ्यक्रमको परिमार्जनका र पाठ्यक्रमलाई समय सापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी बनाई सिकारुको ज्ञान, सिप र व्यवहार विकासमा सहजीकरण गर्नु ।

(ख) स्थानीय परिवेश अनुसार निर्माण गरिएको स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नु र पाठ्यक्रम अनुसारको सबै कक्षा (कक्षा ८ सम्म) पाठ्यपुस्तक प्रभावकारी कार्यान्वयन गर्नु ।

(ग) बालबालिकाहरुको सिकाइ समस्याको समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन संगै सिकाइलाई समस्या समाधान उन्मुख गराई निरन्तर आवधिक, स्तरीकृत र प्रमाणमा आधारित मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु ।

(घ) बालबालिकालाई आधुनिक विज्ञान र प्रविधिमा आधारित समाजमा अनुकुल बनाउन पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई प्रविधियुक्त बनाई प्रभावकारी कार्यान्वयनमा जोड दिनु र यसका लागि शिक्षण सिकाइ तथा सन्दर्भ सामग्रीहरुको व्यवस्थापन र प्रभावकारी प्रयोग गर्नु ।

४.१.३ रणनीति

(क) राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ र तदनुसारका पाठ्यक्रमको कार्यान्वयन गरिने र विद्यालय तहको पाठ्यक्रम कार्यान्वयन गर्न क्षमता विकास र परिचालन गर्ने ।

(ख) विकास गरिएको राष्ट्रिय पाठ्यक्रम तथा स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालाहरूलाई प्रवोधिकरण गरिने, परिमार्जित राष्ट्रिय पाठ्यक्रम र स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने र आवश्यकतानुसार मूल्याङ्कन गरी त्यसका आधारमा पाठ्यक्रम परिमार्जन तथा सुधार गर्न पृष्ठपोषण प्रदान गर्ने ।

(ग) पाठ्यक्रम कार्यान्वयनका लागि अत्यावश्यक संरचनागत तथा शिक्षकको पेसागत क्षमता अभिवृद्धि गर्ने ।

(घ) शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्यायन तथा सन्दर्भ सामग्रीहरूको प्रयाप्त उपलब्ध हुने व्यवस्था गरिने ।

(ङ) माध्यम भाषाका रूपमा आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा, बहु भाषा प्रयोग गरिने, विद्यालयमा आधारित सहयोग पद्धति विकास गर्ने ।

(च) स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन र पाठ्यसामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गर्ने ।

(छ) ज्ञानमा आधारित समाज, सूचना तथा सञ्चार प्रविधिको विकास र प्रयोग एवम् शैक्षिक सामाजिक सांस्कृतिक, राजनीतिक, आर्थिक परिवर्तन र विश्व परिवेशका आधारमा पाठ्यक्रमलाई सान्दर्भिक र व्यवहारिक बनाउन समन्वय र सहकार्य गर्ने ।

(ज) पाठ्यक्रम प्रभावकारी कार्यान्वयनका लागि आवश्यक नीतिगत, संरचनागत तथा पेसागत सक्षमता अभिवृद्धि गर्ने ।

(झ) अपाङ्गता भएका, अनाथ तथा द्वन्दप्रभावित बालबालिकाहरुको शैक्षिक पहुँच बढाउन र सिकाइ अवसर वृद्धि गर्न पाठ्यक्रम तथा सिकाइ सामग्रीलाई ब्रेल लिपि, साङ्केतिक भाषा, श्रव्यदृष्य सामग्रीको विकास तथा प्रयोगलाई उच्च प्राथमिकता दिई सबै बालबालिकाको शैक्षिक अधिकार सुनिश्चित गर्ने ।

(ञ) आधारभूत तहको परीक्षा तथा विद्यार्थी मूल्याङ्कन पद्धतिलाई क्रमश सुधार र व्यवस्थित गर्ने ।

(ट) शिक्षण सिकाइलाई प्रविधि सँग जोड्न सबै सामुदायिक विद्यालयमा प्राविधिक पद सिर्जना गरि विद्यालयमा रहेका कम्प्युटर प्रयोगशालालाई सुचारु गर्ने ।

(ठ) फरक क्षमता भएका तथा कमजोर सिकाइ क्षमता भएका बालबालिकाको सहपाठि सिकाइ समूह गठन गरि सिकाइमा सहयोग गर्ने व्यवस्था मिलाउने ।

### ४.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

बिद्यालय तहको पाठ्यक्रम सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई आवश्यक आधारभूत सक्षमता सहित सकारात्मक सोच सिर्जनशील, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारोन्मुख नागरिक तयार गर्न सहयोग हुने ।

**ख) नतिजा**

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मकसोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरिक तयार हुने सङ्ख्या | ३०० | २०० | २०० | २०० | २०० |
| २ | स्थानीय पाठ्यक्रममा समावेश भएका विषयवस्तुको ज्ञान, सिप र धारणाको विकास गराइ सिकाइ गराएका विद्यालय | २८ | २८ | २८ | २८ | २८ |
| ३ | एकीकृत पाठ्यक्रम लागु गरेका विद्यालय | २८ | २८ | २८ | २८ | २८ |
| ४ | निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन भइ विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार गरेका विद्यालय | २५ | २५ | २८ | २८ | २८ |
| ५ | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय सङ्ख्या | २५ | २५ | २८ | २८ | २८ |
| ६ | अपाङ्गता भएका बालबालिकाको लागि अनुकुलको पाठ्सामाग्रीको व्यवस्था भइ शिक्षामा पहुँचको सुनिश्चित गरेका विद्यालय | २८ | २८ | २८ | २८ | २८ |
| ७ | पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन भै सिकारुमा ज्ञान, सिप र व्यवहारमा सकरात्मक परिवर्तन आएका विद्यार्थी सङ्ख्या | ५० | १०० | १५० | २०० | २५० |
| ८ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय | २८ | २८ | २८ | २८ | २८ |
| ९ | स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन | विद्यालय | ५ | २८ | २८ | २८ |
| १० | स्थानीय पाठ्यपुस्तक निर्माण | तह | कक्षा १-५ | कक्षा ६-८ | ० | ० |

### ४.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य (५ वर्ष ) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | पाठ्यक्रम अभिमुखिकरण र तालिम | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| २ | शिक्षक पेसागत विकास तालिम र क्षमता विकास सहजीकरण मा आधारित | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| ३ | कक्षाकोठामा आधारित विद्यार्थी मूल्याङ्कनका लागि क्षमता विकास | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| ४ | कक्षा ५ र ८ को स्तरिकृत परीक्षा सञ्चालन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ६ | डिजिटल सामाग्रीको प्रयोगमा सहयोग प्रचार- प्रसार, क्षमता विकास तथा अभिमुखिकरण | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| ७ | पाठ्यपुस्तक वितरण | विद्यालय | २८ | २८ | २८ | - | - | - | २८ | निरन्तर |
| ८ | कक्षा ६ देखि कक्षा ८ को स्थानीय पाठ्पुस्तक निर्माण तथा अध्यावधिक | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| ९ | शिक्षण सिकाइ र सन्दर्भ सामाग्री वितरण र व्यवस्थापन | विद्यालय | २८ | २८ | २८ | २८ | २८ | २८ | २८ | निरन्तर |
| १० | परीक्षा र मूल्याङ्कन प्रणाली सुधारका लागि क्षमता विकास अभमुखिकरण कार्यक्रम सञ्चालन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ११ | शिक्षकका लागि सहायता सामग्रीको प्रबन्ध पाठ्यक्रम सँग सम्बन्धित | विद्यालय | २८ | २८ | २८ | २८ | २८ | २८ | २८ | |
| १२ | स्थानीय पढाइ सामग्री र अन्य शैक्षणिक सामग्री निर्माण तथा प्रयोग | पटक | १० | १ | २ | २ | २ | २ | ९ | १ |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ वर्तमान अवस्था

गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य व्यावसायिक रूपमा दक्ष पेसा प्रति उत्प्रेरित, समर्पित, प्रतिवद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ । शिक्षक व्यवस्थापनको यही महत्त्व र उपादेयतालाई मध्यनजर राखी प्रारम्भिक बालविकास केन्द्रका सहयोगी कार्यकर्तालाई समेत शिक्षकको रूपमा स्वीकार गर्दै प्रस्तुत एकाइमा बालविकास देखि माध्यमिक तहसम्मको शिक्षकको सम्बन्धमा विश्लेषण एवम् योजना निर्माण कार्यलाई समेटिएको छ । नेपालमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले शिक्षकको पेसागत विकासका लागि नीति निर्माण गर्दछ । प्रदेश तहमा रहेका शिक्षा तालिम केन्द्रहरु मार्फत तालिम र क्षमता विकासका गतिविधिहरु अगाडी बढेका छन् । शिक्षक अध्यापन अनुमति पत्र सम्बन्धी काम र रिक्त शिक्षक दरबन्दीमा स्थायी पदपूर्तिका लागि परीक्षा सञ्चालन गरी नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक बढुवा सम्बन्धी कार्य शिक्षक सेवा आयोगले गर्ने गरेको छ भने आयोगबाट सिफारिस भई आएका शिक्षकहरूलाई नियुक्ति गर्ने कार्य शिक्षा विकास तथा समन्वय एकाइ र  पदस्थापन स्थानीय तहहरूबाट हुने गरेको छ । यसैगरी अस्थायी वा विद्यालयको निजी स्रोतमा शिक्षक नियुक्ति गर्ने, शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्ने कार्य पनि स्थानीय तहबाट हुने गरेको छ । शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रमाणीकरण तथा कष्टमाइज्ड तालिम पाठ्यक्रम निर्माण गर्ने प्रशिक्षक तयार गर्ने कार्य गर्दछ भने प्रदेश अन्तर्गतका शिक्षा तालिम केन्द्रहरूले शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्ने काम गर्दै आएका छन् । तत्कालीन शिक्षा विभागले बालविकास केन्द्रका सहयोगी कार्यकर्ताहरुका लागि १६ दिने तालिम तत्कालीन जिल्ला शिक्षा कार्यालयहरुले सञ्चालन गरेको थियो भने हाल उक्त तालिम अघि बढेको देखिदैन । शिक्षक व्यवस्थापन संगै शिक्षकको क्षमता विकास र परिचालन उतिकै महत्व हुन्छ । शिक्षकको पेसागत  दक्षता र पेसागत  विकासका आधारमा नै शिक्षक परिचालित हुने र सिकाइ क्रियाकलापहरु प्रभावकारी हुने हुन्छन ।

त्रिवेणी गाउँपालिकामा सामुदायिक विद्यालयहरु २८ र संस्थागत विद्यालयहरु ६ गरी जम्मा विद्यालयहरु ३४ वटा विद्यालयहरुमा शिक्षक व्यवस्थापन रहेको छ । उल्लिखित विद्यालयहरु मध्य सामुदायिक विद्यालय हरुमा निम्नानुसार शिक्षक सङ्ख्या रहेका छन् ।

सामुदायिक विद्यालयमा रहेको शिक्षक दरबन्दि तथा व्यवस्थापनको विवरण निम्नानुसार रहेको छ ।

| तह | जम्मा दरबन्दी | जम्मा शिक्षक | महिला | पुरुष | पालिका अनुदान | संघीय अनुदान | संघ नियमित |
|---|---|---|---|---|---|---|---|
| प्रारम्भिक बालविकास र शिक्षा | ३५ | ३५ | ३५ | | १२ | | २३ |
| आधारभूत तह कक्षा १ - ५ | ९१ | ९५ | २८ | ६७ | ४ | | ९१ |
| तह कक्षा ६ – ८ | १६ | ३६ | १७ | १९ | १६ | ६ | १४ |
| माध्यमिक तह कक्षा ९ र १० | १५ | २० | ६ | १४ | ४ | ८ | ८ |
| माध्यमिक तह कक्षा ११-१२ | | २ | २ | ० | | | २ |
| जम्मा | १५७ | १८८ | ८८ | १०० | ३६ | १४ | १३८ |
| लेखा कर्मचारी | कार्यालय सहयोगी | | | | कम्प्यूटर शिक्षक | | |
| ६ जना | २९ जना | | | | २ जना | | |

श्रोतः त्रिवेणी गाउँपालिका युवा, खेलकुद तथा शिक्षा शाखा

शिक्षा नियमावली २०५९, को नियम ९२ अनुसार सामुदायिक विद्यालयमा रहने शिक्षक दरबन्दीको विवरण अनुसुची १२ मा व्यवस्था गरेको छ। पूर्व प्राथमिक विद्यालयमा १ जना, प्राथमिक विद्यालयमा ५० जनासम्म विद्यार्थी भएमा कम्तीमा २ जना र सोभन्दा बढी विद्यार्थी भएमा कम्तीमा ३ जना, कक्षा ६–८ का लागि कम्तीमा ४ जना र माध्यमिक तह ९–१२ का लागि ८ जना शिक्षक रहने व्यवस्था उक्त नियमावलीमा छ।

शिक्षक दरबन्दि मिलान कार्यविधी अनुसार यस त्रिवेणी गाउँपालिकामा शिक्षक दरबन्दी मिलानका कार्यहरु भएको छ । विद्यालय को आवश्यक ता अनुसार गाउँपालिका अनुदानबाट पनि शिक्षहरु व्यवस्थापन र परिचालनका कार्यहरु भएका छन् । समग्रमा यस गाउँपालिकामा शिक्षक विद्यार्थी बिचको अनुपात तहगत रूपमा निम्नानुसार रहेको छ ।

| **तह** | **शिक्षक बिद्यार्थी अनुपात (सामुदायिक)** |
|---|---|
| प्रारम्भिक बालविकास तह | १:१५ |
| आधारभूत तह कक्षा १ - ५) | १:११ |
| आधारभूत तह कक्षा (६ - ८) | १:२३ |
| कक्षा (१ - ८) | १:१४ |
| माध्यामिक तह (९ - १०) | १:२५ |
| माध्यामिक तह (११ - १२) | १:१२० |
| माध्यामिक तह (०९ - १२) | १:३४ |

स्रोतः त्रिवेणी गाउँपालिका,शिक्षा युवा तथा खेलकुद शाखा – २०८१, सल्यान

शिक्षकको क्षमता विकास र पेसागत सहयोगको हकमा भने पालिकामा पेसागत सहयोगका गतिविधिहरु न्यून रहेका छन्।शिक्षक पेसागत विकास र प्रोत्साहनका कार्यक्रमहरु नियमित रूपमा कार्यान्वयन गर्नुपर्ने आवश्यकता देखिन्छ । शिक्षकको नियमित सिकाइ आदान प्रदान र उत्प्रेरणाका साथै नियन्त्रण प्रभावकारी बनाउन सकेमा शिक्षक व्यवस्थापन नमुनायोग्य हुने र सेही बमोजिमका उपलब्धीहरु हासिल गर्न सकिने देखिन्छ । यस गाउँपालिकामा प्रारम्भिक बालविकास र शिक्षामा पालिकाबाट बालविकास शिक्षकहकका लागि थप प्रोत्साहन भत्ता रु ५०००। को व्यवस्था भएको छ भने अन्य शिक्षक प्रोत्साहनका कार्यक्रमहरु हुन सकेका छैनन । शिक्षक तालिमलाई वास्तविक आवश्यकतामा आधारित बनाउन र तालिममा सिकेका ज्ञान तथा सिपलाई कक्षाकोठामा प्रयोग गराउन आवश्यक देखिन्छ भने दरवन्दी मिलान र वितरणका कार्यलाई प्रभावकारी रूपमा लैजान आवश्यक देखिन्छ । गाउँपालिकामा शिक्षक पेसागत सहयोग पद्धति विकासका लागि सिकाइ समुह गठन, रोष्टर शिक्षक व्यवस्थापन, शिक्षक बिच सिकाइ आदान प्रदान जस्ता कार्य गराउन आवश्यक देखिन्छ । यस त्रिवेणी गाउँपालिकामा अध्यापन गर्ने सबै शिक्षकहरुलाई टिपीडि तालिमको मूलधारमा ल्याउनु, शिक्षक तालिमलाई वास्तविक आवश्याकतामा आधारित बनाउन र तालिममा सिकेका ज्ञान तथा सिपको कक्षाकोठामा प्रयोग, शिक्षण पेसालाई रोजाइको पेसाको रूपमा विकास गर्नु तथा विद्यार्थी सिकाइ उपलव्धीलाई शिक्षकको कार्यसम्पादन मूल्याङ्कनसँग आवद्द गर्ने कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु यस गाउँपालिकाका शिक्षक व्यवस्थापनका प्रमुख चुनौती रहेकाले यस क्षेत्रमा ध्यान पुर्याउन आवश्यक देखिन्छ ।

### ४.२.२ उद्देश्य

१. तहगत रूपमा शिक्षकको प्रभावकारी वितरण र व्यवस्थापन गर्नु (संघ तथा प्रदेश सरकारसँग समन्वय) र यसका लागि शिक्षक पुन;वितरण र व्यवस्थापन कार्य प्रभावकारी र नियमित गर्नु ,
२. निरन्तर पेसागत सहायता प्रणाली स्थापना संगै शिक्षकको निरन्तर पेसागत विकासका अवसरहरूको सुनिश्चितता गर्नु,
३. शिक्षक तथा बिद्यालय कर्मचारी प्रोत्साहन, निरन्तर पेसागत विकास र सिकाइ आदान प्रदान कार्यक्रमका माध्यमबाट सबै तहमा सक्षम, प्रतिबद्ध र अभिप्रेरित शिक्षकहरूको प्रबन्ध गर्नु ,
४. खेल, कम्प्यूटर लगायत अतिरिक्त क्रियाकलापका लागि शिक्षक व्यवस्थापन र परिचालन गर्नु ।

### ४.२.३ रणनीति

१. शिक्षक सक्षमता प्रारुपलाई अद्यावधिक गरी यसलाई शिक्षक तयारी र छनौट प्रक्रियामा आबद्ध गर्न संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्ने ,
२. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान एवम् दरबन्दी पुन;र्वितरण तथा थप गर्ने कार्यलाई सहजीकरण गर्ने र प्राविधिक शिक्षाका लागि पनि शिक्षक व्यबवस्थापन र क्षमता विकास गर्ने,
३. तहगत रूपमा शिक्षकको योग्यता र दक्षताका लागि कार्यहरु गर्ने,
४. शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षण सिप विकाससम्बन्धी छोटो अवधि र लामो अवधिका सेवाकालीन तालिम प्रदान गर्ने कार्यलाई अनिवार्य र प्रभावकारी बनाइने,
५. गाउँपालिका स्तरीय शिक्षक पेसागत सहयोग मार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराइनेछ । यसकालागि गाउँपालिकामा विषयगत शिक्षक सञ्जाल तथा आवश्यकता अनुसार अनुभबी शिक्षकहरुबाट सहयोग तथा अनुगमनको पद्धती विकास गर्ने,
६. शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गरी नतिजा प्रति जवाफदेही हुने पद्धति विकासका लागि शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी सो को कार्यान्वयन गर्ने ।
७. प्रत्येक तहमा पुरस्कार र दण्डको प्रावधानलाई वस्तुगत र न्यायोचित किसिमले प्रभावकारी बनाइने र बिद्यालय कर्मचारीलाई प्रोत्साहनको व्यवस्था गर्ने,
८. अर्को स्थानीय तह वा जिल्लाबाट यस गाउँपालिकामा सरुवा भएर आउन चाहने शिक्षकहरुका निम्ति सूचना तथा सञ्चार प्रविधिमा शिक्षकको दक्षता सहितको मापदण्डको निर्माण र कार्यान्वयनलाई प्रमुख प्राथमिकतामा राख्ने ।
९. भौगोलिक क्षेत्रका आधारमा गाउँपालिकामा सञ्चालित सामुदायिक विद्यालयका प्रधानाध्यापकलाई अतिरिक्त प्रोत्साहन भत्ताको व्यवस्थापन गर्ने,
१०. गाउँपालिकाका सबै शिक्षकहरुको स्वास्थ्य बीमा निःशुल्क वा अनिवार्य गर्ने,
११. अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका व्यक्तिलाई शिक्षण पेसामा सहभागी हुन पाउने अवसर एवम् क्षमता अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गर्ने ,
१२. सबै शिक्षकहरुले सिकाइमा सुधार गर्नका लागि अनिवार्य रूपमा कार्यमूलक अनुसन्धान गर्न लगाउँने र उत्कृष्ट अनुसन्धानलाई गाउँपालिकावाट प्रकाशन र सम्प्रेषण गर्ने साथै शिक्षक क्षमता विकासमा प्रविधिलाई जोड दिने,

१३. गाउँपालिकास्तरमा सेवा निवृत्त शिक्षक र शिक्षा प्रशासनका अधिकृतहरु सम्मिलित विज्ञ टोलीको गठन गरी शिक्षकहरुको पेसागत सहयोगको कार्यमा परिचालन गरिने छ।

१४. खेल नृत्य तथा मनोपरामर्श सहजकर्ताको व्यवस्था गर्ने तथा शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने,

१५. प्रत्येक ५ वर्षमा शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षण सिप विकास सेवाकालिन तालिम अनिवार्य बनाइने छ।

### ४.२.४ प्रमुख उपलब्धि तथा नतिजा

(क) पर्याप्त मात्रामा सक्षम र पेसाप्रति अभिप्रेरित दक्ष र जिम्मेबार शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार भएको हुने ।

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | एकाइ | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|---|
| १ | राष्ट्रिय शिक्षक सक्षमता कार्यढाँचाको आधारमा शिक्षक तयारी, छनौट र पेसागत सहयोग प्रणालीको विकास हुने । | प्रतिशत | ३० | ५० | ७० | ९० | १०० |
| २ | शिक्षक सक्षमता प्रारूपको पुनरावलोक नभई शिक्षकको तयारी छनौट र पेसागत विकास भएको हुने । | प्रतिशत | ३० | ५० | ७० | ९० | १०० |
| ३ | तहगत रूपमा शिक्षक वितरण र बिषयगत रूपमा शिक्षक व्यवस्थापन र परिचालन भएको हुने । | जना | १० | १० | १० | १० | १० |
| ४ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक सहजकर्ताको सङ्ख्या | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| ५ | खेल, कम्प्यूटर तथा अतिरिक्त क्रियाकलापका लागि शिक्षक व्यवस्थापन र परिचालन भएको हुने | जना | ५ | १० | १० | १० | १० |
| ६ | आधारभूत तहमा कार्यरत तोकिएको योग्ता प्राप्त शिक्षक | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| ७ | शिक्षक र कर्मचारीको प्रोत्साहित भएको हुने तथा जिम्मेबार र जवाफदेही भएको हुने । | प्रतिशत | ४० | ६० | ७५ | ८५ | १०० |
| ८ | माध्यमिक तह कक्षा ९-१२ मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक (%) | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| ९ | सबै तहमा शिक्षकहरुको न्यूनतम शैक्षिक योग्यतामा पुनरावलोकन तथा सुधार भएको हुने र शत प्रतिशत शिक्षकहरु न्यूनतम योग्यता हासिल गरेको हुने । | प्रतिशत | ५० | ६० | ७० | ८५ | १०० |
| १० | सूचना प्रविधि सम्बन्धी न्यूनतम सक्षमता भएका शिक्षक | प्रतिशत | ५० | ५५ | ६० | ७० | ७५ |
| ११ | शिक्षकको पेसागत सहयोग प्रणाली लागु भएका विद्यालय सङ्ख्या | प्रतिशत | ० | ० | ६ | २८ | |

### ४.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य (५ वर्ष ) | | | | | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | शिक्षक व्यबवस्थापन र परिचालन तहगत रूपमा वितरण र पुन;वितरण | विद्यालय | २८ | ० | २८ | २८ | २८ | २८ | २८ | |
| २ | शिक्षक पेसागत सहयोग प्रणालीको विकास र व्यवस्थापन | विद्यालय | २८ | ० | २८ | २८ | २८ | २८ | २८ | |
| ३ | अन्तर विद्यालय सिकाइ आदान प्रदान भ्रमण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ४ | पालिकाले प्र.अ र प्र.अले शिक्षकहरूसँग करार सम्झौता | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ५ | सिकाइ समुह बैठक/घुम्ती बैठक सञ्चालन गर्ने | पटक | १० | ० | २ | २ | २ | २ | ८ | २ |
| ६ | तहगत रूपमा उत्कृष्ट कार्य गर्ने शिक्षकलाई प्रेत्साहन | वार्षिक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ७ | एक शिक्षक एक ल्यापटप अवधारणा कार्यान्वयन | शिक्षक | १०० | १० | २० | २० | २० | २० | ९० | १० |
| ८ | प्रधानाध्यापकलाई प्र .अ भत्ता थप | जना | २८ | ० | २८ | २८ | २८ | २८ | २८ | |
| ९ | सबै शिक्षक तथा कर्मचारीको स्वास्थ्य विमा | पटक | | | १ | १ | १ | १ | ५ | |
| १० | शिक्षक मेन्टोरीङ कार्यक्रम सञ्चालनका लागि क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| ११ | अन्तर विद्यालय असल अभ्यासको अवलोकन भ्रमण गराउने। | पटक | १० | १ | १ | २ | २ | ४ | १० | निरन्तर |
| १२ | सिकाइ आदानप्रदान,क्षमता विकास, प्रविधि हस्तान्तरण र ज्ञानको संञ्जालीकरणका लागि शिक्षक पेसागत सहयोगका लागि गठन भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्थाहरुको बिच सञ्जाल विकास गर्ने। | पटक | २ | ० | १ | ० | १ | ० | २ | निरन्तर |
| १३ | बिद्यालयमा आधारित नियमित र प्रभाबकारी अनुगमन तथा सुपरिवेक्षण संयन्त्र विकास गरि कार्यन्वयन गर्ने | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |

## ४.३ शिक्षामा समता र समावेशीकरण

### ४.३.१ वर्तमान अवस्था

हाम्रो समाजमा विविध किसिमका नागरिकहरु रहेका छन् । नेपालको संविधान २०७२ ले अपाङ्गता, भूगोल, आर्थिक तथा सामाजिक रूपमा पछाडि पारिएका व्यक्ति समूहको समान, समतापूर्ण सहभागिता सुनिश्चित गर्ने कुरा परिकल्पना गरेको छ । शिक्षामा सबैको समान र समतामूलक पहुँचले नै शैक्षिक गुणस्तर कायम गर्न सकिन्छ ।कुनै पनि कारणले बालबालिकाहरु शिक्षाको पहुँच भन्दा बाहिर रहनुहुन्न । विभिन्न कारणहरु जस्तै दलित , अल्पसंख्यक, विपन्न जनजाती तथा अपाङ्गता भएका, सामाजिक तथा सांस्कृतिक कारणले एवम् दुर्गम भौगोलिक दुरगमताका कारणले बालबालिकाहरुका लागि शैक्षिक पहुँच समान अवसरको रूपमा पुगेको देखिदैन । यसर्थ शिक्षामा समता र समावेशीकरणका मार्फतबाट सबैको सहभागिता सुनिश्चित गर्नु पर्ने देखिन्छ । शिक्षा आफैमा एक सामाजिक कार्य भएकोले शिक्षामा सबैको पहुँच तथा सहभागिताको अधिकार सुनिश्चित गर्न अति आवश्यक छ ।

त्रिवेणी गाउँपालिकामा रहेका जम्मा २८ वटा सामुदायिक र ६ वटा संस्थागत विद्यालयहरुमा हेर्दा अपाङ्गता भएका बालबालिकाहरु जम्मा १८ जना विद्यालयमा अध्ययनरत रहेका छन् । गाउँपालिका विभिन्न बर्ग र उमेर समुहका अपाङ्गता भएका नागरिक जम्मा ६४० जना रहेका छन् । जम्मा अध्ययनरत बालबालिका मध्य जनजाती बालबालिका १२२७ र दलित बालबालिका ४७२ रहेका छन् । यस गाउँपालिकामा अपाङ्गता भएका बालबालिकाको लागि बिशेष कक्षाहरु सञ्चालन नभएको र केही बालबालिकाहरु नजिकैको छत्रेश्वरी गाउँपालिकामा गएर अध्ययन गरिरहेका छन् । यस पालिकामा जम्मा ३ जना अपाङ्गता भएका शिक्षकहरु रहेका छन् र उनीहरुलाई गाउँपालिकाले अपाङ्गता सहायता सामग्री उपलब्ध गरेको छ । अपाङ्गता भएका बालबालिकाको लागि पनि अपाङ्गता सहायता सामग्री उपलब्ध गरिएको छ भने अपाङ्गता , दलित र छात्रा छात्रबृति उपलब्ध गराउदै आएको छ । बिद्यालयमा विभेद तथा दुर्व्यबहार जस्ता बिषयहरुलाई न्यूनिकरण गर्न हरसम्भव प्रयास गरिएको छ । बिद्यालयमा लैङ्गिक फोकल व्यक्तिहरु रहने गरी लैङ्गिक समानता तथा समावेशीकरण सम्बन्धी रणनितिक योजना २०८० निर्माण गरि कार्यन्वयन गरिएको छ । यसै गरी लैङ्गिक हिंसा निवारण कोष बालकोष स्थापना तथा बाल अधिकार संरक्षण र प्रवद्धन सम्बन्धी कार्यविधी २०८० तथा महिला विकास कार्यक्रम कार्यविधी २०८० तयार गरी कार्यन्वयन गरिएको र यसले समता र समावेशी सम्बन्धि कार्य गरेको छ । यसै गरी लैङ्गिक समता सूचकको हिसाबमा प्रारम्भिक बालविकासमा ०.९१, आधारभूत तहमा ०.९५र माध्यमिक तहमा ०.९७ रहेको छ । समग्रममा सामुदायिका विद्यालयमा लैङ्गिक समाता सूचक भने राम्रो रहेको छ ।

| तह | लैङ्गिक समता सूचक (सामुदायिक) |
|---|---|
| प्रारम्भिक बालविकास तह | १.०९ |
| आधारभूत तह कक्षा १ - ५) | १.०३ |
| आधारभूत तह कक्षा (६ - ८) | १.१६ |
| कक्षा (१ - ८) | १.०८ |
| माध्यामिक तह (९ - १०) | १.०० |
| माध्यामिक तह (११ - १२) | १.१९ |
| माध्यामिक तह (०९ - १२) | १.०६ |

स्रोतः गाउँपालिका IMES / फ्ल्यास प्रतिवेदन ?

अनाथ, घरेलु हिंसा पिडित, द्वन्द पिडित, सहिद परिवार, बेपत्ता घाइते , अपाङ्ग सबै किसिमका बालबालिकालाई शिक्षाको मूलधारमा ल्याउनका लागी पालिकाले विभिन्न कामहरू गरीरहेको छ । छात्रवृत्ति, अपाङ्गमैत्री विद्यालय, बालमैत्री विद्यालय, दिवा खाजा लगायतका कामहरू गाउँपालिकाले गरीरहेको छ, तर पनि समावेशी शिक्षाको हकमा धेरै काम गर्न बाँकी छ । यस गाउँपालिकामा अपाङ्ग

भएका बालबालिकाहरू श्रोत विद्यालयको व्यवस्थापन हुन नसक्दा अहिले पनि शिक्षाको मूलधारमा पुग्न सकेको देखिदैन । विद्यालयमा शिक्षामा कमजोर वर्गको समतामूलक पहुँच र गुणस्तर सुनिश्चित गर्न, विशेष सुविधाको आवश्यकता पर्ने बालबालिकाहरुलाई सिकाइका लागी आवश्यक पर्ने सहयोग गर्ने प्रणाली प्रभावकारी व्यवस्थापन गर्नु, सबै प्रकारका अपाङ्गता भएका बालबालिकाहरुका लागी विशेष शिक्षाको सुनिश्चितता गर्नु, विद्यालयका पूर्वाधारहरुलाई छात्रामैत्री र अपाङ्गमैत्री बनाउनु र श्रोत कक्षाको सञ्चालन तथा व्यवस्थापनमा प्रभावकारीता अभिवृद्धि गर्नु यस क्षेत्रमा देखिएका मुख्य चुनौतिका विषयहरु हुन् । शिक्षक नयुक्तिमा स्थानीय, महिला, अपाङ्गता भएका तथा विपन्न वर्गलाई प्राथमिकतामा राखेर प्रक्रिया बढाईएको छ ।

नेपालको संविधानमा कमजोर वर्गका बालबालिकाहरुलाई आधारभूत र माध्यमिक शिक्षामा नि; शुल्क तथा अपाङ्ग बालबालिकाहरुलाई उच्च शिक्षासम्म नि; शुल्क दिइने व्यवस्था, छात्रा र दलित एवम् सीमान्तकृत बालबालिकाहरुका लागी छात्रवृत्ति प्रदान गर्नु, विद्यालय एवम् कक्षाकोठामा विविधता व्यवस्थापनको पाटो सशक्त बन्दै जानु, पालिकाले कमजोर वर्गको शिक्षामा पहुँच पुर्याउनका लागी खेल्दै गरेको भूमिका, शिक्षक लगायत हरेक पेसामा आरक्षणको व्यवस्था लागु गरीनु आदि यस क्षेत्रका सम्बन्धमा अवसरहरु रहेका छन् ।

### ४.३.२ उद्देश्य

(क) महिला, दलित, जनजाती, लोपोउन्मुख समुदाय, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक कारणले बञ्चितिमा परेका व्यक्तिहरूलाई शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्नु ।

(ख) लक्षित समूहका बालबालिकाहरूको सिकाइमा समतामूलक सहभागितामा वृद्धि गरी उनीहरुको सिकाइ गुणस्तर सुनिश्चित गर्नु ।

(ग) पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ क्रियाकलापलगायत समग्र शैक्षिक प्रणालीमा विवधता, समता तथा समावेशीता अभिवृद्धि गरी विद्यालयलाई बालमैत्री, अपाङ्गतामैत्री बनाई लक्षित बर्गको पहुँच सुनिश्चित गर्नु ।

(घ) विद्यालय तथा शैक्षिक संस्थाहरुमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने वातावरण सुनिश्चितता गर्नु र लक्षित वर्गको लागि हुने स्व प्रवाह चुस्त दुरुस्त बनाउनु ।

### ४.३.३ रणनीतिहरू

१. घरधुरी सर्वेक्षण गरी बालबालिकाहरूको अवस्था तथा आवश्यकता पहिचान गरी सोही अनुसार पहुँच र सहभागिताको प्रबन्ध मिलाईने ।
२. सबै विद्यालयमा लैङ्गिक, अपाङ्गमैत्री तथा बालमैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकास गरी विशेष लक्षित समूहका सबै बालबालिकाहरूलाई शिक्षा उपलब्ध गराइने ।
३. आवश्यकतामा आधारित बैकल्पिक शिक्षा कार्यक्रमका विभिन्न नमूनाहरूको विकास गरी पहुँच सुनिश्चित गरीने
४. शिक्षण सिकाइमा स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास, ज्ञान तथा सिप समावेश गरीने ।
५. आवश्यकता अनुसार लक्षित बालबालिकाका लागि पोशाक, स्टेशनरी तथा सिकाइ सामग्रीका लागि छात्रवृत्ति उपलब्ध गराइने ।
६. सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकतालाई सम्बोधन गरीने ।
७. विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने वातावरणको सिर्जना गरीने
८. शिक्षण गर्ने सिपयुक्त जनशक्तिको व्यवस्था गरीने तथा अपाङ्गता भएका बालबालिकाको लागि विशेक्ष शिक्षक , तालिम तथा शिक्षण सामग्रीहरु उपलब्ध गरिने ।
९. समुदाय, सामुदायिक अध्ययन केन्द्र, गैर सरकारी संघ संस्था, निजी क्षेत्र र विद्यालयहरूको सहभागितामा बालबालिकाहरूको शिक्षा पाउने हक सुनिश्चित गर्ने

१०. समुदाय तथा बिद्यालयमा हेपाई, विभेद दुर्व्यवहार, वहिष्कार जस्ता क्रियाकलापहरु नहुन वातावरणका लागि सचेतना मूलक कार्यक्रमहरु गर्ने ।

११. विभिन्न कारणले हुने बालविवाह न्यूनिकरण र अन्त्यका लागि समुदाय तहमा जनचेतनामूलक कार्यक्रम, पैरवी तथा नीति नियमको कार्यान्वयन गर्ने ।

### ४.३.४ उपलब्धि तथा नतिजा

**उपलब्धिः**

- विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीयशिक्षा सुनिश्चित हुने

**प्रमुख नतिजाः**

१. महिला, दलित, जनजाती, लोपोउन्मुख समुदाय, अपाङ्गताभएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक कारणले बञ्चितिमा परेका सबै बालबालिकाहरूले शिक्षा प्राप्त गर्ने अवसर पाउने ।
२. लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि भई गुणस्तर सुधार भएको हुने ।
३. विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य, मान्यता अनुकुल गुणस्तरीय सेवा प्रवाह गर्ने जनशक्तिको दक्षता र सक्षमता सुधार हने
४. शैक्षिक सुशासनका लागि विद्यमान संरचनाहरू जवाफदेही हुने ।
५. पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ क्रियाकलापलगायत समग्र शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशीता अभिवृद्धि हुने ।
६. सबै विद्यालयहरू बालमैत्री , अपाङ्गमैत्री भएको हुने ।
७. बालविवाहका कारण बालिकाले बिचैमा कक्षा छाड्ने दर कम भएको हुने साथै विद्यालयमा निरन्तरता बढ्ने ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तहमा लैङ्गिक समता सूचक | ० .९५ | ० .९५ | ० .९६ | ० .९७ | ० .९९ | १ .० |
| २ | माध्यमिक तहमा लैङ्गिक समता सूचक | ०.९७ | ०.९८ | ०.९८ | ०.९९ | ०.९९ | १ .०० |
| ३ | लैङ्गिक फोकल व्यक्ति भएको विद्यालय सख्या | ० | २८ | २८ | २८ | २८ | २८ |
| ४ | लैङ्गिक समता र समावेशीकरण रणनीति लगातका नीति | १ | १ | १ | १ | १ | १ |

### ४.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | मुख्य क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य (५ वर्ष ) | | | | | जम्मा | भौतिक लक्ष्य (१० बर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | अपाङ्गता भएका तथा विभिन्न कारणले विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान र तथ्याङ्क सङ्कलन र अद्यावधिक गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| २ | नियमित छात्रवृत्ति वितरण कार्यकंम ( छात्रा र दलित) | जना | २२०० | ४०१ | ४०१ | ४०१ | ४०१ | ४०१ | २००५ | १९५ |
| ३ | अति विपन्न र लक्षित बालबालिकालाई शैक्षिक सामग्रीहरु सहायता | विद्यार्थी | १०० | २० | २० | २० | २० | २० | १०० | निरन्तर |
| ४ | बिद्यालयमा लैङ्गिक तथा समावेशी फोकल शिक्षकको नियुक्त र क्षमता विकास | बिद्यालय | २८ | २८ | २८ | २८ | २८ | २८ | २८ | |
| ५ | अपाङ्गता भएका बालबालिकाको लागि शैक्षिक सामग्री सहयोग | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ६ | समावेशी तथा समता शिक्षा र क्षमता विकास तालिम र अभिमुखिकरण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ७ | अनाथ, जोखिममा परेका, अपाङ्गता भएका बालबालिकाको तथ्याङ्क **सङकलन** र अध्यावधिक गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ८ | बालविवाह , लैङ्गिक हिंसा र दुर्व्यवहार र रोकथामका लागि सन्दर्भ सामग्री प्रकाशन तथा क्षमता विकास | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ९ | विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने सुनिश्चित गर्न यस सम्बन्धी शिक्षा तथा संयन्त्र स्थापना गर्ने । | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

## ४.४ बिद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ वर्तमान अवस्था

बालबालिकाको विकास तथा सिकाइसँग उनीहरुको स्वास्थ्य तथा पोषणको अवस्थाको प्रत्यक्ष सम्बन्ध हुन्छ । स्वास्थ्य तथा पोषणको राम्रो अवस्थाले बालबालिकाको बौद्धिक, मानसिक, सामाजिक र शारिरिक विकास भै सिकाइ उपलब्धिमा सुधार गर्न प्रोत्साहित गर्दछ । अझैपनि कुपोषणका कारणले नेपाल सहित दक्षिण एसियामा रहेका बालबालिकाको मृत्यूको प्रमुख कारण रहेको देखिन्छ । सरसफाइको कमी, सन्तुलित आहार नहुनु ,पोषणयुक्त खानाको कमीका कारणले बालबालिकामा विभिन्न किसिमका रोगहरू उत्पन्न हुँदा बालबालिकाहरु बिद्यालयमा नियमित नहुदा उनिहरुको शैक्षिक वातावरणमा नकरात्मक प्रभाव परेको छ साथसाथै मानसिक समस्याहरु देखिन्छन। पोषणका साथ साथै सरसफाइ तथा स्वच्छता अतिनै आवश्यक हुन्छ । व्यक्तिगत सरसफाइ, घरयासी सरसफाइ, विद्यालयको सरसफाइ, वातावरणीय सरसफाइले बालबालिकाको स्वस्थ जीवनमा सहयोग पुर्याउदछ । विद्यालयमा हुने दिवा खाजा, स्वच्छ खानेपानी, महिनावारी स्वच्छता व्यवस्थापन तथा बालबालिकाको स्वास्थ्य जाँच, खोप लगायतका कार्यक्रमहरु यस अन्तर्गत पर्दछन् । कक्षा ६ देखि १२ सम्म अध्यनरत छात्राका लागि महिनावारी स्वच्छता व्यवस्थापनका तथा निःशुल्क सेनिटरी प्याड वितरण कार्यक्रमलाई तथा केही बिद्यालयहरुमा इन्सिनिरेटरको व्यवस्थापन र प्रयोगले सरसफाइमा सहायता गर्दै आएको छ ।

सरसफाइ तथा स्वच्छता गुरुयोजना २०११, विद्यालय स्वास्थ्य र पोषण रणनीति २००६, विद्यालय क्षेत्र विकास कार्यक्रम सन २०१६ देखि २०२३, बालमैत्री विद्यालय फ्रेमवर्क लगायतका नीति, पूर्ण सरसफाइ निर्देशिका लगायतले स्पष्ट रूपमा विद्यालयको खानेपानी तथा सरसफाइ तथा पोषणको बारेमा दिशा निर्देशन गरेका छन् । विद्यालयमा छात्र र छात्राका लागि युरिनल सहितका फरक फरक शौचालय, शौचालयमा नियमित पानी, नियमित सरसफाइ, सहज हात धुने व्यवस्था, स्वच्छ खानेपानी र सरसफाइका न्यूनतम रूपमा हुनुपर्ने र सोही बमोजिम विद्यालयलमा कार्यान्वियन हुनैपर्ने व्यवस्थाको उल्लेख गरेको छ । विद्यालयमा पानी, शौचालय, वातावरणीय सरसफाइ, सफा र हरियाली वातावरण, स्वच्छता सुविधा, स्वच्छता शिक्षा, महिनावारी स्वच्छता व्यवस्थापन सुविधा, लगायतको व्यवस्थापनले बिद्यालयको पोषण तथा सरसफाइमा मद्धत पुर्याएको छ । बालबालिकाहरुको नियमित रूपमा स्वास्थ्य शिक्षा , स्वास्थ्य परीक्षण, नियमित खोप, भिटामिन , आइरन चक्की तथा शुक्षम पोषक तत्वहरुको वितरण जस्ता कार्यहरु समुदाय तथा विद्यालयमा नियमित हुनुपर्दछ ।

त्रिवेणी गाउँपालिकामा रहेका २८ वटा सामुदायिक विद्यालय हरुमा रहेका प्रारम्भिक बालविकास कक्षा देखि कक्षा ५सम्म रहेका सबै बालबालिकाका लागि दिवा खाजा कार्यक्रम संञ्चालन गरिएको छ । दिवा खाजा अन्तर्गत बिद्यालयले मेनु निर्माण गरी पत्रु (जङ्ग फुड) खाजा निरुत्साहित गर्नलागि स्थानीय स्तरमा उत्पादन भएका अर्गानिक खाजा खुवाउने व्यवस्था गरेको छ । अझै केही बिद्यालयहरुले पत्रु (जङ्ग फुड) खाजा खुवाउने गरेकाले पालिकाले स्थानीय परिवेश अनुसारको खाजा मेनु तयार गरी कार्यान्वयन गर्न आवश्यक छ । यसै गरी पालिकाले माध्यमिक तहका सबै बिद्यालयहरुमा स्वास्थ्य तथा पोषण सप्ताह (जेठ १ देखि ७ गते सम्म) मनाउदै आएको छ । यसै गरी महिनावारी स्वच्छता अन्तर्गत कक्षा ६ देखि १२ कक्षा सम्मका बिद्यालयहरुमा स्यानीटरी प्याड वितरण गर्ने कार्य पनि गरिरहेको छ । हाल ८ वटा विद्यालय हरुमा स्यानीटरी प्याड डिस्पोजलको व्यवस्था रहेको छ । साथै शुद्ध खानेपनीको प्रयोग गर्ने विद्यालय ११ रहेका छन् । बालबालिकाको लागि प्रधाथमिक उपचार किडको व्यवस्थापन भएको विद्यालय १८ वटा रहेका छन् । प्राय सबै विद्यालयमा छात्रा र छात्रा शौचालय भएको र २५ वटा विद्यालयमा शौचालयमा पानी समेत व्यवस्था भएको छ । हाल ५वटा बालविकास शिक्षा केन्द्रहरुमा मैत्रीपूर्ण शौचालयको व्यवस्थापन भएको छ । बिद्यालय सरसफाइ अन्तर्गत कक्षाकोठाको सरसफाइ, बिद्यालयको वातावरणीय सरसफाइ, स्वच्छ खानेपानीका लागि फिल्टको व्यवस्था, क्लेरिनेशन लगायतका कार्य गरेको छ । यसका साथै बिद्यालय स्वास्थ्य अन्तर्गत सबै बिद्यालयमा प्राथमिक उपचार किट वितरण, नियमत स्वास्थ्य चेकजाँच, विद्यालयम पोषण कर्नर साथै माध्यमिक तहका सबै बिद्यालयमा

पोषणको महत्व तथा व्यवहार परिवर्तन, मानसिक स्वास्थ्य, लाग औषध दुर्वयसनी सम्बन्धि सचेतनामूलक कार्यक्रमहरु सञ्चालन भएका छन् ।

### ४.४.२ उद्धेश्य

१. बालबालिकालाई स्वस्थ्य एवम् पोषणयुक्त तथा रैथाने पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु ।
२. विद्यालयमा बालबालिकाको स्वास्थ्य पोषण र सरसफाइ तथा स्वच्छताका सेवामा सुधार गर्नु।
३. विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरूको स्वास्थ्य पोषण र सरसफाइ तथा स्वच्छता सम्बन्धी सकारात्मक व्यवहारलाई प्रोत्साहन गर्नु र सिकाइ उपलब्धिमा सुधार गर्नु ।

### ४.४.३ रणनीति

४. बालबालिकाको लागि विद्यालयमा नै पोषिलो र ताजा खाजा तयार गर्नका साथै खाजा भान्सा तथा भण्डार, भान्सामा प्रयोग हुने आवश्यक भाडावर्तन र अन्य सामग्रीहरू तथा समूहमा हात धुने लगायतका सुविधा विस्तार गरिने छ यसमा अभिभावकको संलग्नतामा पनि जोड दिइनेछ ।
५. दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै अभिभावकको संलग्नतामा माध्यमिक तहसम्मका विद्यार्थीका लागि खाजाको प्रबन्ध गरिने छ ।
६. स्थानीय तहले पालिकाका सबै बिद्यालयका लागि हुने गरी स्थानीय स्तरको स्टान्डर्ड मेनु तयार गरी कार्यान्वियन गर्ने ।
७. विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्री सहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग- अलग शौचालय तथा युरिनल, किशोरिहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेरबारको व्यवस्था गरिनेछ साथै प्रयोग गरिएका स्यानीटरी प्याड व्यवस्थापनका लागि रातो बाल्टी तथा इन्सिनरेटरको व्यवस्थापन गरिनेछ ।
८. विद्यालयहरूमा नियमित प्राथमिक उपचार किट वितरण, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधी तथा सूक्ष्म पोषक तत्त्व प्रदायक ट्याबलेटहरू (भिटामिन ए र आइरन फोलिक एसिड आदि) को वितरण र किशोरीहरूको महिनावारी स्वच्छताको लागि स्यानिटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाईनेछ।
९. विद्यालयमा स्वास्थ्य, खाद्य सुरक्षा, सफाइ तथा स्वच्छता, किशोरीहरूका लागि महिनावारी स्वच्छता र पोषणसम्बन्धी शिक्षा प्रदान गर्न स्वास्थ्य र कृषि क्षेत्रसँग समन्वय र सहयोगमा संयुक्त कार्य योजना निर्माण गरी कार्यान्वियन गरिने छ।
१०. मानसिक स्वास्थ्यमा सुधारका लागि बालबालिकालाई मानसिक स्वास्थ्य शिक्षा तथा परामर्शको व्यवस्था गरिनेछ ।
११. दिवा खाजालगायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छता सम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी प्रभावकारी बनाइने छ।
१२. माध्यमिक तहका सबै बिद्यालयहरुमा विद्यालय नर्स कार्यक्रम लागु गरिने छ र अन्य बिद्यालयहरुमा परिचालन गरिनेछ।

### ४.४.४ प्रमुख उपलब्धि तथा नतिजा

#### क) उपलब्धि

विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भएर सुरक्षित तथा रमाइलो सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता भएको हुनेछ ।

#### ख) प्रमुख नतिजाहरू

(क) दिवा खाजालगायत स्वास्थ्य तथा पोषण तीनै तह र अन्य क्षेत्रसमेतको लागत साझेदारीमा व्यवस्थापन हुने गरी कानुनी मान्यता सहितको नियामक ढाँचा र कार्यान्वियनका लागि आवश्यक मापदण्ड र कार्यविधि तयार हुने ।

(ख) सबै बालबालिकाहरुले पोषणयुक्त दिवा खाजा प्राप्त गरेको हुनेछन् र सबै बालबालिकाहरूले स्वस्थकर, पौष्टिक र स्थानीय उत्पादनमा आधारित दिवा खाजा स्थानीय तहमार्फत विद्यालयबाट प्राप्त गर्ने र जंक फुडलाई पूर्णरूपमा निरुत्साहित गरिएको हुनेछ।

(ग) सामुदायिक माध्यमिक विद्यालय र संस्थागत विद्यालयका सबै कक्षाका विद्यार्थीहरूलाई अभिभावकको सहभागितामा दिवा खाजा वा खाना प्राप्त हुने ।

(घ) विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्री सहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग - अलग शौचालय तथा युरिनल, किशोरिहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेरबारको व्यवस्था हुने ।

(ङ) विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण तथा प्रतिस्थापन, बालबालिकाहरूको स्वास्थ्य जाँच, जुकाको औषधि, आईरन चक्की तथा किशोरीहरूको मासिक महिनावारीमा स्यानिटरी प्याड वितरण र डिस्पोजेबल इन्सिनरेटरको व्यवस्था भएको हुने,

(च) विद्यालयमा विद्यर्थीलाई स्वास्थ्य, खाद्य सुरक्षा, सफाइ तथा स्वच्छता, किशोरीहरूका लागि महिनावारी स्वच्छता र पोषणसम्बन्धी आधारभूत शिक्षा प्राप्त हुने,

(छ) विद्यार्थी र विद्यालयको अगुवाइमा स्मार्ट विद्यालय कार्यक्रम लागु गरी पूर्ण सरसफाइका सूचकहरु पुरा हुने।

(ज) सबै बालबालिकाहरुले पूर्ण रूपमा खोप प्राप्त गरेका हुनेछन् र सबै बालबालिकाको न्यूनतम स्वास्थ्य चेक जाँच भएको हुनेछ ।

(झ) सबै माध्यमिक बिद्यालयहरुमा बिद्यालय नर्सको व्यवस्था भएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका | १०० | १०० | १०० | १०० | १०० |
| २ | सबै विद्यालयमा दिवा खाजा स्वास्थ्य तथा पोषण र सरसफाइ सम्वन्धि कार्यक्रम सञ्चालन गर्ने | २८ | २८ | २८ | २८ | २८ |
| ३ | पत्रु (जङ्क) खाजा प्रतिवन्ध | २८ | २८ | २८ | २८ | २८ |
| ४ | स्वास्थ्य तथा पोषण र स्वच्छता सम्वन्धि मापदण्ड तर्जुमा तथा कार्यन्वयन | ५ | १ | १ | १ | १ |
| ५ | वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको सङ्ख्या | ५ | २० | २८ | २८ | २८ |
| ६ | विद्यार्थीहरुलाई शारीरीक, मानसिक तथा संवेगात्मक पक्षमा स्वस्थ बनाई गुणस्तरिय शिक्षा प्रदान गर्ने विद्यालय **सङ्ख्या** | ० | १० | १० | ८ | २८ |
| ७ | प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेका विद्यालय सङ्ख्या | ४ | ८ | ८ | ८ | २८ |
| ८ | नर्सिङ् सेवा तथा सुविधा पुगेका विद्यालय सङ्ख्या | ० | ३ | ३ | ३ | ३ |
| ९ | दिवाखाजा तथा पोषण सम्बन्धि चाहिने आवश्यक सामाग्री आपूर्तिको लागी स्थानीय कृषक समूहलाई तालिम तथा सहयोग | २० | २० | २० | २० | २० |
| १० | प्रयाप्त शुद्ध पिउने पानी तथा सफाइ सामग्री व्यवस्थापन भएका विद्यालय | ५ | १० | १० | ८ | ० |
| ११ | महिनावारी स्वच्छताका लागी आवश्यक सुरक्षित व्यवस्थापनमा सहयोग | २८ | २८ | २८ | २८ | २८ |
| १२ | कक्षा ६ देखि कक्षा ८ सम्म दिवा खाजाको व्यवस्थापन | २८ | २८ | २८ | २८ | २८ |

### ४.४.५ प्रमुख क्रियाकलापहरु र लक्ष्य

| क्र.सं. | मुख्य क्रियाकलाप हरु | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य (५ वर्ष ) | | | | | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | प्रारम्भिक बालविकास कक्षा १ मा भर्ना भएका बालबालिका लाई खोप तथा शुक्ष्म पोषक तत्व वितरण | बिद्यालय | २८ | २८ | २८ | २८ | २८ | २८ | २८ | निरन्तर |
| २ | स्वस्थकर दिवा खाजाको व्यवस्था | **सङ्ख्या** | ७७६५ | १४६५ | १५०० | १५५० | १६०० | १६५० | ७७६५ | निरन्तर |
| ३ | वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण | विद्यालय | २८ | २८ | २८ | २८ | २८ | २८ | २८ | |
| ४ | प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुर्याउने | बिद्यालय | २८ | २८ | २८ | २८ | २८ | २८ | २८ | |
| ५ | बिद्यालय नर्सको व्यवस्था | बिद्यालय | ६ | ० | १ | २ | ३ | ० | ६ | |
| ६ | फोहोरमैला व्यवस्थापनका लागि डम्पिङ पिट निर्माण, प्रयोग गरेको स्यानीटरी प्याड व्यवस्थापनका लागि रातो बाल्टी, इन्सिनरेटर | बिद्यालय | २८ | ० | ६ | १० | १० | २ | २८ | |
| ७ | स्यानीटरी प्याट वितरण तथा व्यवस्थापन | बिद्यालय | ११ | ११ | ११ | ११ | ११ | ११ | ११ | |
| ८ | सरसफाइमा उत्कृष्ठ कार्य गर्ने बिद्यालयलाई पुरस्कृत गरिने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ११ | विद्यालयलाई प्राथमिक उपचारको किट प्रदान तथा प्रतिस्थापन | बिद्यालय | २८ | ० | २८ | २८ | २८ | २८ | २८ | निरन्तर |
| १२ | प्रत्येक मा.वि मा मानसिक स्वास्थ्य तथा लागु औषध सम्बन्धि सचेतनामूलक कार्यक्रम | पटक | १० | २ | २ | २ | २ | २ | १० | निरन्तर |
| १३ | बिद्यालयमा आई .सि. टि सामग्री वितरण | बिद्यालय | ६ | १ | १ | १ | १ | १ | ५ | १ |

## ४.५ विद्यालय सुरक्षा, विपत् तथा उत्थानशीलता

### ४.५.१. वर्तमान अवस्था

युद्ध, द्वन्द्व महामारी तथा प्राकृतिक प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितका शैक्षिक कार्यक्रमलाई आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाको रूपमा लिने गरिन्छ । विभिन्न कारणले उत्पन्न संकटकालीन अवस्थामा बालबालिका लगायत सम्वद्ध व्यक्तिहरुको जीवनरक्षा, प्रकोपबाट सिर्जित संकटको व्वस्थापन, सामाजिक द्वन्द तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाद रूपमा क्रियाशिल हुने गरी शैक्षिक कार्यक्रमहरुको व्यवस्थापन गर्नु नै विद्यालय सुरक्षा, विपत् र उत्थानशिलता अन्तर्गत पर्दछ । बिद्यालयलाई विभिन्न किसिमले सुरक्षित राख्ने र विपत् को समयमा समेत विपत् बाट उठ्ने विभिन्न प्रयास थालि बालबालिकाको सिकाइ निरन्तरताका लागि कार्य गर्नु आवश्यक हुन्छ ।विद्यालय शान्ति क्षेत्र राष्ट्रिय कार्यढाँचा र कार्यान्वयन निर्देशिका २०६८ ले विद्यालयलाई सशस्त्र गतिविधि र हिंसाबाट मुक्त गर्ने, दलगत राजनितिक हस्तक्षेपबाट मुक्त राख्ने , भेदभाव दुर्व्यवहार र शोषणबाट मुक्त राख्ने कुरा उल्लेख गरिएको छ । बिद्यालयमा विभिन्न किसिमका विपतका कारणले सिकाइ गतिविधिहरु निरन्तर हुन नसकेको अवस्था हुन्छ र उक्त अवस्था आउन नदिनका लागि उत्थानशिलताका प्रयासहरु अवलम्बनगर्नु पर्दछ । बिशेष गरी कोभिड १९ पश्चात भोगेको समस्या र शैक्षिक क्षतिलाई न्यूनिकरण गर्न वैकल्पिक माध्यमबाट शिक्षण सिकाइ गर्न विभिन्न नीतिगत कार्यक्रहरु हुदै आएका छन् ।जसमध्ये सिकाइ सहजीकरण निर्देशिका २०७७, विद्यालय शिक्षा सम्बन्धि आकस्मिक कार्ययोजना २०७७, विद्यालय सञ्चालन कार्यढाँचा, पाठ्यवस्तु समायोजन ढाँचा २०७७, ले विपत् को समयमा शैक्षिक गतिविधीहरु कसरी बढाउन सकिन्छ भन्ने बिषयहरु उल्लेख गरेका छन् र तत् पश्चात विद्यालय ले पनि वैकल्पिक उपायहरु अवलम्बनगर्ने तौर तरिका सिकेर कार्यान्वयन गरिरहेका छन् ।

विपत् को समयमा शेक्षिक गतिविधिहरु कसरी निरन्तर बनाउन सकिन्छ भन्ने बिषयमा त्रिवेणी गाउँपालिकाले पनि बिशेष महत्वको रूपमा लिको छ । यस गाउँपालिकामा रहेका ४ वटा विद्यालय हले विपत् योजना निर्माण गरी कार्यान्वयन समेत गरेका छन् । त्रिवेणी गाउँपालिकामा विशेष गरी हावाहुरी, बाढी तथा पहिरोको जोखिम र विभिन्न समयमा अन्य भाइरल लगायतका रोगहरुले बालबालिकाको पठनपाठनमा समस्या निम्ताएको हुन्छ । यस गाउँपालिकामा रहेका सबै सामुदायिक र संस्थागत विद्यालयहरु भूकम्प प्रतिरोधि भने छैनन् । यसका साथै गाउँपलिकाका सबै वडाहरु पहिरोको जोखिम भएकाले यस विषयमा पनि ध्यान पुर्याउन आवश्यक देखिन्छ । विद्यालय जाने क्षेत्रमा बर्षायाममा खोलाको सतह बढ्ने तथा बैशाख जेठको महिनामा आगलागीको समस्या देखिने हुँदा पनि विपत् को दृष्टिले ध्यान पुर्याउन पर्ने देखिन्छ । गाउँपालिकाले विपत् जोखिम न्यूनिकरणका लागि कार्यविधि तयार गरेको र कार्यान्वयन गरेको भएतापनि सबै शिक्षकहरुलाई विपदमा कसरी बच्ने भन्नेबारेमा शिक्षा दिइएको छैन । विपत् का बेला सूचना प्रवाह गर्न तथा अलर्टका लागि पनि ध्यान दिन आवश्यक देखिन्छ । सबै विद्यालयमा सामन्य फोन सुविधा नभएको तथा इन्टरनेटको पहुँच पनि नभएकाले वैकल्पिक विधिहरु अवलम्बनगर्नुपर्ने देखिन्छ । यसका साथै विपत् को समयमा विद्यालयमा तथा समुदायमा भर्चुअल कक्षाहरु सञ्चालनका तथा टोल सिकाइका अनुभव हासिल गरेकाले अबका दिनमा यस्ता विपद्का घटना भएमा भर्चुअल माध्यमबाट निरन्तर सिकाइका अभ्यासहरु कार्यान्वयन सकिन्छ ।

### ४.५.२ उद्देश्य

१. औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट सम्भावित विपत् को पूर्व सावधानी र तयारीको वातावरण तयार गर्नु र विपत् को समयमा समेत सिकाइ निर्नतरता प्रदान गर्नु ।
२. सम्भावित विपत् को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको तयारी गर्नु
३. विपत् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्ने र पूर्व तयारीका लागि आधार तय गर्नु ।
४. विपतबाट बालबालिकामा पर्ने शेक्षिक असर न्यूनिकरण गरी उनीहरुको सिकाइ निरन्तरता दिनु तथा विपद्का समयमा हुने शैक्षिक क्षती न्यूनिकरणका लागि क्षमता विकास र परिचालन गर्नु साथै अल्पकालीन र दीर्घकालीन पुन;स्र्थापना गर्नु ।

### ४.५.३ रणनीति

(क) विपत् को समयमा शिक्षण सिकाइका गतिविधिहरुलाई निरन्तरता दिन पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पूर्नस्थापना सम्बन्धी आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधिहरू तयार गरि कार्यान्वयन गर्ने ।

(ख) सम्भावित प्रकोप तथा विपत् सम्बन्धी पूर्व सावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी तथा सिप विकास गर्ने ।

(ग) विपत् तथा महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिन वैकल्पिक उपायहरूको खोजी र प्रयोग गर्ने ।

(घ) विद्यालयहरुको विपत् जोखिमको अवस्था मूल्याङ्कन गर्ने र प्राथमिकिकरण गर्ने साथै बिद्यालयमा विपत् प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयन गर्ने ।

(ङ) गाउँपालिकामा शिक्षा समुहको गठन तथा क्षमता विकास गर्ने र विपत् प्रतिकार्यका लागि आवश्यक सिप, ज्ञान र स्रोत तयारी गरिने

(च) पालिकामा बिद्यालय शिक्षाका लागि विपत् सुरक्षा डेस्क स्थापना गरी बिद्यालय तहमा पनि कार्यान्वयन गर्ने ।

(छ) शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपत् वा संकटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गर्ने तथा संकटासन्नताको मूल्याङ्कनका आधारमा पूर्वानुमान तथा प्रतिकार्यको वृहत योजना तयार गर्ने ।

(ज) बिद्यालय भौतिक पूर्वाधारसम्बन्धी मापदण्ड २०८० को प्रभावकारी कार्यान्वयन र प्रभावकारी अनुगमन प्रणालीको विकास गर्ने

(झ) हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकासका निम्ति शिक्षा जस्ता कार्यक्रमहरु कार्यान्वयन गर्ने जसमा एक विद्यालय एक बँगैचा र एक बिद्यार्थी एक बिरुवा नीति अवलम्बनगर्ने ।

(ञ) विपत् तथा प्रकोप र शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा अर्धसरकारी निकायहरूबिच वडा तहसम्म समन्वय र जिम्मेवारीको संयन्त्र बनाउने

### ४.५.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धितथा नतिजा**

१. विपत् व्यबवस्थापनका लागि गाउँपालिकामा भएका शिक्षा समुहको प्रभावकारी परिचालन तथा विपत् शिक्षा योजना निर्माण भै कार्यान्वयन भएको र विभिन्न विपत् प्रतिकार्य सयन्त्रहरु निर्माण र क्षमतावान भएको हुनेछन् ।

२. सम्भावित विपत्को व्यवस्थापन तथा उत्थानशिलता प्रणाली विकासका लागि भौतिक , मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुने ।

३. आपतकालीन अवस्थामा वैकल्पिक सिकाइका विधीहरुको प्रयोग भै बालबालिकाको सिकाइ सहजीकरण नियमित भएको हुनेछ

४. सबै बिद्यालयले हरित र सुरक्षित बिद्यालयको नीति अबल्मबन गरी कार्यान्वयन गरेका हुनेछन् ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई आधारभूत जीवन- सिप सहित कोभिड जस्ता महामारी तथा जोखिम न्यूनिकरण सम्बन्धि अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने विद्यालय सङ्ख्या | ० | २८ | २८ | २८ | २८ |
| २ | हरित विद्यालय सङ्ख्या | ० | ६ | १० | १२ | २८ |
| ३ | जलवायू परिवर्तन तथा दिगो विकासका निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यन्वयन गर्ने विद्यालय सङ्ख्या | ० | ६ | १० | १२ | २८ |
| ४ | विपद प्रतिकार्य योजना निर्माण गर्ने बिद्यालय सङ्ख्या | ४ | ६ | १५ | २५ | २८ |
| ५ | गाउँपालिकामा विपत् शिक्षा योजना निर्माण | ० | १ | | | |

### ४.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | मुख्य क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य (५ वर्ष ) | | | | | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | विपत् तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड पुनरावलोकनतथा विपद शिक्षा योजना निर्माण | पटक | १ | ० | १ | - | - | - | १ | निरन्तर |
| २ | विपत् तथा प्रकोप स्थानीय तह र विद्यालयको क्षमता विकास तालिम र अभिमुखिकरण | पटक | १० | १ | २ | १ | २ | १ | ७ | ३ |
| ३ | विद्यालयमा विपत् प्रतिकार्य योजना निर्माण र कार्यान्वयन | बिद्यालय | २८ | ० | १० | १० | ८ | ० | २८ | |
| ४ | विपत् पूर्वतयारी, प्रतिकार्य, पुन;स्थापन तथा उत्थानशीलताका लागि सचेतना शिक्षक तथा विव्यस तालिम रियल प्लान | पटक | १० | १ | १ | १ | १ | १ | ५ | ५ |
| ५ | हरित विद्यालय अवधारणाको कार्यान्वयन | बिद्यालय | २८ | ६ | १० | १२ | ० | | २८ | |
| ६ | विपत् मा शैक्षिक क्रियाकलाप सञ्चालनका लागि सिकाइ सहजीकरण का सामग्रीको तयारी र व्यवस्थापन | विद्यालय | २८ | २८ | २८ | २८ | २८ | २८ | २८ | |
| ७ | बिपत् प्रतिकार्यका लागि सिकाइ सामग्री तयारी | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ८ | विपतका जोखिम मुल्याङ्क र प्राथमिकिकरण अध्यन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ९ | निरन्तर र सुरक्षित सिकाइका लागी शिक्षक विद्यार्थी सम्मिलित कार्य समुह निर्माण र परिचालन | विद्यालय | २५ | ० | ६ | ९ | १० | ३ | २५ | ३ |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ वर्तमान अवस्था

शैक्षिक वातावरण निर्माणमा भौतिक वातावरणको भूमिका महत्वपूर्ण हुने भएकाले भौतिक वातावरणमा सबैको समतामूलक पहुँच सुनिश्चित हुने गरी सुरक्षित र मैत्रीपूर्ण भौतिक पूर्वाधारहरु निर्माण गर्नु पर्द्धछ । बालबालिकालाई विद्यालयमा पहुँच अभिवृद्धि गर्नका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन् । विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५वर्ग मिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफलको मापदण्ड शिक्षा नियमावली २०५९ को नियममा तोकिएको छ । राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक – कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवन लगायत सम्पूर्ण भौतिक पूर्वाधार विपत् जोखिममुक्त बनाउँदै सबै विद्यालयलाई सुरक्षित एवम् बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्था गरिएको छ । राष्ट्रिय शिक्षा नीतिले आत्मसात् गरेको सबैका लागि सुरक्षित भौतिक पूर्वाधार विकास एवम् विस्तारको नीति र हालसम्मको अभ्यासका आधारमा भएको सिकाइ अनुभवका आधारमा शिक्षा क्षेत्रको यो योजनामा कार्यक्रम प्रस्ताव गरिएको छ ।

विद्यालयका प्राथमिकता प्राप्त सक्षमताभित्र रहेको कक्षाकोठा, छात्राका लागि बेग्लै शौचालय समेत हालसम्म पूर्ण रूपमा कार्यान्वयन गर्न सकेको छैन । विद्यालयका भौतिक संरचना निर्माणका लागि हालसम्म अवलम्बन गरिएका पद्धतिमा लागत अनुमानमा एकरुपता कायम हुन सकेको छैन ।चार कोठाको भवन बनाउँदा सङ्घीय सरकारबाट प्राप्त हुने बजेटले गाउँपालिकाको सबै विद्यालयमा समान नाप र गुणस्तरको भवन निर्माण गर्ने कार्य सोचनीय छ । प्रदेश सरकारबाट प्राप्त भौतिक पूर्वाधारसम्बन्धी कार्यक्रमहरु मागमा आधारित नहुँदा झनै समस्या भएको छ । विद्यालयमा भवन निर्माण गर्ने सिलसिलामा भवन आचार संहिताको पूर्ण रूपमा पालना नभएका कारण धेरैजसो विद्यालयहरू अपाङ्ग मैत्री र विपत् प्रतिरोधी बन्न सकेका छैनन् । समग्रमा विद्यालयको पूर्वाधार विकासमा तीन तहका सरकार र विकास साझेदार निकायहरुबिचको समन्वय र सहकार्य अपेक्षित रूपमा प्रभावकारी र नतिजामूलक बन्न सकिरहेको छैन ।

त्रिवेणी गाउँपालिकामा संचालित २८ वटा सामुदायिक विद्यालयहरुको समग्र भौतिक संरचनाहरु निम्नानुसारको रहेको छ

| क्र.सं. | भौतिक विवरण | परिमाण | कैफियत |
|---|---|---|---|
| १ | पक्की भवन | ४३ | अझै २१ वटा भवन अपुग देखिन्छ । |
| २ | कच्चि भवन | ६३ | |
| ३ | शौचालय | २७ | छात्रा शौचालय २६ र छात्र शौचालय २७ |
| ४ | पुस्तकालय | १५ | |
| ५ | विज्ञान प्रयोगशाला | ७ | |
| ६ | कम्प्युटर ल्याव | १५ | |
| ७ | खानेपानीको अवस्था | प्रशोधन गरेर पिउने ११, प्रशोधान नगर्ने १४, नभएको ३ | |
| ८ | घेरबार | १२ | |
| ९ | खेलमैदान | २० | |
| १० | चमेना गृह | ० | |
| ११ | विद्युत | २८ | |
| १२ | इन्टरनेट पुगेको | १० | |

भौतिक पूर्वाधारको विश्लेषण गर्दा हाल भएका विद्यालय भवनमा करिव ६० प्रतिशत कच्चि नै रहेको र भुकम्प प्रतिरोधि पनि नभएको देखिन्छ । यसै गरी विद्यालय हरुमा सुरक्षाका लागि घेरबार धेरै विद्यालयमा नरेहको साथै खेल मैदान पनि केही विद्यालयमा नभएको देखिन्छ । करिब शत प्रतिशत विद्यालयमा छात्र र छात्राको लागि छुट्टाछुटै शौचालयको व्यवस्था गरीएको छ । २९ प्रतिशत विद्यालयले मात्र प्रशोधन गरेर खानेपानी पउने गरेका छन् । ३ वटा विद्यालयमा अझैपनि खानेपानीको सहज पहुँच छैन । समग्र रूपमा हाल भौतिक पूर्वाधारको अवस्था सामान्य देखिएता पनि सुधार गर्नपर्ने ठाउँहरु धेरै रहेका छन् । माथि उल्लेखित् भौतिक संरचनाहरु निर्माण गर्दा त्रिवेणी गाउँपालिकाको एकल प्रयासले मात्र सम्भव नभएकोले प्रदेश सरकार, सङ्घीय सरकार, समुदाय विभिन्न संघ संस्थाहरुको समेत सहयोग लिन सकेमा शिक्षण सिकाइमा प्रभावकारी भूमिका निर्वाह गर्न सकिन्छ ।सबै बिद्यालयहरुमा भौतिक पूर्वाधारहरु अपाङ्गतामैत्री, लैङ्गिकमैत्री तथा सुरक्षित बनाउन भौतिक पूर्वाधार निर्माणको निर्देशिका अनुसार कार्य गर्न र स्थानीय तहले पनि कार्यविधी बनाउन आवश्यक छ ।

### ४.६.२ उद्देश्य

(क) सुरक्षित विद्यालय पूर्वाधार विकास गरी गुणस्तरीयशिक्षा व्यवस्थापनमा सहयोग गर्नु ।

(ख) विद्यालय शिक्षा पूर्वाधारका लागि आवश्यक मापदण्ड सहितको गुरुयोजनाको विकास र कार्यान्वयन गर्नु.

(ग) गुणस्तरीय पूर्वाधार विकास एवम् विस्तारका लागि पारदर्शी एवम् जवाफदेही प्रणालीको विकास गर्नु ।

### ४.६.३ रणनीति

(क) विद्यालयको तह, विद्यार्थी सङ्ख्या र लागतका आधारमा विद्यालयमा आवश्यक पर्ने पूर्वाधार विकासको मापदण्ड र गुरुयोजना अनुसार कार्य गर्ने ।

(ख) विद्यालयको समग्र पक्षमा सुधार ल्याउनका प्राथमिकताका आधारमा भौतिक पूर्वाधारको निर्माण, मर्मत सम्भार तथा सवलिकरण गर्ने ।

(ग) गाउँपालिकामा सञ्चालन भएका विद्यालयहरुमा पूर्वाधार विकासका लागि सघ र प्रदेश सरकार, विकास साझेदार एवम् गाउँपालिकाको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गर्ने ।

(घ) प्रत्येक माध्यमिक तहका विद्यालयमा एक पुस्तकालय, एक विज्ञान प्रयोगशाला, एक गणित प्रयोगशाला व्यवस्थापनमा जोड दिने ।

(ङ) बिद्यालयहरुको भौतिक संरचनाहरुको अवस्था पहिचान र प्रोफाईल तयार गरी उक्त प्रोफाईलका आधारमा कार्यान्वयन प्रक्रिया अगाडी बढाउने ।

(च) पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने ।

(छ) विद्यालयको भौतिक पक्षमा सुधार गर्नका लागि स्थानीय समुदाय र लगानीकर्ताहरुलाई प्रोत्सहान एवम् परिचालन गर्ने कार्यमा आवश्यक सहजीकरण र समन्वय गर्ने ।

### ४.६.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

(क) सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक अवस्था सहितको विद्यालयमा अध्ययन गर्ने अवसर हुने ।

**ख) नतिजा**

(क) विद्यालय शिक्षाअन्तर्गत विकास एवम् विस्तार गर्नुपर्ने भौतिक मापदण्ड तथा गुरुयोजना निर्माण भएर प्रभावकारी कार्यान्वयन भएको हुने ।

(ख) गाउँपालिकाका सबै विद्यालयहरूमा आवश्यक भौतिक पूर्वाधार विकास र विस्तार भएको हुने र सबै संरचनामा समतामूलक पहुँचको सुनिश्चित भएको हुने ।

(ग) सबै माध्यमिक तहका विद्यालयहरुमा पुस्तकालय र प्रयोशालाहरु तथा आधारभूत तहका विद्यालयहरुमा पनि विस्तार भएको हुने ।

(घ) विद्यालयहरूमा बनेका संरचनाको सम्बर्द्धन तथा मर्मत सम्भार तथा सवलिकरणका लागि नियमित पद्धति विकास भएको हुने ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बालमैत्री, फरक क्षमतामैत्री तथा भुकम्प प्रतिरोधी विद्यालय % | ० | २० | ३० | ४० | ५० | १०० |
| २ | खेल मैदान व्यावस्थापन तथा खेलकुद सामाग्री व्यावस्थापन % | ६६ | ८० | ९० | १०० | | |
| ३ | मैत्रीपूर्ण शौचालय भएको बिद्यालय | २६ | २८ | | | | |
| ५ | स्वच्छ र मैत्रीपूर्ण पिउने पानीको व्यवस्थापन भएको बिद्यालय % | ३९ | ५० | ७० | १०० | | |
| ६ | भौतिक पुर्वधार संरक्षण र मापदण्ड सम्वन्धि अभिमुखिकरण | ० | १ | | | | |

### ३.४.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.सं. | मुख्य क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ५वर्ष | | | | | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | बालमैत्री अपाङ्ता मैत्री तथा भुकम्प प्रतिरोधि भवन तथा पूर्वाधार निर्माण , मर्मत तथा सवलिकरण | पटक | १३ | ० | २ | २ | २ | २ | १३ | ५ |
| २ | भौतिक पूर्वाधार व्यबवस्थापनका लागि अभिमुखिकरण तथा क्षमता विकास | पटक | २ | ० | १ | | १ | | २ | |
| ३ | भौतिक पूर्वाधारको अवस्था बिश्लेषण तथा प्रोफाईल तयारी | पटक | १ | ० | १ | ० | ० | ० | १ | निरन्तर |
| ४ | खेलमैदानहरुको विस्तार र व्यबवस्थापन | विद्यालय | १५ | ० | २ | २ | २ | २ | ८ | ७ |
| ५ | शौचालय , खानेपानी तथा फर्निचरहरुको व्यबवस्थापन तथा मर्मत सम्भार | विद्यालय | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| ६ | विद्यालय घेरबार तथा पर्खाल निर्माण | विद्यालय | १३ | ० | २ | २ | २ | २ | ८ | ५ |

## ४.७ विद्यालय सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ वर्तमान अवस्था

नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्धन नीतिमा शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी नीतिहरू उल्लेख गरिएको छ। उक्त नीतिहरुमा सबै शिक्षण संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पुर्याउने, तालिम, शिक्षणसिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरिएको छ। शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरु योजना, २०१३ देखी २०१७ ले १० हजार विद्यालयमा शिक्षण सिकाइका लागि इनटरनेट कनेक्टिभिटी सहित सूचना प्रविधिका संरचनाका विकास तथा प्रयोग – गर्ने, शिक्षक तथा शिक्षा क्षेत्रको अन्य जनशक्तिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने, सबै स्रोतकेन्द्रहरूमा डिजिटल डाटा केन्द्र स्थापना गर्ने, निरन्तर सिकाइको प्रबन्ध गर्ने, सूचना प्रविधि विषय पाठ्यक्रम समावेश गर्ने, अन्तरक्रियात्मक डिजिटल सामग्री तयार गर्ने, सबै स्रोत केन्द्रहरूमा डिजिटल सामग्री आदानप्रदान गर्नका लागि प्लेटफर्म बनाउने, शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीलाई डिजिटलाईज्ड गर्ने, स्रोतकेन्द्रलाई सूचना प्रविधिको केन्द्रका रूपमा विकास गर्ने लगायतका कार्यक्रमहरू निर्धारण गरिएका थिए।

सिकाइमा सूचना प्रविधिको प्रयोगका लागि आवश्यक सामग्री विद्यालयलाई उपलब्ध गराउने, विज्ञान, गणित र अङ्ग्रेजी विषयमा विद्युतीय सामग्री निर्माण गर्ने, पूर्वाधार विकास र शिक्षण सिकाइ सामग्री प्रदान गर्ने, नमुना विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको सिकाइ केन्द्र स्थापना गर्ने, एकीकृत लेखा सफ्टवेयर कार्यान्वयन गर्ने र एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली विकास गर्ने जस्ता कार्यक्रमहरू समेत विद्यालय शिक्षा क्षेत्र विकास योजनामा समावेश गरिएको छ।यसरी नै स्थानीय तहले पनि सूचना तथा सञ्चार प्रविधिको व्यवस्थापन र प्रयोगमा जोड दिनु आवश्यक हुन्छ । विशेष गरी अहलेको सन्दर्भमा सूचना तथा सञ्चार प्रविधिमा बालबालिकाको सिकाइ सहजता गराउनका लागि शिक्षक क्षमता विकास तथा परिचालन र विद्यालयमा समेत सूचना प्रविधिको व्यवस्थापन प्रभावकारी बनाउन आवश्यक हुन्छ ।

त्रिवेणी गाउँपालिकामा सूचना तथा सञ्चारको अवस्था निम्नानुसारको रहेको छ ।

| क्र.सं. | सूचक | हालको अवस्था |
|---|---|---|
| १ | इन्टरनेट जडान भएका विद्यालयको सङ्ख्या | १० |
| २ | शिक्षण सिकाइ क्रियाकलापमा कम्प्यूटर लगायतको प्रविधिको उपयोग भएका विद्यालयको सङ्ख्या | १४ |
| ३ | मुख्य विषयमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | १४ |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय सङ्ख्या | १४ |
| ५ | विद्युतको पहुँच पुगेका विद्यालय सङ्ख्या | २८ |
| ५ | विद्यालयलेआफ्नो सूचना, जानकारीको लागि डिजिटल माध्यम प्रयोग (फेसबुक पेज, वयव पेज) सख्या | ६ मावि |
| ६ | इमिसमा प्रयोगमा दक्षता भएका विद्यालय | १४ पूर्ण रूपमा |
| ७ | पुस्तकालय भएका बिद्यालय सख्या | १५ |
| ८ | स्मार्ट बोर्ड भएका विद्यालय सङ्ख्या | ६ |
| ९ | प्रोजेक्टर भएका विद्यालय सङ्ख्या | १४ |
| १० | कम्प्यूटर ल्याव भएको विद्यालय | १५ |
| ११ | विज्ञान प्रयोगशाला | ७ |

यस गाउँपालिकाका शत प्रतिशत सामुदायिक विद्यालयहरुमा शिक्षकका लागि इ - हाजिरीको ब्यवस्था गरीएको छ । आर्थिक वर्ष २०७७/०७८ मानै सबै मा.वि. र आधारभूत तहका (६-८) विद्यालयहरुमा कम्प्युटर र प्रिन्टर प्रदान गरीएको छ । सबै मा.वि हरुमा कम्प्युटर सहायकको ब्यवस्था गर्ने प्रक्रिया अगाडी बढाइएको छ । हाल माध्यमिक तहमा २ जना कम्प्यूटर शिक्षकको व्यवस्था गरी परिचालन गरिएको पनि छ । विद्यालय का लागि विपत् को समयमा रेडियो कार्यक्रम, अनलाईन कक्षा (Zoom, Google meet, Microsoft team) तथा सामाजिक सञ्जाल मार्फत प्रविधिको प्रयोग गरी सिकाइलाई निरन्तरता दिनको लागि केही हद सम्म अभिमुखिकरण पनि गरिएको छ । त्रिवेणी गाउँपालिका र विद्यालयहरूले विभिन्न प्रयास गरे तापनि विभिन्न वडाहरुमा भौगोलिक विकटता तथा अन्य पूर्वाधारगत समस्या हुँदा टेलिभिजन र इन्टरनेट जस्ता सुविधाबाट यहाँका धेरै विद्यालय तथा बालबालिकाहरू वञ्चित भइरहेका छन् । विद्यालयको सम्पूर्ण तथ्याङ्कलाई एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा प्रविष्ट गर्ने कार्यलाई समेत प्रभावकारी बनाइएको छ यध्यपि इमिस अधावधिमा अझैपनि सबै विद्यालय पूर्ण रूपमा आफै गर्न नसकेको अवस्था देखिन्छ । सूचना तथा सञ्चार प्रविधिमा शिक्षकको क्षमता विकास तथा परिचालन लक्ष्य अनुरुप हुन सकेको छैन । शिक्षकहरुलाई सूचना प्रविधिमा दक्ष बनाउनका निमित्त क्षमता विकास गर्न प्रशिक्षकको व्यवस्था गरी परिचालन गर्न आवश्यक देखिन्छ । सूचना व्यबवस्थापनमा समेत प्रभावकारी कार्य गरेमा सूचना व्यवस्थापन प्रणाली चुस्त दुरुस्त हुने देखिन्छ । सबै बिद्यालयमा अनलाईन तथा अफलाईन माध्यमबाट चलाउन सकिने इ - पुस्तकालयहरुको व्यवस्थापन गर्न सकिन्छ । विशेष गरी सूचना प्रविधिमा शिक्षकको दक्षता र पहुँच अभिवृद्धि गर्नु नितान्त आवश्यक देखिन्छ ।

### ४.७.२ उद्देश्य

(क) सबै बिद्यालयहरुमा बिधुत सेवाको पहुँच सुनिश्चित गरी सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार र व्यवस्थापन समयानुसार गर्नु र सबैको पहुँच अभिवृद्धि गर्नु ।

(ख) शिक्षासम्बन्धी विभिन्न सेवामा सूचना तथा सञ्चार प्रविधि प्रयोग गरी सहज र छिटोछरितो तथा प्रभावकारी बनाउनु

(ग) शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, कार्यकुशल, पारदर्शी र समतामूलक बनाउनु तथा बिद्यालयको दैनिक प्रशासनिक कार्यमा सूचना प्रविधिको प्रयोगमा बढवा दिनु ।

(घ) विपत् तथा सङ्कटको समयमासमेत विद्यालयका शैक्षिक गतिविधिहरूलाई निरन्तरता दिनका लागि प्रविधिसँग सम्बन्धित संरचना र स्रोत व्यवस्थापन गर्नु ।

### ४.७.३ रणनीति

(क) सबै विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गरिनेछ र सुरक्षित भौतिक र प्राविधिक प्रबन्ध मिलाईने यसका लागि विधुत सेवाको पहुँचको सुनिश्चितता गरिनेछ ।

(ख) विभिन्न कक्षा र विषयका लागि उपयोगी हुने डिजिटल सामग्रीहरूको विकास गरिने छ ।

(ग) विभिन्न किसिमका अपाङ्गता भएका व्यक्तिहरुका लागि उपयोगी हुने गरी डिजिटल सामग्री विकास गर्ने

(घ) गाउँपालिका स्तरमा व्यवस्थित शिक्षा सम्बन्धित जानकारी का लागि ई–पोर्टल निर्माण गरिने छ,

(ङ) विद्यालयमा शैक्षिक स्रोत सामग्रीहरू इन्टरनेटको सुविधा विस्तार गरी विद्यार्थीहरूको पहुँचमा विस्तार गर्ने र क्षमता विकास गर्ने ।

(च) शैक्षिक सूचना व्यवस्थापन तथा सूचना प्रणालीलाई थप व्यवस्थित गरी विद्यालयको लेखा प्रणाली, शिक्षकको तलबी प्रतिवेदन पारित गर्ने जस्ता कार्यसमेत यस प्रणालीमा एकीकृत गरी लागु गर्ने कार्यमा आवश्यक सहजीकरण र समन्वय गर्ने

(छ) सामुदायिक सिकाइ केन्द्रहरूलाई सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा सेवा प्रदान गर्न परिचालन गरिनेछ,

(ज) सङ्घ र कर्णाली प्रदेशसँग समन्वय गरी गाउँपालिका र इन्टरनेट प्रदायक संस्थाहरूबिच सुरक्षित नेटवर्कका लागि समन्वय र सहकार्य वृद्धि गर्ने ।

(झ) अफलाईन माध्यमबाट पनि चलाउन सकिने इ- पुस्तकालयको व्यबवस्थापन गर्ने ।

(ञ) सबै विद्यालयका शिक्षक तथा कर्मचारीहरूको आधारभूत सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित आधारभूत सिपमा क्षमता विकास गर्ने

(ट) विपत् तथा सङ्कटको समयमा समेत विद्यार्थीको सिकाइलाई निरन्तरता दिन सक्ने गरी सिकाइका वैकल्पिक विधिको रूपमा प्रविधिलाई प्रयोग गर्न सक्ने गरी कार्यक्रम सञ्चालन गर्ने ।

(ठ) स्थानीय एफ.एम. रेडियो सँग समन्वय गरेर शैक्षिक कार्यक्रम नियमितरूपमा उत्पादन र प्रसारण गर्ने ।

(ड) वेभसाइट, विद्युतीय हाजिरी र सी.सी. क्यामेराको व्यवस्था गरिने छ,

(ढ) एक शिक्षक एक ल्यापटप अवधारणा कार्यान्वयन गर्ने तथा कम्प्युटर र सूचना प्रविधी प्रशिक्षकको व्यवस्था र परिचालन गर्ने ।

### ४.७.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीयर सान्दर्भिक बनाउन सहयोग पुग्नका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आई सुशासन प्रवर्धन भएको हुने तथा विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तारले सिकाइ उपलब्धीमा सुधार भएको हुनेछ ।

**ख) नतिजा**

(क) गाउँपालिकामा शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका डिजिटल सिकाइ सहजीकरण केन्द्र स्थापना र सञ्चालन भएको हुने।

(ख) गाउँपालिकाभित्रका सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको सहज पहुँच पुगेको हुने ।

(ग) विभिन्न कक्षा र विषयका लागि आवश्यक पर्ने अन्तरक्रियात्मक डिजिटल सामग्री विकास भई ती सामग्रीमा विद्यार्थीको सहज पहुँच भएको हुने ।

(घ) सबै सामुदायिक विद्यालयहरू र विद्यार्थीहरूमा सूचना र सञ्चार प्रविधिसम्बन्धी आधारभूत सुविधामा पहुँच पुगेको हुने ।

(ङ) सबै शिक्षकमा ल्यापटपको व्यवस्था र प्रयोग भै विद्यालयमा शिक्षक तथा कर्मचारीहरूबाट प्रविधिको बढीभन्दा बढी प्रयोग गरिएको हुने ।

(च) विद्यार्थीको सिकाइ सहजीकरणमा स्थानीय रेडियो प्रभावकारी रूपमा परिचालन भएको हुने तथा सबै विद्यालयहरूमा विद्युतीय हाजिरी र सी.सी. क्यामराको प्रयोग गरिएको हुने ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | इन्टरनेट जडान भएका विद्यालयको सङ्ख्या | १० | १५ | २० | २५ | २८ |
| २ | शिक्षण सिकाइ क्रियाकलापमा कम्प्यूटर लगायतको प्रविधिको उपयोग भएका विद्यालयको सङ्ख्या | १४ | २८ | २८ | २८ | २८ |
| ३ | मुख्य विषयमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | १४ | २८ | २८ | २८ | २८ |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय सङ्ख्या | १४ | २८ | २८ | २८ | २८ |
| ५ | विद्युतको पहुँच पुगेका विद्यालय सङ्ख्या | २८ | २८ | २८ | २८ | २८ |
| ५ | विद्यालयले सूचना, जानकारीका लागि डिजिटल माध्यम प्रयोग (फेसबुक पेज, वेब पेज) | ६ | २८ | २८ | २८ | २८ |
| ६ | IEMIS व्यवस्थापनमा दक्षता विद्यालय | १४ | २० | २८ | २८ | २८ |

### ३.४.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.सं. | मुख्य क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य (५ वर्ष ) | | | | | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | विद्यालयमा ICT संरचना विस्तार गरी इ-लाईब्रेरी स्थापना | विद्यालय | २८ | ० | ६ | ६ | ६ | ६ | २४ | ४ |
| २ | प्रत्येक विद्यालयमा Internet Connectivity को व्यवस्थ | सङ्ख्या | २८ | ० | ५ | ५ | ५ | ३ | १८ | १० |
| ३ | विद्यालयका सबै कक्षाहरुमा पठन- पाठनमा डिजिटल माध्यमको प्रयोग र व्यवस्थापन | विद्यालय | २८ | ० | ५ | ५ | ४ | १० | २४ | ४ |
| ४ | कम्प्युटर र सूचना प्रणाली व्यवस्थापनमा शिक्षकको क्षमता विकास | पटक | ५ | ० | १ | १ | १ | १ | ५ | निरन्तर |
| ५ | सूचना प्रविधि प्रशिक्षकको व्यवस्था भएका विद्यालय | सङ्ख्या | २८ | २ | २ | ३ | ३ | ४ | १४ | १४ |
| ६ | IEMIS व्यवस्थापन तालिम र पुर्न; ताजगि | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ७ | इ- लर्निङ पोर्टलको व्यवस्थापन | पटक | १ | ० | १ | ० | ० | ० | १ | |
| ८ | विद्यालयमा प्रोजेक्टरको वा स्मार्ट बोर्डको व्यवस्थापन | बिद्यालय | २८ | ० | ५ | ५ | ५ | ५ | २० | ८ |
| ९ | सिकाइका लागि रेडियो कार्यकम | वार्षिक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १० | शिक्षकको क्षमता विकास, विद्यार्थी पठन - पाठनमा सहायताका लागि अनलाईन बैठक तथा तालिम सञ्चालन | मासिक | ६० | २ | १२ | १२ | १२ | १२ | ५० | १० |
| ११ | अनलाईन सिकाइ आदान प्रदान बैठक | मासिक | ६० | २ | १२ | १२ | १२ | १२ | ५० | १० |

# परिच्छेद ५: अन्य उप-क्षेत्र

## ५.१ युवा तथा खेलकुद विकास

### ५.१.१ वर्तमान अवस्था

नेपालको संविधानको २०७२ अनुसार स्थानीय तहले युवा तथा खेलकुदका लागि आवश्यक संरचना पूर्वाधार निर्माण सञ्चालन तथा विकासका कार्यक्रमहरु गर्ने प्रावधान रहेको र यसैका आधारमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ उपदफा ४ (क) मा पनि गाँउ तथा नगरपालिकाको खेलकुद तथा पत्रपत्रिका सम्बन्धि अधिकार सुनिश्चित गरेकाले स्थानीय तहले आफ्नो स्थानीय तहमा युवा तथा खेलकुदका गतिविधिहरु सञ्चालन र प्रवर्द्धन गर्न आवश्यक छ । विद्यालय  खेलकुद तथा अन्य खेलकुदका गतिविधिहरु र युवा सँग सम्बन्धित क्रियाकलापहरु प्रभावकारी रूपमा गर्नु अति आवश्यक छ । यस अन्तर्गत स्थानीय तहले स्थानीय स्तरका खेलकुद संरचनाको पूर्वाधार निर्माण सञ्चालन तथा विकास, स्थानीय स्तरमा खेलकुद प्रशासन तथा संघसंस्थाको नियमन र समन्वय,खेलकुदको विकास र प्रवर्द्धन, खेलकुद प्रतियेगिता आयोजना र सहभागिता,खेलकुद सम्बन्धि पूर्वाधार विकास तथा सङ्घीय युवा तथा खेलकुद मन्त्रालयको युवा स्वरोजगार कार्यक्रमको कार्यान्वयनका लागि आवश्यक व्यवस्थापन गर्न पर्द्धछ ।

त्रिवणी गाउँपालिकाको विद्यालय तथा युवाहरुले खेलकुद कार्यक्रमहरुलाई शिक्षा युवा तथा खेलकुद शाखा मार्फत शिक्षा समितिले संयोजन गर्दै आएको छ । यस अन्तर्गत विद्यालयस्तरका अन्तरविद्यालय खेलकुद सञ्चालन, राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको तयारी छनोट र जिल्लास्तरको कार्यक्रममा सहभागिता समुदायस्तरमा युवा तथा खेलकुद संचरना एंव पूर्वाधार विकास र सहभागिता गराउँदै आएको छ । विभिन्न किसिमका खेलकुद प्रतियोगिताको लागि आवश्यक अन्तर्विद्यालय खेलकुद प्रतियोगिता कार्यक्रम तथा युवा खेलकुलका लागि खेलकुद सामग्री र आवश्यक स्रोत व्यवस्थापन गर्दै आएको छ । विद्यालय तहमा खेलकुद विकासका लागि विभिन्न खेल सामग्रीहरुको वितरण र सहयोग भएता पनि खेल प्रशिक्षकको व्यवस्थापन तथा खेलकुदका गतिविधीहरु प्रभावकारी रूपमा बढाउन अति आवश्यक देखिन्छ ।बिद्यालय तहमा नै विभिन्न खेलमा बालबालिकालाई अभ्यस्त बनाइ उनीहरुलाई खेलकुदमा सक्षम र प्रतिस्पर्धी बनाउन त्रिवेणी गाउँपालिका निरन्तर रूपमा लाग्न पर्ने देखिन्छ ।यसका लागि शिक्षा युवा तथा खेलकुद शाखाले पनि खेलकुद तथा युवा सँग सम्बन्धित कार्यक्रमहरु तय गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्न नितान्त आवश्यक छ ।

### ५.१.२ उद्देश्य

१. स्थानीय स्तरका खेलकुद संरचनाको पूर्वाधार निर्माण सञ्चालन तथा विकास गर्नु तथा स्थानीय स्तरमा खेलकुद प्रशासन तथा संघसंस्थाको नियमन र समन्वय गर्नु।
२. खेलकुदको विकास र प्रवर्द्धन गर्नु र यसका लागि खेलकुद प्रतियोगिता आयोजना र सहभागिता सुनिश्चित गर्नु
३. विद्यालय स्तरमा विविध प्रकारका खेलकुद प्रतियोगिता सञ्चालन व्यवस्थापन एंव राष्ट्रपति रनिङ्ग शिल्ड  र अध्यक्ष कप प्रतियोगिताकाको प्रभावकारी कार्यान्वयन गर्नु ।
४. खेलकुद सम्बन्धि नीति नियमहरु निर्माण गरी कार्यान्वयन गर्नु ।

### ५.१.३ रणनीतिहरु

१. त्रिवेणी गाउँपालिका क्षेत्रमा विभिन्न तहमा खेलकुद समिति गठन र परिचालन गर्ने ।
२. खेलकुद संरचनाका लागि न्यूनतम भौतिक पूर्वाधार निर्माण गर्ने र खेलकुदको सञ्चालन र विकास गर्ने।
३. खेलकुद सम्बन्धि गतिविधिहरु प्रभावकारी रूपमा सञ्चालन गर्न संघ प्रदेश र सरोकारवालाहरु सँगको  समन्वय र सहकार्य गर्ने ।

४. संघ र प्रदेशबाट जारी खेलकुद सम्बन्धि कानुनको अधिनमा रही नीति, कार्यविधी निर्माण र कार्यान्वयन गर्ने।

५. बिद्यालय तहमा तथा युवा स्तरका खेलकुद प्रतियोगिता आयोजना र सहभागिता सुनिश्चित गर्ने र विद्यालयमा खेल प्रशिक्षकको व्यवस्था तथा अतिरिक्त क्रियाकलापमा खेलकुदका गतिविधि बढाउने खालका क्रियाकलापहरु सञ्चालन गर्ने साथै आवश्यक खेलकुदका सामग्रीहरु उपलब्ध गराउने ।

६. खेल प्रशिक्षकको व्यवस्थापन र परिचालन गर्ने ।

### ५.१.४ प्रमुख उपलब्धि र नतिजा

**उपलब्धि**

क) विद्यालय स्तरका विद्यार्थी तथा समुदायस्तरका युवाहरुलाई खेलकुद प्रति उत्प्रेरित गर्दै सक्रिय सहभागिता र प्रतिस्पर्धाको विकास भएको हुने छ।

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | विभिन्न खेलहरुमा उत्कृष्ट खेलाडी तथा प्रशिक्षकहरुलाई सम्मान तथा पुरस्कृत गर्ने बातावरण को सिर्जना । | ० | १ | १ | १ | १ |
| २ | गाउँपालिकास्तरमा विभिन्न खेलसम्बन्धि सहजकर्ता तथा सहभागि तयार गर्ने। | १ | १ | १ | १ | १ |
| ३ | खेलकुदका लागि पूर्वाधारको निर्माण र व्यवस्थापन गर्ने । | १ | १ | १ | १ | १ |
| ४ | खेलकुद सम्बन्धि स्थानीय निति तथा कार्यविधीहरु तयारी र कार्यान्वयन भएको हुने | १ | १ | १ | १ | १ |
| ५ | खेलकुद सम्बन्धमा जिल्ला तथा प्रदेश स्तरका निकायसँग समन्वय र सहकार्य भएको हुने। | १ | १ | १ | १ | १ |
| ६ | खेलकुदको विकास र प्रवर्द्धन सम्बन्धमा विद्यार्थी र युवाहरुलाई अभिमुखिकरण गर्ने | १ | १ | १ | १ | १ |

**५.१.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य:**

| क्र.सं. | मुख्य क्रियाकलापहरु | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य | | | | | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | खेलकुदका लागि नीति तथा कार्यविधीको निर्माण | पटक | १ | ० | १ | ० | ० | ० | १ | |
| २ | खेलकुदका लागि विभिन्न समिति गठन र क्षमता विकास | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ३ | अन्तर विद्यालय  खेलकुद प्रतियोगिता | पटक | १५ | ० | ३ | ३ | ३ | ३ | १२ | ३ |
| ४ | समुदायस्तरमा युवा खेलकुद प्रतियोगिता | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ५ | राष्ट्रपति रनिङ शिल्ड | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ६ | खेलकुद सामग्री व्यवस्थापन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ७ | उत्कृष्ट खेलाडी तथा प्रशिक्षकहरुलाई सम्मान | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ८ | बिद्यालयमा खेलकुद प्रशिक्षकको व्यवस्थापन (पालिका बाट परिचालन) | जना | १५ | ० | १ | २ | ३ | ३ | ९ | ६ |
| ९ | अध्यक्ष कप सञ्चालन र व्यवस्थापन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

# परिच्छेद ६ : सुशासन तथा व्यवस्थापन

## ६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

### ६.१.१ वर्तमान अवस्था

शैक्षिक सुशासन स्थापना गर्न स्थानीय सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहनुका साथै स्रोत साधनको उचित व्यवस्थापन सस्थागत क्षमता विकासमा पनि योगदान रहन्छ । सुशासन हासिल गर्नका लागि आवश्यक संस्थागत संरचना सहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु पर्दछ । नेपालमा आर्थिक सुशासन तथा व्यवस्थापन गर्न आर्थिक ऐन २०७७ आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र लेखा परीक्षण ऐन तथा कार्यविधि समेत जारी भएको छ । विद्यालयको हकमा अर्थिक सुशासन कायम गर्न शिक्षा ऐन २०२८ मा अनिवार्य सामाजिक लेखापरीक्षण गर्नुपर्ने ब्यवस्था छ ।

स्थानीयत तहको शैक्षिक संरचना, प्रक्रिया र क्षमता सुधार गर्न स्थानीय आवश्यकता चुनौति पहिचान गर्दै शैक्षिक गतिविधि प्रभावकारी बनाउन तथा सुशासन कायम गर्न स्थानीय सरकारका अधिकार तथा दायित्व बमोजिम स्थानीय सरकार सञ्चाल ऐन २०७४ बमोजिम स्थानीय तहले पनि नीति निर्माण गर्ने, शैक्षिक कार्यविधीहरु तयार गर्ने तथा शिक्षासँग सम्बन्धित विभिन्न कार्यक्रमहरु र बजेट तय गरी कार्यान्वयन गर्नु पर्दछ । यसै गरी नियमित रूपमा लेखा परीक्षण, सामाजिक परीक्षण, अनुगमन तथा मूल्याङ्कन जस्ता कार्य गर्नुपर्ने प्राबधान रेहको छ । यसै अनुसार यस गाउँपालिकाले पनि शैक्षिक सुशासनका गतिविधिहरु बढाएको छ ।

शैक्षिक सुशासन कायम गर्न तथा शैक्षिक गतिविधिहरु बढाउन त्रिवेणी गाउँपालिकामा शिक्षा, युवा तथा खेलकुद शाखा अन्तर्गत २ जना कर्मचारीहरु रहेका छन् । गाउँपालिकामा गाउँशिक्षा समिति तथा वडा तहमा वडा शिक्षा समितिहरु रहेका छन् । यस गाउँपालिकाले शिक्षा ऐन र नियमावली, तथा अन्य केही शैक्षिक नीति नियम र कार्यविधिहरु बनेर कार्यान्वयनमा रहेका भएता पनि विभिन्न नीति नियम र कार्यविधिहरु निर्माण गरी कार्यान्वयन गर्नु पर्ने आबश्यक्ता छ । यस गाउँपालिकाको शैक्षिक गतिविधिहरुको प्रभावकारी कार्यान्वयन र नतिजा प्राप्तिका लागि जवाफदेहिता प्रणालिको विकासका लागि बिद्यालय तहमा पनि सूचना प्रवाह, विभिन्न समावेशीता लगायतका विषयमा संस्थागत क्षमता विकास र परिचालन गर्न नितान्त आवश्यक देखिन्छ । यस गाउँपालिकामाः हाल औषतमा वार्षिक रूपमा विद्यालय व्यवस्थापन समितिको बैठक १० पटक, शि .अ .स .को बैठक ३ पटक, शिक्षक कर्मचारीको बैठक ८ पटक भएको देखिन्छ । यसै गरी शैक्षिक सत्र २०८० / ८१ मा विद्यालय को विद्यालय सुधार योजना सबै बिद्यालयले तयार गरेको र सामाजिक परीक्षण पनि सबै विद्यालय ले सम्पन्न गरेका छन् । गत आ.वको लेखा परीक्षण २७ वटा विद्यालय ले गरेको र यस आ.वमा पनि लेखा परीक्षणको कार्य गरिरहेको अवस्था छ । समग्रमा यस गाउँपालिकामा विद्यालय ले औषत वार्षिक २-३ पटक अभिभावक भेला गरेको देखिन्छ भने शिक्षक अभिभावक भेला वार्षिक २ पटक गरेका छन् । अतिरिक्त क्रियाकलाप अन्तर्गत प्रति विद्यालय वार्षिक ४-५पटक खेलकुदका कार्यक्रमहरु गरेका छन् । यसका साथै विद्यालयमा पढाइ मेला गत शैक्षिक सत्रमा १२ वटा विद्यालय ले सम्पन्न गरेको देखिन्छ । समग्रमा शैक्षिक सुशासन तथा जवाफदेहिता अन्तर्गत यस गाउँपालिकामा विभिन्न किसिमका कार्यक्रमहरु भएको देखिन्छ । विद्यालयमा गुनासो सुनुवाइ सयन्त्रको विकास, लैङ्गिक सम्पर्क व्यक्ति र पद्धतिको कार्यान्वयन तथा जवाफदेहिताका अन्य क्रियाकलापहरुमा ध्यान पुर्याउन सके सुशासनका कार्यहरु थप प्रभावकारी बनाउन सकिन्छ । सुशासन कायम गर्न तथा शैक्षिक क्षेत्रमा जवाफदेहिता कायम गर्नका निमित्त संस्थागत क्षमता विकास र परिचालन प्रभावकारी रूपमा गर्नु आवश्यक देखिन्छ ।

### ६.१.२ उद्देश्य

१. आवश्यक विभिन्न शैक्षिक नीति, कार्यविधीहरु तय गरी, संस्थागत क्षमता विकास गर्नु ।

२. शैक्षिक क्षेत्रमा असल शासन कायम गर्न निरन्तर रूपमा सामाजिक परीक्षण, लेखा परीक्षण, गुनासो सुनुवाइ सयन्त्रको विकास जस्ता कार्य प्रभावकारी रूपमा कार्यान्वयन गर्नु ।

३. बिद्यालयको कार्यसम्पादन प्रति उत्तरदायी तथा नतिजा प्रतिको जवाफदेहि र विद्यालयको निर्णय प्रकृयामा समता तथा समावेशीतालाई प्रोत्साहन गरी शिक्षामा सुशासन कायम गर्नु ।

### ६.१.३ रणनीतिहरु

१. गाउँपालिका तथा विद्यालय स्तरीय गुरुयोजना तथा कार्यविधि निर्माण गरिने ।
२. संस्थागत क्षमता विकासको लागि नीति तथा निर्देशिका तयार गर्ने ।
३. विद्यालय को निर्णय प्रकृयामा समता तथा समावेशीतालाई प्रोत्साहन गरीने ।
४. विद्यार्थीको सिकाइ उपलब्धिको न्यून नतिजा सम्बोधनको लागि स्थानीय तहमा गुणस्तर अभिवृद्धि गर्न भौतिक तथा सांङ्गठनिक संरचनाको सुधार गर्ने र पर्याप्त र तालिम प्राप्त जनशक्तिको व्यवस्थापनमा जोड दिने ।
५. विद्यालय व्यवस्थापन समिति , शि.अ.स, प्रधानाध्यापकको क्षमता विकास र जिम्मेवारी बनाउने ।
६. विद्यालयका दक्ष जनशक्ति व्यवस्थापनका लागि संस्थागत क्षमता विकास गर्नुका साथै भौतिक तथा सांगठानिक संरचनाको निर्माण गर्ने र संयन्त्रको क्षमता अभिवृद्धि गर्नमा जोड दिनेसबै बिद्यालयहरुमा गुनासो सुनुवाइ शिक्षकको व्यवस्था तथा संयन्त्र विकास भएको गर्ने ।
७. बिद्यार्थी शिक्षक अभिभावक सबैको आचारसंहिताको व्यवस्थापन र प्रयोग तथा बिद्यालयमा बडापत्र व्यवस्थापन गर्ने ।

### ६.१.४ प्रमुख उपलब्धिर नतिजा

**उपलब्धी**

शिक्षामा संस्थागत विकास र सुशासन प्रवर्द्धनले शैक्षिक निकाय तथा विद्यालयमा संस्थागत क्षमता अभिवृद्धि भई सुशासन कायम भएको हुने ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | शिक्षा ऐन नीति निर्माण | १ | ० | १ | ० | ० |
| २ | बिभिन्न शैक्षिक नीति, कार्यविधि लगायतको निर्माण र कार्यान्वयन भएको हुने | ० | १ | १ | १ | १ |
| ३ | सबै विद्यालयमा सामाजिक परीक्षण | २८ | २८ | २८ | २८ | २८ |
| ४ | संस्थागत क्षमता विकास भई संस्थागत माग बमोजिमको जनशक्ति व्यवस्थापन भएको हुनेछ । | | | | | |
| ५ | लेखा परीक्षण | २७ | २८ | २८ | २८ | २८ |
| ६ | बिद्यालय, विव्यस, शि. अ .स., बाल क्लब लगायतका संस्थाहरुको क्षमता विकास भै सुशासन तथा जवाफदेहिताको विकास भएको हुनेछ । | | | | | |
| ७ | बिद्यालय सुधार योजना | २८ | २८ | २८ | २८ | २८ |
| ८ | शैक्षिक संस्थाहरुमा जिम्मेवारीबोध तथा उतरदायीतामा बृद्धि भएको हुनेछ | | | | | |
| ९ | स्रोत व्यवस्थापन र परिचालन प्रभावकारी भै कार्य सम्पादनमा सुधार भएको हुनेछ । | | | | | |

६.१.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.सं. | मुख्य क्रियाकलापहरु | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य (५ वर्ष ) | | | | | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | विभिन्न शैक्षिक कानुन, मापदण्ड कार्यविधी निर्माण | पटक | १ | ० | १ | ० | ० | ० | १ | |
| २ | शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास तालिम | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ३ | कार्यसम्पादन करार सम्झौता र स्व; मूल्याङ्कन | बिद्यालय | २८ | २८ | २८ | २८ | २८ | २८ | २८ | |
| ४ | बिद्यालय व्यवस्थापन समिति र शि.अ.स को क्षमता विकास | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ५ | लेखा परीक्षण तथा सामाजिक परीक्षण तथा विद्यालय सुधार योजनाका लागि क्षमता विकास | विद्यालय | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ६ | गुनासो सुनुवाइ सयन्त्रको विकास र व्यवस्थापन | विद्यालय | २८ | २८ | २८ | २८ | २८ | २८ | २८ | |
| ७ | बडापत्रको व्यवस्थापन | विद्यालय | २८ | २८ | २८ | २८ | २८ | २८ | २८ | |
| ८ | बालिका तथा समावेशी सञ्जाल, गुनासो सुनुवाइ सयन्त्रको निर्माण गठन तथा क्षमता विकास | सञ्जाल | २८ | १० | १० | ८ | २८ | २८ | २८ | निरन्तर |
| ९ | प्रधानाध्यापकको नियमित बैठक | पटक | २० | ४ | ४ | ४ | ४ | ४ | २० | निरन्तर |
| १० | शैक्षिक पात्रो निर्माण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ११ | शिक्षा समिति बैठक | पटक | २० | ४ | ४ | ४ | ४ | ४ | २० | |

## ६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ६.२.१ परिचय

त्रिवेणी गाउँपालिकाले शिक्षा क्षेत्रको योजना कार्यान्वयनका लागि शिक्षा युवा तथा खेलकुद शाखाको अगुवाइ तथा शिक्षा समितिको नेतृत्वदायी भूमिका मा शैक्षिक गतिविधिहरु कार्यान्वयनमा रहेका छन् । शिक्षा समितिले निति नियमहरु निर्माण गर्ने तथा शिक्षा शाखाले नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्ने गरिरहेको छ । गाउँपालिकाको शिक्षा समितिले तयार गरेको नीति तथा कार्यक्रम र बजेटको प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिका तहबाट शिक्षा युवा तथा खेलकुद शाखा तथा वडा तहमा वडा शिक्षा समिति र विद्यालय , विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ लयातका संस्थाहरु मार्फत कार्यान्वयन भैरहेको छ । संघ मातहतका शैक्षिक संस्था, प्रदेश सरकार मातहतका शैक्षिक संस्था तथा अन्य विभिन्न निकायहरु सँगको समन्वय र सहकार्य भने नियमित रूपमा भएको छ । गाउँपालिकाको समग्र शैक्षिक गतिविधिहरुको प्रभावकारी कार्यान्वयनका लागि विभिन्न निकायहरु सँगको समन्वय र सहकार्य गरी अगाडी बढ्न पर्ने देखिन्छ । यसका साथै गाउँपलिका अन्तर्गतका विभिन्न शैक्षिक संस्थाहरुको संस्थागत क्षमता विकास र परिचालन तथा नियमन मार्फत शिक्षा योजनाको प्रभावकारी कार्यान्वयन गर्न सकिन्छ ।

### ६.२.२ उद्धेश्य

१. शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।
२. शिक्षा योजना कार्यान्वयनका लागि विभिन्न निकाय सँगको समन्वय, सहकार्य तथा साझेदारी कायम गर्नु।

६.२.३ रणनीतिहरू

१. सङ्घीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरण मार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेट समेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने ।
२. विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ लगातयका संरचनाको गठन, पुन;र्गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना निर्माण र कार्यान्वयनमा सहजीकरण गर्ने ।
३. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने।
४. अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने सहकार्य तथा सहभागित बनाउने।
५. कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने ।

### ६.२.४ उपलब्धि, तथा नतिजा

उपलब्धिहरू तथा नतिजा

१. शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ ।
२. शिक्षा योजना कार्यान्वयनमा सरोकारवाला सबैको सहभागिता तथा सहकार्य बढेको हुनेछ ।
३. शिक्षा योजनाले लिएका अपेक्षित उपलब्धीहरु हासिल भएको हुनेछन् ।

### ६.२.५ प्रमुख क्रियाकलापहरु तथा लक्ष्य

| क्र.सं. | मुख्य क्रियाकलापहरु | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य (५ वर्ष ) | | | | | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण | निरन्तर | ५ | १ | १ | १ | १ | १ | ५ | |
| २ | शैक्षिक वहस तथा पैरवी र समन्वय | पटक | १५ | ० | ३ | ३ | ३ | ३ | १२ | ३ |
| ३ | योजना कार्यान्वयनको लागि मार्गदर्शन निर्माण | पटक | १ | ० | १ | ० | ० | ० | १ | निरन्तर |
| ४ | योजना कार्यान्वयनको लागि संस्थागत क्षमता विकास | पटक | २ | ० | १ | ० | १ | ० | २ | |
| ५ | योजना कार्यान्वयनको प्रभावकारीताका लागि बिद्यालय सँग अध्यक्ष कार्यक्रम | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

# परिच्छेद ७: लगानी स्रोत व्यवस्थापन

## ७.१ वर्तमान अवस्था

शिक्षा क्षेत्रको नीति तथा कार्यक्रम बमोजिम शिक्षा क्षेत्रममा पनि सोही बमोजिमको लगानी स्रोत व्यवस्थापन गर्न आवश्यक छ । राष्ट्रिय आकाङ्क्षालाई मध्यनजर गर्दै नेपाल सरकारले पनि शिक्षा क्षेत्रमा लगानी अभिवृद्धि गरिरहेको छ । शिक्षामा कुल बजेटको २० प्रतिशत पुर्याउनु पर्ने गरी नीतिगत व्यवस्था पनि गरेको छ । शिक्षामा गरीने लगानीले समाजको आकांक्षा, आवश्यकता, मान्यता र दिगो विकासको लक्ष्यको लागि कार्य गर्नु पर्दछ । संवैधानिक व्यवस्था बमोजिम विद्यालय शिक्षा सञ्चालनको मूल जिम्मेवारी स्थानीय तहको भए तापनि शिक्षा साझा सुचीको विषय रहेकोले शिक्षाको वित्तीय व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहका साथै समुदाय र निजी क्षेत्रको समेत साझेदारी आवश्यकता पर्दछ ।शिक्षामा आवश्यक पर्ने स्रोत पहिचान गरी तिनलाई एकीकृत गर्नु र उपयुक्त तरिकाले वितरण तथा उपयोग गर्नु शिक्षामा लगानीको प्रबन्धका लागि ध्यान दिनुपर्ने महत्वपूर्ण पक्ष हो । शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत जुटाउने, स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह गर्ने र उपलब्ध स्रोतको उपयोग गर्ने भन्ने विषयमा ध्यान पुग्दछ ।

त्रिवेणी गाँउपालिकाले पनि पालिकाको शैक्षिक सुधारका लागि हरेक बर्षका नीति तथा कार्यक्रमहरुमा शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखेर कार्य गरिरहेको छ ।शिक्षा क्षेत्रको सुरधाका लागि पालिकाले विभिन्न शैक्षिक कार्यक्रम र नीतिहरु निर्माण गरेर कार्यान्वयन गरेको छ । बालविकासका शिक्षकको तलब थप गर्ने तथा पालिका अनुदान मार्फत शिक्षक थप गरी शैक्षिक गतिविधी सहज बनाउन पनि पालिकाले बजेट विनियोजन गरेर अगाडि बढेको छ । गाउँपालिकाको कुल बजेटमा शिक्षा क्षेत्रको बजेट अत्यन्त बढी देखिएको भएता पनि कुल बजेटको ८५ प्रतिशतको हाराहारीमा शिक्षकको तलवमा जाने र बाँकी रहेको न्यून बजेटमा पनि शैक्षिक पूर्वाधारमा लगानी भएर १५ प्रतिशत जति बजेटमात्र अन्य क्षमता विकासमा विनियोजन हुने गरेको छ । यस आ. वमा त्रिवेणी गाउँपालिकामा रहेको शिक्षा क्षेत्रको बजेट यस प्रकार छ ।

आर्थिक वर्ष २०८१/०८२ का कार्यक्रमहरु

**क) संघीय सरकारवाट प्राप्त हुने अनुमानीत बजेट (आर्थिक वर्ष २०८१\ ८२)**

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र/बिषय | रकम (रू.) |
|---|---|---|
| १ | आधारभूत तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान ( विशेष शिक्षा परिषद अन्तर्गतका शिक्षक/ कर्मचारी समेत ) | ६३४९५००० |
| २ | माध्यमिक तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान ( विशेष शिक्षा परिषद अन्तर्गतका शिक्षक/ कर्मचारी, प्राविधिक धारका प्रशिक्षक समेत ) | १४५१६००० |
| ३ | प्रारम्भिक बालविकास सहजकर्ताहरूको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान | ८९२२००० |
| ४ | केन्द्रबाट छनौट भएका नमूना विद्यालय, विशेष विद्यालयको स्वीकृत गुरूयोजना अनुरूप भौतिक पूर्वाधार विकास तथा प्राविधिक धारतर्फ शैक्षिक सत्र २०७९ बाट कक्षा ९ सञ्चालन गर्ने विद्यालयलाई ल्याव व्यवस्थापन अनुदान( कक्षा ११-१२ विज्ञान विषय सञ्चालनका लागि समेत ) | १०००००० |
| ५ | सार्वजनिक विद्यालयका विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान ( स्थानीय विषय/ मातृभाषाको समेत ) | २४६२००० |
| ६ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | ४४६०००० |
| ७ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | १७९०००० |
| ८ | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम ( परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षा कार्यक्रम समेत ) | ५००००० |
| ९ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | ४४०२००० |

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र/बिषय | रकम (रू.) |
|---|---|---|
| १० | सामुदायिक विद्यालयका छात्राहरूलाई निःशुल्क स्यानिटरी प्याड व्यवस्थापन | १००६००० |
| ११ | शैक्षिक सुशासनका लागि सस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मूल्याङ्कन, शिक्षक मेटरिङ तथा विद्यालय सुपरिवेक्षण | १०१७००० |
| १२ | विपदका समयमा सिकाइ निरन्तरताका लागि सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना (ReAL) कार्यान्वयन | ४००००० |
| १३ | विपन्न लक्षित छात्रवृत्तिका लागि छनौट भएका ( कक्षा ६-१२ मा अध्ययनरत ) | ६९४००० |
| १४ | माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ५७८०००० |
| १५ | आधारभूत तह कक्षा (६-८) मा अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | १८४६००० |
| १६ | प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदान | ८३७००० |
| | **जम्मा** | **१२२१२७०००** |

**ख) स्थानीय तहबाट भएको बजेट तथा कार्यक्रम (आर्थिक वर्ष २०८१/८२)**

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र \ बिषय | रकम (रू.) |
|---|---|---|
| १ | शिक्षण सिकाइ अनुदान शिक्षक त.भ, सामुदियक सिकाइ केन्द्र पारिश्रमिक व्यवस्थापन,बाल विकास केन्द्रको पारश्रमिक | १५९५०००० |
| २ | गरिव तथा जेहेन्दार विद्यार्थीका लागि अध्यक्ष छात्रवृत्ति वितरण | १००००० |
| ३ | वृति मार्ग निर्देशन (Career Council) कार्यक्रम सञ्चालन | १००००० |
| ४ | इ  हाजिर मेसिन जडान | १५०००० |
| ५ | उत्कृष्ट विद्यालय,वि.व्य.स र शि.अ.सं घोषणा | ५०००० |
| ६ | विभिन्न दिवस कार्यक्रम सञ्चालन | २००००० |
| ७ | आधारभूत र माध्यामिक तह स्तरीय शिक्षकहरूको पाठ्यक्रम सम्बन्धी क्षमता विकास तालिम | २००००० |
| ८ | शिक्षा समिति बैठक | २००००० |
| ९ | प्र.अ बैठक | १००००० |
| १० | विद्यालय स्तरीय परीक्षा सञ्चालन | ७००००० |
| ११ | रूम टु रिड कार्यक्रम | ७००००० |
| १२ | शिक्षा योजना अध्यावधिक | १५०००० |
| १३ | विद्यार्थीको प्रतिभा पहिचान र शैक्षिक सामग्रि प्रदर्शनि कार्यक्रम | २००००० |
| १४ | सिकाइ स्तरमा आधारित शिक्षण (TaRL)१-५) कार्यक्रम | १५०००० |
| १५ | शिक्षा सम्बन्धी ऐन, नियमावली र शिक्षक सेवा आयोग किताव खरिद | ५०००० |
| १६ | विद्यालय  खेलकुद र अध्यक्ष कप | १५००००० |
| | **जम्मा** | **२०५०००००** |

त्रिवेणी गाउँपालिका,सल्यान

### ख) विगत ५ वर्षमा शिक्षा क्षेत्रमा गरेको लगानीको विश्लेषण

रकम रू. हजारमा

| लगानीको श्रोत | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | औषत |
|---|---|---|---|---|---|---|---|
| | २०७७\७८ | २०७८\७९ | २०७९\८० | २०८०\८१ | २०८१\८२ | | |
| संघीय सरकार | १०७०२४ | १२५५१४ | ११९२५६ | ११३४०० | १२२१२७ | ५८७३२१ | ११७४६४ |
| प्रदेश सरकार | ० | ० | ० | ० | ० | ० | ० |
| स्थानीय सरकार | १११७७ | १४३४० | १७३६० | १८००० | २०५०० | ८१३७७ | १६२७५ |
| संघ संस्था | ० | ० | ० | ० | ७०० | ७०० | १४० |
| दातृ निकाय | ० | ० | ० | ० | ० | ० | ० |
| **जम्मा** | **११८२०१** | **१३९८५४** | **१३६६१६** | **१३१४००** | **१४३३२७** | **६६९३९८** | **१३३८८०** |

### ग) आगामी ५ वर्षमा शिक्षा क्षेत्रमा प्राप्त हुने लगानीको आँकलन

रकम रू. हजारमा

| लगानीको श्रोत | आर्थिक वर्ष | | | | | ५वर्षको जम्मा | औषत |
|---|---|---|---|---|---|---|---|
| | २०८१\८२ | २०८२\८३ | २०८३\८४ | २०८४\८५ | २०८५\८६ | | |
| संघीय सरकार | १२२१२७ | १३५५७२ | १३४९८५ | १३६५३८ | १३७३२७ | ६६६५५० | १३३३१० |
| प्रदेश सरकार | ० | २००० | २१०० | २२०५ | २३१५ | ८६२० | १७२४ |
| स्थानीय सरकार | २०१५० | २३१७३ | २४३३१ | २५५४८ | २६८२५ | १२००२६ | २४००५ |
| संघ संस्था | ७०० | ८०५ | ९२६ | १०६५ | १२२४ | ४७२० | ९४४ |
| अन्य | ९२७ | १०६६ | १११९ | ११७५ | १२३४ | ५५२२ | ११०४ |
| **जम्मा** | **१४३९०४** | **१६२६१६** | **१६३४६१** | **१६६५३१** | **१६८९२६** | **८०५४३८** | **१६१०८८** |

## ७.२ उद्देश्य

१) योजना अवधिका लागि विद्यालय शिक्षामा आवश्यक स्रोतको प्रक्षेपण गर्नु ।
२) शिक्षा सम्बन्धी पहिचान गरीएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु ।
३) उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरीएका कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत वजेट निर्धारण गर्नु ।
४) लगानीको उपयोगको अवस्था जानकारी लिने विधि र प्रक्रिया उपयुक्त (प्रतिवेदन पद्धति) प्रस्तुत गर्नु र जवाफदेहिता स्पष्ट गर्नु ।

## ७.३ रणनीतिहरु

योजनाको वित्तीय व्यवस्था सम्बन्धी रणनीतिहरु देहाय बमोजिम हुनेछन्

- विद्यालय शिक्षाको लागि कानूनमा तोकिए अनुसारको आर्थिक दायित्व तिनै तहका सरकारहरु बिचको लागत साझेदारीमा हुनेछ । यसका लागि कम्तीमा सङ्घीय सरकारको शिक्षा क्षेत्रको लगानीको अनुपातमा प्रदेश तथा स्थानीय सरकारले आ- आफ्नो स्रोतबाट थप लगानी हुने अपेक्षा गरीने ।

- शिक्षामा सरकारी अनुदान खर्चको जिम्मेवारी स्थानीय तहको भएकोले आफ्नो तह भित्रको लक्षित शैक्षिक पहुँच र सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न स्थानीय तहलाई जवाफदेही हुने पद्धति विकास गर्ने ।
- सरकारबाट प्रदान गरीने स्रोतको उपयोग गर्ने प्रमुख एकाइ विद्यालय भएकाले लक्षित गुणस्तर सुनिश्चित गर्ने जवाफदेहिता विद्यालयको हुनेछ ।
- शिक्षामा सार्वजनिक लगानी वृद्धि गरी कुलगार्हस्थ उत्पादनको ७ प्रतिशत र तिनै तहका सरकारबाट कुलवजेटको वार्षिक रूपमा २० प्रतिशत पुर्याइनेछ ।
- नेपालको वैदेशिक सहायता नीति अनुरुप शिक्षाको बजेट हुने न्यूनता पुरा गर्नका लागि निश्चित लक्ष्य हासिल गर्न बाह्य स्रोतको परिचालन गरिने छ ।
- उपागमको अवधारणा अनुसार कार्यक्रम खर्च तथा सेवामूलक व्यवसायका रूपमा विकास गरिने छ ।
- सार्वजनिक सेवा, सामाजिक दायित्व वा सेवामूलक व्यवसायका रूपमा विकास गरिने छ ।
- मापदण्डका आधारमा शिक्षामा नीजि तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रवर्धन गरिने छ ।भने निजी क्षेत्रले सार्वजनिक सेवा, सामाजिक दायित्व वा सेवामूलक व्यवसायका रूपमा रहने गरी विद्यालय शिक्षा सञ्चालन गर्न व्यवस्था गरिने छ ।
- अवस्था र आवश्यकताका आधारमा समानीकरण, समपूरक, शसर्त र विशेष अनुदानको अवलम्बन र उपयोग गरिने छ ।
- वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई थप सबल बनाइने छ ।

## ७.४ प्रमुख क्रियाकलापहरु र परिमाणत्मक लक्ष्य

**५ वर्षका प्रस्तावित मुख्य क्रियाकलापहरु**

| क्र .सं. | प्रमुख क्रियाकलाप | लागत (रू. हजारमा) | | | | |
|---|---|---|---|---|---|---|
| | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
| **१** | **प्रारम्भिक बालविकास र शिक्षा** | **१७०** | **१५२५** | **१२२५** | **१५७५** | **१०८५** |
| १.१ | ELDS Report Card को प्रयोग | १७० | २७५ | ३०३ | ३३३ | ३६६ |
| १.२ | स्थानीय एकिकृत प्रारम्भिक बाल विकास (LIECDP) योजना तर्जुमा र कार्यान्वयन | ० | २५० | ११२ | १७० | ८० |
| १.३ | प्रारम्भिक बाल विकास सञ्चालक समिति गठन तथा सवलीकरण | ० | ५० | ६० | १७० | ८० |
| १.४ | कक्षा कोठा व्यवस्थापन | ० | ९५० | ७५० | ९०२ | ५५९ |
| **२** | **आधारभूत तह** | **५५३०** | ४५७५ | ३६७५ | ४७२५ | ३२५५ |
| २.१ | कक्षा कोठा व्यवस्थापन | ५५०० | ६०५० | ६६५५ | ७३२१ | ८०५३ |
| २.२ | निरन्तर विद्यार्थी लेखाजोखा प्रणाली सवलीकरण | | १३०० | १४३० | १५७३ | १७३० |
| २.३ | घुम्ती शिक्षक बैठक | ३० | ४० | ५० | ६० | ७० |
| २.४ | शिक्षण सिकाइ आपुरण (कक्षा १-८) | | ५६७ | ५६७ | ५६७ | ५६७ |
| २.५ | विद्यालयमा खानेपानी तथा सरसफाई | | ५०० | ५०० | २५० | २५० |
| **३** | **माध्यमिक तह** | **१०९४०** | **१२०९५** | **१२०९५** | **१२०९५** | **१२०९५** |
| ३.१ | कक्षा कोठा व्यवस्थापन | | ६५० | ७१५ | ६८९ | ६८९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३.२ | निरन्तर विद्यार्थी लेखाजोखा प्रणाली सवलीकरण | ६५ | ७५ | ७९ | ८५ | ७५ |
| ३.३ | घुम्ती शिक्षक बैठक | ० | २० | २५ | ३० | ४० |
| ३.४ | शिक्षण सिकाइ आपुरण (कक्षा ९-१२) | ० | ९२० | ८११ | ८११ | ८११ |
| ३.५ | विद्यालयमा खानेपानी तथा सरसफाई | ० | ३५० | ३८५ | ४०० | ४०० |
| ३.६ | शिक्षकको पारिश्रमिक | १०८७५ | १००८० | १००८० | १००८० | १००८० |
| **४** | **अनौपचारिक तथा आजीवन सिकाइ** | **९००** | **१३५०** | **१३५०** | **११५०** | **१२५०** |
| ४.१ | विद्यालय बाहिर रहेका बालबालिकाको तथ्यांक **सङ्कलन** | | ३२ | ३२ | ३२ | ३२ |
| ४.२ | सामुदायिक सिकाइ केन्द्र सञ्चालन | ८२५ | ४०८ | ३०८ | २०८ | ३०८ |
| ४.३ | रूपान्तरण कक्षा सञ्चालन | | ३२५ | ३५८ | २५८ | २५८ |
| ४.४ | राष्ट्रिय योग्यता प्रारूप (NQF) कार्यान्वयन | | | २२० | २२० | २२० |
| ४.५ | किशोर-किशोरीहरूलाई सिप विकास सहयोग | | ३८५ | २८२ | २८२ | २८२ |
| ४.६ | किशोर-किशोरीहरूलाई व्यवसायिक योजना निर्माणमा सहयोग | | १५० | १०० | १०० | १०० |
| ४.७ | किशोर-किशोरीहरूलाई बजारसँग आवद्दता | 75 | ५० | ५० | ५० | ५० |
| **५** | **प्राविधिक तथा व्यवसायीक शिक्षा** | **१००** | **७५०** | **४००** | **२८००** | **८५०** |
| **६** | **पाठ्यक्रम पाठ्यपुस्तक शिक्षण सिकाइ सामग्री** | **४६१२** | **५६१५** | **५८७०** | **५६७५** | **५७३०** |
| ६.१ | पाठ्यपुस्तक तथा सिकाइ सामग्री | ० | ५०० | ५५० | ६०५ | ६६५ |
| **७** | **शिक्षक व्यवस्थापन र विकास** | **१०९६५९** | **११०८६८** | **१११६६८** | **१२०८६८** | **१२५६६८** |
| ७.१ | शिक्षक तालिम तथा क्षमता विकास | ३०० | ३३० | ३६३ | ३९९ | ४३९ |
| ७.२ | शिक्षक तलब भत्ता तथा वृत्ति विकास | १०९६५९ | ११०८६८ | १११६६८ | १२०८६८ | १२५६६८ |
| **८** | **शैक्षिक समता र समावेशीता** | **६९४** | **११६०** | **९८५** | **१२००** | **१०१५** |
| ८.१ | अभिभावक क्षिक्षा | ५० | ६० | ५० | ५० | ५० |
| ८.२ | अपाङ्गता भएका बालबालिकालाई सहयोग तथा IEP | 544 | १०० | ० | १०० | १०० |
| ८.३ | SATC सवलीकरण | ० | १००० | ९३५ | ९५० | ८६५ |
| ८.४ | मातृभाषामा सिक्षण सिकाइ क्रियाकलाप प्रवर्धन | १०० | ० | ० | ० | ० |
| **९** | **विद्यालय पोषण र स्वास्थ्य** | **५५०४** | **५९५८** | **५९५३** | **५९७८** | **५९९८** |
| **१०** | **विद्यालय सुरक्षा विपत् व्यवस्थापन र उत्थानशिलता ( ड्रिल समेत )** | **४००** | **७६०** | **५९०** | **७००** | **५१०** |
| १०.१ | बृहत्तर विद्यालय सुरक्षा कार्ययोजना (CSSMP) तर्जुमा र कार्यान्वयन | २०० | ५६० | ४४० | ५५० | ४०० |
| १०.२ | जलवायु परिवर्तन अनुकुलन सहयोग | २०० | २०० | १५० | १५० | ११० |
| **११** | **विद्यालय भौतिक पूर्वाधार** | **४५००** | **१२२००** | **२०५००** | **१२०५०** | **१२०००** |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११.१ | ई. निर्माण कार्य | २५९५ | ९३४५ | १७३६० | ८५९६ | ८२०१ |
| ११.२ | उ. उपकरण तथा जडान सामग्री | १९०५ | २८५५ | ३१४० | ३४५४ | ३७९९ |
| **१२** | **विद्यालय सूचना तथा सञ्चार प्रविधि** | **७००** | **१७३०** | **३०३०** | **२१३०** | **१७३०** |
| **१३** | **विद्यालय खेलकुद** | **२०००** | **२५२०** | **३६२०** | **३३२०** | **३३२०** |
| **१४** | **शैक्षिक सुशासन तथा व्यवस्थमपा** | **२४९०** | **२६५५** | **२४७५** | **२४४५** | **२५३५** |
| **१५** | **शिक्षा योजना कार्यान्वयन** | **०** | **८००** | **६००** | **७००** | **६००** |
| **१६** | **अनुगमन तथा मूल्याङ्कन** | **४७५** | **६५०** | **५७५** | **५७५** | **१०७५** |
| १७ | तलब तथा पारिश्रमिक | ८२२५४.४ | ९०४७९.८ | ९९५२७.८ | १०९४८०.६ | १०४२८.७ |
| १८ | कार्यक्रम खर्च | ० | ५०० | ५५० | ६०५ | ६६५.५ |
| १९ | छात्रवृत्ति तथा प्रोत्साहन | ११९९ | १३१९ | १४५१ | १५९६ | १७५५ |
| २० | अन्य क्षेत्रहरू | ० | ५०० | ५५० | ६०५ | ६६५ |
| | **जम्मा ५ बर्षको लागत अनुमान** | २२६६२४ | २५२०५२ | २७०७५७ | २८४२९५ | १८६२३२ |

## ७.५ योजनाको वार्षिक बजेट तर्जमा प्रक्रिया

स्थानीय तहले वार्षिक रूपमा योजना तर्जुमा गर्ने प्रकृया बमोजिम नै शिक्षा क्षेत्रको वार्षिक कार्यक्रम तथा बजेट तयार गर्ने प्रकृया अवलम्बन गर्ने छ । यसका लागि संघ तथा प्रदेश र स्थानीय तहको बजेट अनुमान र सिलिङका आधारमा कार्यक्रमहरु तय गरी अन्य सरोकारवालाहरु सँग पनि स्रोत खोजी गरी कार्यक्रम तय गर्ने र सेही बजोमिम वार्षिक योजनामा रहेका क्रियाकलापहरुलाई समावेश गर्दै कार्यान्वयन गिरनेछ ।

## ७.६ योजना कार्यान्वयनको लागि वार्षिक रणनीति

कार्यान्वयन योजना निर्माण तथा कार्यान्वयन बजेट तथा कार्यक्रम कार्यान्वयनको लागि वार्षिक रणनीति कार्यान्नियन योजना निर्माण गरिनेछ । यसका लागि वार्षिक रूपमा प्राप्त बजेट तथा कार्यक्रमलाई प्राथमिकता अनुसार स्रोत सुनिश्चित भए सोही बर्ष र नभए प्राथमिकताका आधारमा बजेट कार्यान्वयन रणनीति तय गरी कार्यानव्यन गर्ने र बजेटको प्रभावकारी कार्यानव्यन गरिनेछ ।

# परिच्छेद ८: अनुगमन तथा मूल्याङ्कन

## ८.१ वर्तमान अवस्था

गाउँपालिकाको शैक्षिक अवस्थामा सुधारका लागि विभिन्न तहमा अनुगमन तथा मूल्याङ्कनगरी प्रभावकारी कार्यान्वयन गर्न आवश्यक छ । योजना कार्यान्वयनलाई सही दिशामा पुर्याउन तथा योजनाका गतिविधिहरुलाई समयानुसार लक्षित उपलब्धि हासिल गराउनका लागि अनुगमन तथा मूल्याङ्कनको कार्य प्रभावकारी रूपमा गर्न आवश्यक छ । अनुगमन तथा मूल्याङ्कनको मुख्य उद्देश्य गाँउशिक्षामा तय गरिएका कार्यक्रमहरु र सेवा प्रवाहका लागि तय गरिएका लक्ष्य तथा उद्देश्य अनुरुपका उपलब्धिहरु पत्ता लगाई ती सूचकका आधारमा निर्णय प्रक्रियालाई सहयोग गरी योजना कार्यान्वयनमा सुधार गर्नु हो

यस गाउँपालिकाले पनि अनुगमन तथा मूल्याङ्कन कार्यहरु गरिरहेको अवस्था छ । वार्षिक रूपमा हुने समिक्षा तथा मूल्याङ्कन र नियमित रूपमा हुने अनुगमनले शैक्षिक कार्यक्रहरुलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न मद्धत पुगेको छ । त्रिवेणी गाउँपालिकाले आफ्नो सेवा क्षेत्र भित्रको गतिविधिहरुको अनुगमन र मूल्याङ्कन गर्न गाउँपालिका उपाध्यक्षको नेतृत्वमा अनुगमन समिति गठन गरी अनुगमनका कार्यहरु अगाडी बढेका छन् । गाउँ शिक्षा समितिले पनि यस गाउँपालिकामा रहेका शैक्षिक समस्याहरुको समधान गर्ने र नियमित अनुगमन र मूल्याङ्कनलाई प्रभावकारी ढङ्गले अगाडी बढाउने प्रयास थालेको छ । गत शैक्षिक सत्रको अनुगमनको अवस्था मूल्याङ्कन गर्ने हो भने शिक्षा युवा तथा खेलकुद शाखाबाट औषतमा प्रति बिद्यालय वार्षिक २-३ पटक सम्म अनुगमन गरेको देखिन्छ । यसै गरी साक्षरता कार्यक्रमबाट प्रति विद्यालय २ पटक अनुगमन भएको देखिन्छ । वडा शिक्षा समिति, गाउँ शिक्षा समिति लगायतबाट नियमित रूपमा विद्यालय अनुगमन हुन पर्ने देखिन्छ । यसका साथै कक्षा १-३ को मूल्याङ्कन फारामको सही प्रयोग गरी मूल्याङ्कन गर्ने बिद्यालय जम्मा ५ वटा मात्र रहेका छन् । त्रिवेणी गाउँपालिका विद्यालय हरुको मूल्याङ्कनका लागि नियमित रुपम प्रतिवेदन पेस गर्ने, वार्षिक तथा अर्धवार्षिक समिक्षा गर्ने जस्ता कार्य भने भएका छैनन् । यस्ता कार्यहरु नियमित गर्नु तथा विभिन्न सरोकारवाला मार्फत संयुक्त अनुगमनका कार्यहरु गर्नु अति आवश्यक देखिएको छ । यसका साथै शिक्षक सुपरीवेक्षण र पेसागत सहयोग तथा विद्यार्थी उपलब्धि परीक्षण लगायतका विषयहरुमा ठोस कार्यक्रम बनाइ अगाडी बढ्नुपर्ने देखिन्छ । अनुगमन तथा मूल्याङ्कनका कार्यहरुलाई प्रभावकारी बनाउनका लागि अनुगमन मूल्याङ्कन निम्नानुसार गर्न सकिन्छ ।

| क्र.सं. | अनुगमन गर्ने निकाय | अनुगमन प्रकृया | जिम्मेवारी | अनुगमन समय | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १ | वडा शिक्षा समिति | अलवोकन निरिक्षण सुपरिवेक्षण, | संयोजक तथा सदस्य | मासिक | आगन्तुक पुस्तिका, अनुगमन फारम |
| २ | गाउँ शिक्षा समिति | | संयोजक तथा सदस्य | अर्धवार्षिक | |
| ३ | वडा कार्यालय | | अध्यक्ष तथा पदाधिकारी | मासिक | |
| ४ | गाउँपालिका | | अध्यक्ष, | अर्धवार्षिक | |
| ५ | शिक्षा अधिकृत वा तोकिएको अधिकारी | | शिक्षा शाखा प्रमुख वा प्रतिनिधी | मासिक | |
| ६ | पालिका शिक्षा शाखा | | शिक्षा शाखा प्रमुख वा प्रतिनिधी | मासिक | |
| ७ | पालिका स्तरका विज्ञ समूह | | शाखा प्रमुख | त्रैमासिक | |
| ८ | वि .व्य. स. र शिक्षक अभिभावक संघ | | पदाधिकारी | निरन्तर | |
| ९ | नागरिक समाज तथा गैर सरकारी संघसंस्था र सरोकारवालाहरु | | जिम्मेबार व्यक्ति | आवश्यकता अनुसार | |
| १० | अर्ध वार्षिक समिक्षा | मूल्याङ्कन | शिक्षा शाखा | अर्ध वार्षिक | |
| ११ | वार्षिक समिक्षा | मूल्याङ्कन | शिक्षा शाखा | वार्षिक | |

## ८.२ उद्देश्य

१. अनुगमन तथा मुल्याङकन मापद्ण्ड र निर्देशिका तथा रणनीति तयार गरी कार्यान्वयन गर्नु तथा अनुगमन प्रणाली विकास र नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली बनाउनु

२. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु ।

३. योजनाको लगानीदेखि प्रभाव तहसम्मको मूल्याङ्कन गरी आवश्यकतामा आधारित योजना निर्माणमा सहयोग गर्नु ।

४. अर्धवार्षिक, वार्षिक, मध्यावधी तथा अअन्तिम मूल्याङ्कन गर्नु र अनुगमन तथा मूल्याङ्कन समिति तथा प्राविधिक समिति गठन गरी परिचालन गर्नु ।

५.

## ८.३ रणनीतिहरु

१. अनुगमन तथा मूल्याड़कनका लागि विभिन्न समितिहरूको निर्माण गरिनेछ र यसका लागि रणनीति तथा कार्यविधी निर्माण र कार्यान्वयन गर्ने

२. कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनका लागि एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याउने ।

३. अनुगमन तथा मूल्याडूकन प्रतिवेदन छिटो छरितो र व्यवस्थित बनाइनेछ र अनुगमन तथा मूल्याङ्कन नतिजामुखि बनाइने

४. कक्षाकोठामा सिकाइको अनुगमन, कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन तथा सुपरिवेक्षण र प्रतिवेदन प्रणालीको विकास गर्ने

५. जनप्रतिनिधिहरुलाई योजनाको अनुगमन तथा मूल्याङ्कनको कार्यमा संलग्न गराइनेछ ।

६. शिक्षण सिकाइको अनुगमन सुपरीवेक्षण, मूल्याङ्कन, सहजीकरण प्रणालिलाई व्यवस्थित गरिने र सुद्धृढ बनाइनेछ

७. शैक्षिक योजना तथा कार्यक्रमको नियमित, अद्यावधिक, मद्यावधिक र अन्तिम मूल्याड्कन प्रणाली स्थापित गरिनेछ यसका लागि गाउँपालिका अध्यक्षको संरकक्षत्वमा र उपाध्यक्षको संयोजकत्वमा वार्षिक, मध्यावधी र अन्तिम मूल्याङ्कन गर्ने ।

८. अनुगमन तथा मूल्याङ्कन समिति तथा प्राविधिक समिति गठन गरी परिचालन गर्ने ।

## ८.४ उपलब्धि तथा नतिजा

१. अनुगमन, मूल्याड्कन, समन्वय र सहजीकरणका माध्यमले योजनाका चुनौतिहरू समाधान भई अपेक्षित उपलब्धि हासिल हुनेछ ।

२. अनुगमन र मूल्याड्कनमा संस्थागत संरचना निर्माण भएको र क्षमता विकास भएको हुनेछ ।

३. अनुगमन, मूल्याड्कन, समन्वय र सहजीकरणका माध्यमले नतिजामा सुधार हुनेछ र मूल्याङ्कन पद्धति थप व्यवस्थित र प्रभावकारी भएको हुनेछ ।

४. शैक्षिक योजनाको प्रभावकारी रूपमा कार्यान्वयन भई समग्रमा विद्यार्थीहरूको शैक्षिक उपलब्धिसुधार भएको हुने

५. योजनाको प्रभावकारी कार्यान्वयनका लागि सबै नियकाय र सरोकारवालाहरु सँग समन्वय र सहजीकरणले कार्य क्षमतामा कुशलता प्राप्त भएको हुनेछ

## ८.५ प्रमुख क्रियाकलाप र लक्ष्यः

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य (५ वर्ष ) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | अनुगमन मूल्याङ्कन रणनीति, साधन तथा सूचक निर्माण | पटक | १ | ० | १ | ० | ० | ० | १ | निरन्तर |
| २ | नियमित अनुगमन शिक्षा शाखाबाट | पटक | ३० | ३ | ६ | ६ | ६ | ६ | २७ | ३ |
| ३ | संयूक्त अनुगमन अर्ध वार्षिक | पटक | १० | १ | २ | २ | २ | २ | ९ | १ |
| ४ | प्रतिवेदन तयारी तथा अर्ध वार्षिक र वार्षिक समीक्षा | पटक | १० | १ | २ | २ | २ | २ | ९ | १ |
| ५ | मध्यावधि मूल्याङ्कन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ६ | अन्तिम मूल्याङ्कन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ७ | शिक्षा समितिको अनुगमन | पटक | १० | १ | २ | २ | २ | २ | ९ | १ |